अन्तर्क्रियाः यो संसदीय व्यवस्थाबाट के गर्न संभव छ, के छैन ?
एमाले सरकारको नौ महिने अनुभवको आधारमा

# मूल्याङ्कन

मूल्य रु. १५।-  विचार अन्तर्क्रियामुखी मासिक  पूर्णाङ्क ३४, पुष २०५२

विशेष रिपोर्ट

## साम्राज्यवाद विरुद्ध कलकत्तामा महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलन




चे ग्वेभाराको
सन्सनीपूर्ण क्रान्तिकारी
जीवन-कथा

## श्री ५ महाराजाधिराज सरकारको स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा


**मौसूफको सुस्वास्थ्य, चीरायुको कामना गर्दछौं !**



# चिराग उद्योग समूह

मुख्य कार्यालय, पुतली सडक, काठमाडौं, नेपाल
फोन ४२१९४५, ४२०७७३ फ्याक्स नं. ९७७–१–४२०७७३

*श्री ५ महाराजाधिराज सरकारको स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य, चीरायुको कामना गर्दछौं !*



**हिमाली डिष्टिलरी उद्योग (प्रा.) लि.**
धरान (सुनसरी)



# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४. पूर्णाङ्क ३४
२०५२. पुस



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का
**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९
पो. ब. नं. ७०५०, काठमाडौं


विशेष रिपोर्ट

## साम्राज्यवादविरूद्ध कलकत्तामा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलन




५

*विभिन्न देशका वामपन्थी नेताहरूद्वारा व्यक्त विचारहरूसहित सम्मेलनको जीवन्त विवरण* साथै, नेपालको तर्फबाट प्रस्तुत भाषणको सार, सम्मेलनका निर्णयहरू, नेपालबारे भारतीयहरूको जानकारी, आयोजकहरूको व्यवस्थापन, भारतीय अखवारहरूका टिप्पणीहरूसहित

*एमाले सरकारको नौ महिने अनुभवको परिप्रेक्ष्यमा*

## संसदीय बाटोबाट के गर्नु संभव छ, के छैन ?

*क. मोहनविक्रम सिंह, क. शंभुराम श्रेष्ठ, क. माधवकुमार नेपाल र क. सन्देश एकै थलोमा !*

२६

## नेपालका वाम नेताहरूबीच प्रत्यक्ष अन्तर्क्रिया

**★ क. चे ग्वेभाराको जीवनी ★ फ्रान्समा भइरहेको यो दशककै सबैभन्दा ठूलो हड्तालको चिरफार ★ बहुदल आएपछि नेपालमा किन घट्दैछ साहित्य र कलाको महत्त्व ?**


**घटना र प्रवृत्ति**
*के राजेश्वर देवकोटालाई जिताउनु ठीक हो ?* ३६
रोल्पा र रोमछापमा राज्य आतंक ४
*क. क्यास्त्रोको चीन भ्रमण* ३९
प्रगतिशील लेखक संघको सम्मेलन ३५
*भारतमा प्रगतिशील लेखक जुट्दैछन्*
पोल्याण्डमा साँच्चै कम्युनिष्टहरू सत्तामा आएका हुन् ? ३८
*क. माओ जन्मदिवस: विचार गोष्ठी* ३८
सरकारको बढेको आकार र सांसद् सुविधा ३६

**आवरण कथा**
*साम्राज्यवादविरुद्ध कलकत्तामा अन्तर्राष्ट्रिय सम्मेलन* ५

**जीवनको झाँकी**
क्यूबाली छापामार युद्धले बतिस्ता सरकारको ढाड सेक्न थाल्यो १६

**अन्तर्क्रिया**
*के वामएकता सम्बन्धी प्रस्ताव भ्रान्तिकारी छ ? -श्याम श्रेष्ठ* २३
*थप प्रतिक्रिया -खगेन्द्र संग्रौला* ४१

**पर्दा रंगमञ्च**
*कलकत्ताको रंगमञ्चमा प्रस्तुत माइमको समीक्षा/'घाइते सार्क' नाटकको विवेचना* ११

**साहित्य/कथा**
खुसीको दिन- पुण्यप्रसाद खरेल २०

**विज्ञान/प्रविधि**
*ब्रम्हाण्डमा एक अर्को सौर्य मण्डल "५१ पेगासस" -तुलसी दास* २१

**नीति/संस्कृति**
बहुदल आएपछिको नेपालमा किन घट्दैछ साहित्य र कलाको महत्व ? -चन्द्रदेव नेपाली ३३

**आँखीझ्याल**
*अमेरिकी साम्राज्यवादका सैनिकहरू कहाँ कति छन् ?* १३
*रुसको तथ्यांकमा देखिएको डरलाग्दा दृश्यहरू* १३
*फ्रान्समा यो दशककै सबैभन्दा ठूलो मजदूर हड्ताल- दिपक वैद्य* १४

**हाम्रो मूल्यांकन** ४

**पाठकको कुरो** ४२


**आवरण फोटो : साम्राज्यवाद विरोधी कलकत्ता सम्मेलनको उद्घाटन सत्रमा कोम्सोमोलद्वारा प्रस्तुत परेडको एक दृश्य/आवरण फोटो: उषा**
**भित्री पृष्ठका फोटोहरू: उषा र एल्भीस जोशी/आवरण कला: आईडियल डिजाइनर्स, कम्प्युटर: माईक्रोचिप्स, बागबजार/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**




# रोल्पाका जनताले भिन्न विचार र आदर्श बोक्न पाउने कि नपाउने ?

हाम्रो मूल्याङ्कन

कांग्रेस, रा.प्र.पा. र सद्भावना पार्टीको सरकार सत्तामा आउने बित्तिकै उसले आफ्नो अस्तित्त्व भिन्न विचारका पार्टी र जनतामाथि निर्मम दमन गरेर जनाउन थालेको छ । त्यसको टड्कारो उदाहरण रोल्पामा उसले अहिले चलाइरहेको राज्य आतंक भएको छ ।

पूँजीवादी प्रजातन्त्रको एउटा प्रमुख विशेषता नै भिन्न विचारको अस्तित्त्वको कदर मानिन्छ । तर नेपालको व्यवहारले छर्लंग देखाइरहेको छ- यहाँ पूँजीवादी प्रजातन्त्रको झण्डा उचाल्नेहरू आफैं भिन्न विचारप्रति अत्यन्त असहिष्णु छन् । उनीहरू नेपालमा यस्तो स्थिति खोजिरहेछन्- जहाँ सके भिन्न विचारका जनता नै नहोउन्, भए भने पनि उनीहरू पटक्कै सचेत र संगठित नहोउन् । यो पूँजीवादी प्रजातन्त्रका यी कथित हिमायतीहरूको पाखण्डी प्रवृत्तिको ज्वलन्त द्योतक हो ।

रोल्पाका जनताले भिन्न विचार बोक्न किन नपाउने ? डा. बाबुराम भट्टराईको सं. जनमोर्चाले रोल्पाली जनतालाई जागरुक र संगठित गर्न किन नपाउने ? भिन्न विचार भए पनि रोल्पाली जनताहरू शान्तिपूर्वक बाँच्न किन नपाउने, आफूमाथि शोषण र अन्याय गर्नेहरूमाथि संविधानकै शोषण विरुद्धको मौलिक हक प्रयोग गरेर रोल्पाली जनताले संगठित विरोध र संघर्ष गर्न किन नपाउने ?

तर आश्चर्य, कांग्रेस, राप्रपा र सद्भावनाको गठबन्धन सरकारको आँखामा रोल्पाली जनताले भिन्न विचार र राजनीति स्वीकार्नु नै अपराध भएको छ । उनीहरू सचेत र संगठित हुन थाल्नु, उनीहरूले अन्याय र शोषणको संगठित विरोध गर्न थाल्नु नै महाअपराध भएको छ ।

युगौंसम्म रोल्पाका चुसाहा फटाहाहरूले रोल्पाली जनतालाई शोषण र अन्याय गार्दा त्यहाँ तिनीहरू विरुद्ध कुनै प्रहरी अपरेशन गर्नु परेन । तर रोल्पाली जनताले जनमोर्चाको अगुवाईमा अलिकता संगठित र सचेत भएर आफूलाई चुस्ने र अन्याय गर्नेहरूको सचेत विरोध र भण्डाफोर गर्न थाले बित्तिकै-"प्रजातन्त्रवादीहरूको" यो सरकारलाई असह्य भएको छ । त्यहाँ उनीहरूमाथि व्यापक प्रहरी अपरेशन चलाइएको छ । यो कस्तो खालको प्रजातन्त्र हो ? यो कस्तो खाले सामाजिक न्याय हो ? आखिर यो सरकार र व्यवस्था कसको ? रोल्पाका बहुसंख्यक गरीखाने चुसिएका थिचिएका जनताको कि- त्यहाँका मुठ्ठीभर बसिखाने चुसाहा, फटाहा वर्गको ? यो घटनाले छर्लंगै देखाइदिएको छ- आखिर यो सरकारले र व्यवस्थाले कसको पक्ष लिइरहेछ ?

अहिले रोल्पामा फगत भिन्न विचार बोकेको वा सचेत र संगठित भएको वा अन्याय र शोषणको विरुद्ध संघर्ष गरेको आरोपमा थुप्रै निर्दोष रोल्पालीहरू जेलको चिसो छिँडी भोगिरहेछन् । प्रहरीहरू घरघरमा पसेर यही निहुँमा लूटपाट मच्चाइरहेछन् । बच्चा, महिलाहरू र बूढाहरू समेत प्रहरी हिरासतमा चिसो हिउँदका भोका रात र यातना भोग्दैछन् । जनताका परम्परागत प्रतिरक्षात्मक हात-हतियार समेत् बलजफ्ती खोस्ने काम त्यहाँ भइरहेछ । भिन्न विचार राख्ने पार्टीलाई र जनतालाई राज्यशक्ति प्रयोग गरेर पूरै सफाइ गर्ने प्रयत्न त्यहाँ भइरहेछ । यसलाई रोल्पाली जनताको विरुद्ध पूँजीवादी राज्यको संगठित राज्यहिंसा नभनेर के भन्ने ?

हामी के माग गर्दछौं भने- यो अन्यायपूर्ण राज्यहिंसा र आतंक तुरुन्त बन्द गर्नुपर्दछ । सरकारले त्यहाँ दमन गर्न खटाएको राज्यशक्ति तुरुन्त फिर्ता गर्नुपर्छ । रोल्पाली जनताको शान्तिपूर्वक बाँच्ने, मन परेको राजनीतिक विचार र आदर्श रोज्ने, अन्यायको र शोषणको विरुद्ध संगठित हुने र संघर्ष गर्ने मौलिक अधिकारको राज्यले सम्मान गर्नुपर्दछ । अनाहकमा थुनिएकाहरूलाई, झूठा मुद्दामा फसाइएकाहरूलाई ससम्मान र विनाशर्त रिहाइ गरिनु पर्छ साथै झूठा मुद्दा खारेज गर्नुपर्दछ । थुनिएको अवधिमा भएको सम्पूर्ण हानी नोक्सानीको न्यायोचित क्षतिपूर्ति दिइनु पर्दछ । खोसिएका हतियार फिर्ता दिइनु पर्दछ ।

सरकारले के ठान्नु ठूलो गल्ती हुनेछ भने- एकथरि नेपाली जनतालाई सरकारले अन्यायपूर्वक दमन गर्दा अर्काथरि नेपालीहरू भिन्न विचारका मान्छे भनेर टुलुटुलु हेरी बस्नेछन् । नेपालमा अन्याय विरोधी वामपन्थी शक्ति कमजोर हालतमा छैन भन्ने तथ्य पनि उसले बेलैमा बुझ्ने राम्रो हुनेछ ।

यहाँनेर आम जनताबाट कटेर आम जनताको सहभागिताविनाको न्यायपूर्ण संघर्ष गर्दा पनि प्रतिक्रियावादी शासकहरूलाई दमन गर्न सजिलो पर्छ भन्ने कुरा संबन्धित नेतृत्वले पनि बुझ्नु नितान्त जरुरी छ । प्रतिक्रियावादी शासकहरूले भिन्न विचारमाथि दमन गर्न निहुँ खोजिरहेको परिस्थितिमा उनीहरूलाई दमन गर्न निहुँ प्रदान गर्ने खालको कुनै पनि उग्र प्रचार-प्रसार गर्नु वा दुस्साहसपूर्ण कुनै क्षणिक काम कारवाही गर्नु नितान्त बेठीक हुन्छ ; यसले जनताको पंक्तिमा अनावश्यक दमन र दुःख-कष्ट निम्त्याउँछ भन्ने तथ्य पनि संबन्धित पक्षले राम्ररी हृदयंगम गर्नु जरुरी छ भन्ने हामीलाई लाग्छ ।

घटना र प्रवृत्ति

## रोल्पामा दमन रोकिएको छैन

रोल्पामा गत कार्तिक तेस्रो हप्तादेखि हालसम्म पनि लगातार राज्य-आतंक कायम भइरहेको समाचार छ ।

प्रहरी र पंच एवं कांग्रेसका कार्यकर्ताहरू समेत भई खासगरी, संजमो (डा. भट्टराई) समूहका कार्यकर्ता र सर्वसाधारण जनता समेतलाई दुःख दिने, सताउने, धरपकड गर्ने, पक्राउ परेकालाई अमानवीय रुपले यातना दिने काम त्यहाँ भइरहेको छ । परम्परागत जात्रामा प्रायः हरेक साल हुने गरेका आपसी झगडालाई निहुँ बनाएर स्थानीय प्रतिक्रियावादीहरूको उक्साहट समेतमा सरकारले यो क्रुर दमन-अभियान चलाएको हो । गाउँ गाउँमा पुलिस र प्रतिक्रियावादीहरूको कमाण्डो टोली, गुप्तचरहरू र विशेष प्रहरीहरू समेत खटिएका र जनताको धनमाल लूटपाट गर्ने र घर खानतलासी गर्ने, घरेलु औजारहरू लूट्ने र कुटपीट गर्ने गर्दै हालसम्म सयौं मानिसहरूलाई थुनामा राखिएको छ ।



संजमो (डा. भट्टराई) का अनुसार गिरफ्तारमध्ये ९५% लाई पुलिस मात्र हैन, कांग्रेस र राप्रपाका लठैतहरूले पनि कुटपीट र दुर्व्यवहार गरिहेका छन् ।

खेतीको काम पूरै बाँकी रहने गरी, गाउँ गाउँ नै रित्तिने गरी गरिएको यस दमनका क्रममा जनताको औंलामा पिन घोच्ने, गुप्ताङ्गमा लठ्ठी घोचिदिने, हातखुट्टा बाँधी झुण्डाउने, आँखीभौं जलाउने, वामपन्थीहरूद्वारा जनसेवा कार्यक्रम अन्तर्गत बनाइएका सार्वजनिक निर्माणहरू भत्काउने, हवाई फायर गर्ने, घरमा आगो लगाउने जस्ता क्रूर व्यवहारहरू गरिएका छन् ।

रोल्पाको दमन र ज्यादतीलाई नेपालका मानवाधिकारवादी संस्थाहरूको एक टोलीले गाउँ गाउँमा गई निरीक्षण गरी आएका छन् । उनीहरूले सरकारको ज्यादतीको घोर विरोध गरेका छन् । संजमो (भट्टराई) समूहले यसको विरोधमा देशव्यापी कार्यक्रम गरिरहेको छ र ९ जना वामपन्थी नेताहरूले संयुक्त रुपमा यसको विरुद्ध वक्तव्य पनि निकालेका छन् । ❑



## विशेष रिपोर्ट

हरिगोविन्द लुईंटेल

फोटो उषा

# साम्राज्यवादविरुद्ध कलकत्तामा महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलन

**गत** कार्तिक २८ गते (१४ नोभेम्बर) को दिन भारतको कलकत्ता शहरका विभिन्न भागहरूबाट शहीद मिनार मैदानतिर सैयौं र हज्जारौंको संख्यामा जुलूसहरू अघि बढिरहेका थिए ।

**Downwith Imperialism Downwith !**

**-Downwith Downwith !!**

अंग्रेजीमा नाराहरू घन्किरहेका थिए ।

हातमा प्लेकार्ड र ब्यानरहरू बोकेर रेलहरूबाट र बसहरूबाट ओर्लंदै भीड अघि बढिरहेको थियो ।

# सम्मेलन :

## केही भारतीय अखवारहरूको आँखामा

कलकत्ता, नोभेम्वर १४, तीस हजारभन्दा बढी मानिसहरू साम्राज्यवाद विरोधी विश्वव्यापी आन्दोलनप्रति ऐक्यवद्धता जनाउन गत मंगलबार अपरान्ह शहीद मिनार मैदानमा जम्मा भए, जुन आन्दोलन एशिया, यूरोप, अफ्रिका र ल्याटिन अमेरिकाका थुप्रै मुलुकका समाजवादी पार्टीहरूले अमेरिकाले थोपरेको आर्थिक साम्राज्यवादका विरुद्ध संघर्ष गर्न संचालित गरिरहेका छन् । सोसलिष्ट युनिटि सेन्टर अफ इण्डियाद्वारा आयोजित चार दिने साम्राज्यवाद विरोधी सम्मेलनको उद्घाटन सत्रमा १५ देशका प्रतिनिधिहरूले विश्वलाई शोषण गर्नबाट अमेरिकालाई रोक्नका निम्ति श्रमिक वर्गका बीच अन्तर्राष्ट्रिय एकताको निम्ति आह्वान गरे ।

सम्मेलनको सभापतित्त्व गर्दै भू.पू. प्रधान न्यायाधीश तथा मानव अधिकार आयोगका भू.पू अध्यक्ष जष्टिस भी.आर. कृष्ण अय्यरले पश्चिमा पूँजीवादी–साम्राज्यवादीहरूले आपसी मिलिभगतद्वारा सधैंको निम्ति लाद्न खोजेको दासताको खतराप्रति आज आम जनता सजग हुनु जरुरी छ भन्नु भयो ।.....

यसभन्दा अघि, अपरान्हमा रुस, क्यूबा, नेदरल्याण्ड, जर्मनी, ग्रेट ब्रिटेन, इरान, टर्की, जायरे, वांग्लादेश र नेपालले विकासोन्मुख मुलुकहरूको अर्थतन्त्रमाथि अमेरिकी प्रभूत्वको विरुद्ध आवाज उठाए । उनीहरूले वर्तमानमा अमेरिका र G–7 राष्ट्रहरूद्वारा बजार कब्जा गर्न चलाइएको शीतयुद्धले अन्ततः आणविक युद्ध निम्त्याउने अपरिहार्य स्थितिको सृजना गरेकोमा चिन्ता ब्यक्त गरे ।......

——— *The Asian Age* (दैनिक)

...यहाँ साम्राज्यवाद विरोधी सम्मेलनको एउटा साझा मञ्चमा बोल्दै १४ देशका नेताहरूले भारतीय जनता र संसारभरिकै जनतालाई सार्वजनिक विरोध र आन्दोलनमार्फत् साम्राज्यवाद विरुद्ध उठ्न आह्वान गरे ।...

——— *The Statesman* (दैनिक)

...प्रतिनिधिहरूले भाग लिए । उनीहरूले आफ्ना देशहरूमा साम्राज्यवादी देशहरूको तर्फबाट भएका षड्यन्त्रहरूको चर्चा गरे । सबै वक्ताहरूले साम्राज्यवादी शक्तिका विरुद्ध जनमत तयार गर्नु र आन्दोलन गर्नु जरुरी भएको बताए ।

——— *जनसत्ता* (दैनिक)

...यो जुलूसमा विभिन्न जिल्लाहरू एवं छिमेकी राज्यहरूबाट आएका मानिसहरूको कारण आज दिनभर महानगरमा यातायत व्यवस्था अस्तव्यस्त रह्यो । खासगरी सियालदह र हावडा स्टेशनबाट आज विहानदेखि नै आउनेहरूको ताँती लागिरह्यो र त्यसको फलस्वरुप, सबै प्रमुख मार्गहरूमा सवारी साधनहरूको लामो लाइन लागिरह्यो । र्‍यालीमा भाग लिने मानिसहरू साँझ जब फर्कन लागे, एक पटक फेरि सबै वाटाहरूमा यातायात ठप्प भयो ।... ——— *सन्मार्ग* (दैनिक)



*"साम्राज्यवाद का नाश हो !*
नाश हो, नाश हो !"

हिन्दीमा नाराहरू घन्किरहेका थिए ।

यसैगरी, वंगाली भाषामा, तेलगू भाषामा, उडिया भाषामा आदि विभिन्न भारतीय भाषामा यी नाराहरू लागिरहेका थिए । सडकहरू जाम थिए ।

*"साम्राज्यवाद मूर्दावाद !*
मूर्दावाद मूर्दावाद !!
*विश्वभरिका श्रमिकहरूको एकता जिन्दावाद*
जिन्दावाद जिन्दावाद !"

त्यहाँ, नेपाली भाषामा पनि नाराहरू लागेका थिए ।

**नेपालको ४१ सदस्यीय सहभागीहरूद्वारा ,ब्यानर र प्लेकार्ड सहित यो जुलूस आयोजित थियो ।**

विशाल शहीद मिनार मैदानभरि खचाखच भरिएका जनसमुदायहरूका सामु रातो कपडाले ढाकिएको अग्लो मंचमा बाऱ्ह वटा देशका प्रतिनिधि वक्ताहरू लहरै बसेका । उनीहरूको पछाडि निर्मित अग्लो रातो फराकिलो स्तंभ । यो स्तंभ पाँच वटा तीनकुने स्तंभहरूलाई जोडेर बनाइएको देखिन्थ्यो ।


भारतको सर्वोच्च न्यायालयका भूतपूर्व न्यायाधीश तथा उक्त साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलन तयारी समितिका अध्यक्ष भि.आर. कृष्ण अय्यरको सभापतित्त्वमा भएको उद्घाटन सत्रको सो कार्यक्रम कलकत्ता विश्वविद्यालयका भूतपूर्व उपकुलपति तथा तयारी समितिका महासचिव सुशीलकुमार मुखर्जीको मन्तव्यबाट शुरु भयो । त्यतिखेर नै उहाँले हालै नाइजेरियामा लेखक किनसरो विवा र अन्य आठ जना व्यक्तिहरूलाई त्यहाँको सैनिक शासनले फाँसी दिएकोमा एकै निन्दा प्रस्ताव पढ्नु भयो । व्यापक तालीद्वारा सो निन्दा प्रस्ताव सभाले पारित गऱ्यो ।

त्यसपछि भारतीय समाजवादी एकता केन्द्र (SUCI) का ४ सय जना कम्सोमोल कार्यकर्ताद्वारा परेड र झाँकी प्रस्तुत गरियो । मंच र जनसमूहका बीचमा खाली राखिएको जमीनमा "साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलनका प्रतिनिधिलाई स्वागत" भन्ने ब्यानरसहित अगाडि बढेको सो पंक्तिवद्ध र जोशिलो परेडमा युवायुवतीहरूले "युद्ध बन्द गर", "मानवतालाई साम्राज्यावादी चालबाट बचाऔं", "बाल-श्रम बन्द गर", "शान्ति, थप युद्ध होइन" जस्ता नाराहरू लेखिएका तुल र प्ले-कार्डहरू प्रदर्शन गरेका थिए । यसै सिलसिलामा काँध काँधमा अड्याइएको काठमाथि राखेर केही युवाहरूले गोलो संसारको एउटा ठूलो प्रतिकृति (ग्लोव) लाई बोकेर ल्याए, जुन ग्लोवमाथि शान्तिको प्रतिक एउटा परेवा बसेको देखाइएको थियो । साम्राज्यवादरुपी एउटा गिद्धले पृथ्वीलाई चिथोरिरहेको देखाइएको थियो । यस जीवन्त दृश्यले सहभागीहरूमा एउटा अनौठो भावावेग भरिदियो । त्यस आवेगलाई उनीहरूले आकाशै थर्काउने गरी साम्राज्यवाद विरुद्ध नारा घन्काएर व्यक्त गरे ।

*समुद्रमा पाइने भयानक राक्षसी जनावर 'अक्टोपस'ले जस्तै यो संसारलाई गाँजिरहेको साम्राज्यवादको अन्तको शुरवात भयो !*




विदेशी प्रतिनिधिहरूमध्ये सर्वप्रथम रुसका प्रतिनिधि क. ए.पी.बरिचेभले बोल्नु भयो । उहाँले नव-साम्राज्यवादको विस्तार र आक्रमणलाई जनताको एकतावद्ध संघर्षले मात्र रोक्न सक्छ भन्ने कुरामा जोड दिनुभयो । त्यसपछि क्यूबाका प्रतिनिधि पेड्रो नोएल क्यारिल्लो अल्फोन्सोले बोल्न थाल्नु हुँदा जनसमुदायले "क्यूबा- जिन्दावाद" र "क. फिडेल क्यास्त्रो- जिन्दावाद" को



**सम्मलेनका संयोजक — पूर्व न्यायाधीश अय्यर —**

नारा घन्काए । उहाँले साम्राज्यवाद विरुद्ध भारतले लामो संघर्ष गरेको यसको इतिहासबाट हामीले सिकेर साम्राज्यवादविरुद्ध एक हुनु जरुरी छ भन्नु भयो । उहाँले क्यूबाली जनताहरू साम्राज्यवादी अमेरिकाको गिद्धे पंजामुनि नै पनि ठाडो शीर गरेर उभिरहेको कुरा पनि व्यक्त गर्नुभयो ।

जर्मनीका प्रतिनिधि क. माइकेल ओपरस्काल्स्कीले त्यसपछि बोल्दै साम्राज्यवादले सारा जनतालाई लुटिरहेछ र त्यसकारण, युद्धको बादल संसारमा मडारिइरहेको छ भन्दै आज अमेरिकी नेतृत्त्वमा विश्व-साम्राज्यवादको एक अंशको रुपमा जर्मनीले पनि क्षेत्रीय प्रभूत्ववादको भूमिका खेलिरहेको कुरा औंल्याउनु भयो ।

बेल्जियमकी क. लोना डे शेपर र नेदरल्याण्डका क. विलमान देर क्लिफले आ-आफ्नो देशको स्थिति, त्यहाँ



भइरहेका साम्राज्यवादी शोषणहरू र तिनका विरुद्ध जनताका प्रतिरोधी प्रयत्नहरूको विवेचना गर्दै विश्वस्तरमा श्रमिक एकताको महत्त्वमाथि प्रकाश पार्नु भयो ।

टर्कीका क. हासी बोज्कर्टपछि इरानका क. अरेमान अरानी, जसलाई इरानी इस्लाम कठमुल्लावादी सरकारले क्रान्तिकारी गतिविधिमा लागेवापत यातना दिने क्रममा देवे आँखा फुटालिदिएको थियो, उहाँले बोल्नु भयो ।

टर्की, उत्तरी कुर्दिस्तानकी क. सेल्मा एटरले बोल्नु भएपछि अफ्रिकी राष्ट्र जायरेका प्रतिनिधि क. के. किन्केला आफ्नो संवोधन भाषणमा विश्वभरि साम्राज्यवाद विरुद्ध आम जनता चेतनशील हुन थालेकोमा खुसी प्रकट गर्नु हुँदा सभा सिंगैले त्यस खुसीमा आफ्नो खुसी मिसाउँदै जोडदार ताली बजाएको थियो ।

वेलायतका युवा कम्युनिष्ट नेता जोन व्रिज र वांग्लादेशका कविर चौधरीपछि नेपालका तर्फबाट क. माणिकलाल श्रेष्ठले आफ्नो संवोधन भाषण गर्नुभयो ।

क. माणिकलाल श्रेष्ठले विश्वस्तरमा अमेरिकी साम्राज्यवादको अगुवाईमा भइरहेका साम्राज्यवादी शोषणको चित्र उतार्दै भारतीय विस्तारवादद्वारा क्षेत्रीय रुपमा नेपाल सताइएको विषयमा विशेष रुपले प्रकाश पार्नु भएको थियो ।

भारतको आन्ध्र प्रदेशका '९० वर्षका युवा' भनेर चिनिने स्वतन्त्रता सेनानी भि.कुमार कृष्णले बोल्नु भएपछि भारतका तर्फबाट एस.यु.सी.आई. का महासचिव क. निहार मुखर्जीले बोल्नु भएको थियो । उहाँले साम्राज्यवादका विरुद्ध लड्न आज व्यवहारिक प्रकारको विश्व-एकताको जरुरतमा जोड दिनु भयो । उहाँले विश्वमा अहिले जुझारु शान्ति आन्दोलनको आवश्यकता भएको बताउनु भयो ।

त्यसपछि इराकको कम्युनिष्ट पार्टीबाट प्राप्त र टर्कीको अर्को एउटा कम्युनिष्ट पार्टीबाट प्राप्त शुभकामना सन्देशहरू बाचन गरिए । इराकी सन्देशमा अमेरिकी साम्राज्यवादले इराकमा हाल लगाइराखेको भोजन र औषधी लगायतको क्रूर आर्थिक प्रतिबन्धबाट पैदा भएको चरम समस्याका कारण आफू सम्मेलनमा भाग लिन भारत आउन नसकेको कुरा व्यक्त गरिएको थियो भने टर्कीबाट प्राप्त सन्देशमा फ्रान्सेली साम्राज्यवादले भिसा प्रतिबन्ध लगाएको कारण आफू सम्मेलन स्थलमा आउन नसकेको ब्यहोरा पनि उल्लेख गरिएको थियो ।

उद्घाटन कार्यक्रमको अन्तिम चरणमा कार्यक्रमका सभापति भू.पू. न्यायाधीश भी.आर. कृष्ण अय्यरले ४० मिनेट लामो गहन विश्लेषणयुक्त भाषण दिनु भयो । भाषणको क्रममा उहाँले भन्नु भयो- "विश्व-साम्राज्यवादको अन्तको शुरुवात यस सम्मेलनबाट हुन गइरहेको छ । सोभियत संघको विघटनलाई देखेर समाजवादको पतन भयो भन्नेहरूलाई आजको यो हज्जारौ जनताको उपस्थितिले जवाफ दिइरहेको छ- समाजवाद ज्यूँदै छ ।"

**एस.यू.सी.आई. का महासचिव क. नीहार मुखर्जी**




# नेपाली प्रतिनिधि मण्डलका तर्फबाट

## प्रा. माणिकलाल श्रेष्ठले

## दिनु भएको भाषणका प्रमुख अंशहरू

❑ पूँजीवादको उच्चतम अवस्थाको रुपमा जुन दिनदेखि विश्व इतिहासको रंगमञ्चमा साम्राज्यवादको उदय भयो, त्यति बेलादेखि नै विश्व शान्ति र मानव जातिको प्रगतिमा यसले सबैभन्दा ठूलो खतरा पैदा गरिरहेको छ । अरु देशमा आक्रमण गर्नु र लूट मच्याउनु त साम्राज्यवादको जन्मजात स्वभाव नै हो ।

❑ अमेरिकी साम्राज्यवाद नै वर्तमान युगको सबैभन्दा बर्बर र उद्दण्ड साम्राज्यवाद भएको छ । पृथ्वीमा त्यस्तो कुनै ठाउँ छैन, जहाँ अमेरिकाले आफ्नो आक्रमणको जालो नफिँजाएको होस् । ...पचासको दशकयता आफ्नो आक्रमणकारी क्रियाकलापहरूमा अमेरिकी साम्राज्यवाद झन झन बेसी बेलगाम भएको छ ।

❑ तथापि, अमेरिकी र अन्य साम्राज्यवादका आक्रमणकारी गतिविधिहरू चुनौतीबिहीन नै भएका भने छैनन् । विशेषतः दोश्रो विश्वयुद्धको अन्तपछि थुप्रै नवोदित स्वतन्त्र राष्ट्रहरू विश्वमा देखापरे । फलस्वरुप उपनिवेश भइरहेका मुलुकहरूमा मुक्ति युद्धको प्रखर ज्वाला दन्किन थाल्यो ।

सोभियत संघको विघटनपछि र केही मुलुकमा समाजवादले धक्का खानु परेपछि अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा दुई धुर्वीय स्थितिको अन्त भएयता साम्राज्यवादको आक्रमण अरु बढी बेलगाम भएको छ ।

❑ पहिलेको प्रत्यक्ष औपनिवेशिक नियन्त्रणको सट्टामा साम्राज्यवादले अहिले लूट र नियन्त्रणको नवऔपनिवेशिक पद्धति अपनाउन थालेको छ । यो नयाँ रणनीति अन्तर्गत विभिन्न विकसित मुलुकका एकाधिकार पूँजीहरू एउटा भीमकाय संयन्त्रमा एकत्रित हुन थालेका छन्, जस्तो कि विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व व्यापार संगठन । अमेरिकाको अगुवाईमा साम्राज्यवादीहरूले राजनीतिक रुपले संयुक्त राष्ट्र संघ र यसका एजेन्सीहरूलाई आफ्नो औजारको रुपमा बदलेका छन् भने आर्थिक रुपमा उनीहरूले विश्व बैंक र मुद्राकोषलाई ऋण र त्यसका बन्धनकारी शर्तहरूमार्फत् विकासोन्मुख मुलुकहरूलाई आफ्नो जालमा फँसाउने औजारका रुपमा प्रयोग गरेका छन् । विश्व व्यापार संगठनलाई उनीहरूले अर्थतन्त्रमा आएको मन्दीलाई हल गर्ने साधनका रुपमा प्रयोग गरेका छन् ।

❑ जहाँसम्म नेपालको आफ्नै अनुभवको सवाल छ, यसले अमेरिकी साम्राज्यवादको अगुवाईमा विश्व साम्राज्यवादको खतरा मात्र भोग्नु परिरहेको छैन, हामी भारतीय एकाधिकार पूँजीको विस्तारवादबाट भइरहेको अर्द्ध-औपनिवेशिक नियन्त्रण र शोषणबाट समेत उत्पीडित भइरहेछौं ।

...यो विस्तारवादले नेपालको वनजंगल, खोलानाला लगायतका प्राकृतिक स्रोतहरूमाथि एकलौटी नियन्त्रण र लूट मच्याइरहेछ र नेपालमा अर्द्ध-औपनिवेशिक शासन चलाइरहेछ ।

❑ हाम्रो अनुभवले बताउँछ- विश्व साम्राज्यवादका आक्रमणकारी क्रियाकलापहरूका विरुद्ध विश्वका जनताहरूले संयुक्त संघर्ष गर्नुका साथसाथै आ-आफ्नो क्षेत्रीय प्रभूत्ववादी महाशक्तिको नियन्त्रण र हस्तक्षेप विरुद्ध पनि त्यस क्षेत्रका विभिन्न मुलुकका जनताहरूले एकतावद्ध भएर संघर्ष गर्नुपर्दछ । क्षेत्रीय प्रभूत्ववाद पनि विश्व साम्राज्यवाद जत्तिकै जनताको शत्रु हो ।

❑ साम्राज्यवाद विरोधी योद्धाहरूको ध्यान कतातिर पनि जानु जरुरी भएको छ भने- विश्वका पूँजीवादी साम्राज्यवादी शक्तिहरूले विश्वस्तरमा विशाल विशाल प्रचार-यन्त्रको स्थापना गरेर संचार माध्यमहरूमाथि पूरापूर एकाधिकार जमाइसकेका छन् । विशेषतः टेलिभिजनमा उनीहरूले विश्वव्यापी साम्राज्य जमाएका छन् र तेस्रो विश्वका जनतामा यसैमार्फत् उनीहरू वैचारिक सांस्कृतिक आक्रमण गर्दैछन् । श्रमिक र शोषित जनसमुदायमा, विशेषतः युवाहरूमा वैचारिक सांस्कृतिक पतन ल्याएर उनीहरू क्रान्तिको बिरुवालाई टुसामै निमोठेर स्वाहा पार्दैछन । यसको सामना गर्न जनसंचार माध्यमको अन्तर्राष्ट्रिय संयन्त्र विकास गर्नेतर्फ हामीले तत्काल कदम चाल्नु जरुरी छ । साम्राज्यवाद विरुद्ध लडिरहेका उत्तर कोरिया, क्यूबा, भियतनाम र अन्य साम्राज्यवाद विरोधी मुलुकका सरकारहरूले यस दिशातर्फ मूर्त कदम चाल्न संभव छ ।

❑ अन्तिम विश्लेषणमा, पूँजीको अन्तर्राष्ट्रियकरण र साम्राज्यवादी शक्तिहरूको विश्वव्यापी एकताको सामना साम्राज्यवादी मुलुकभित्रका श्रमिक जनसमुदाय सहित संसारभरिका साम्राज्यवाद विरोधी शक्तिहरूको अन्तर्राष्ट्रिय ऐक्यवद्धता र संयुक्त कार्यवाहीबाट गरिनु पर्छ । ...हामीले विश्वस्तरमा एउटा साम्राज्यवाद विरोधी संयन्त्र विकास गर्नेतर्फ हाम्रा सारा प्रयत्नहरू केन्द्रित गर्नुपर्छ । ❑

# सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलले के भूमिका खेलेको थियो ?

साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलनमा अन्य मुलुकहरूले जस्तै नेपाली प्रतिनिधि मण्डलले पनि उल्लेखनीय भूमिका खेलेको थियो ।

अन्तरिम चरित्रको साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय संयन्त्र यही सम्मेलनबाट बन्नु पर्छ भन्ने प्रस्ताव नेपालले राखेको थियो । बंगलादेशले पनि ठीक यस्तै सारको प्रस्ताव राखेको थियो । दुवै प्रस्तावलाई संयोजित गरेर अहिलेको सम्मेलनले अन्तरिम साम्राज्यवाद विरोधी फोरम निर्माण गर्ने प्रस्ताव पारित गरेको छ ।

विश्वभरि साम्राज्यवादले संचार क्षेत्रमा एकलौटी प्रभूत्त्व जमाएर हरेक मुलुकमा वैचारिक-सांस्कृतिक पतनको प्रक्रिया तीव्र पारिरहेको आजको परिस्थितिमा साम्राज्यवाद विरोधी शक्तिहरूले पनि प्रभावकारी अन्तर्राष्ट्रिय प्रचार-संयन्त्र विकास गर्नु पर्छ भन्ने प्रस्ताव राख्ने नेपाल नै थियो । त्यो प्रस्ताव सम्मेलनले पारित गरेको छ ।

भारतीय शासक वर्ग र ऊ जस्ता अन्य क्षेत्रीयस्तरका महाशक्तिहरू र उनीहरूका प्रभूत्त्ववादी क्रियाकलापहरूबारे घोषणपत्रमा स्पष्ट उल्लेख हुनु पर्छ भनेर प्रस्तावित गर्ने पनि नेपाल नै थियो । यो पनि सम्मेलनले स्वीकार गरेको छ ।

नेपालकै प्रस्तावमा मञ्चको मुख्य नारा संशोधित भएर निम्नानुसार भएको थियो- "हामी सबै किसिमको साम्राज्यवादी उत्पीडन र हस्तक्षेपको विरोध गर्छौं !" यसअघि साम्राज्यवादी युद्धको विरोध गर्छौं भन्ने नारा मात्र घोषणा पत्रमा उल्लेख थियो ।

घोषणापत्रमा दोस्रो विश्वयुद्धपछि देखा परेका दुई नयाँ विशेषताहरू नेपालकै प्रस्तावमा समावेश हुन गएको छ । एउटा विशेषता हो- विश्वका विभिन्न राष्ट्रका एकाधिकार पूँजीहरू अब आपसमा मिलेर निकै विशाल एकाधिकार वित्तीय पूँजी-संयन्त्र निर्माण गर्न थालेका छन् । विश्व बैंक र मुद्राकोष त्यसैको परिणाम हो । यी संयन्त्रमार्फत् ऋण र ऋणका शर्तहरूद्वारा साम्राज्यवादीहरूले विश्वका हरेक मुलुकको राष्ट्रिय बजार आफ्नो लागि खुल्ला गर्ने, बहुमूल्य प्राकृतिक स्रोत कौडीको मोलमा हात पार्ने र अविकसित मुलुकको प्रभूसत्ता समेत आफ्नो कब्जामा लिने प्रक्रिया उनीहरूले शुरु गरेका छन् ।

दोस्रो हो- प्रचार र संचार संयन्त्रको अति प्रभावकारी विश्वव्यापी जालोको विकास । यसमार्फत् उनीहरू संपूर्ण उत्पीडित वर्गलाई खासगरी युवा पुस्तालाई वैचारिक सांस्कृतिक रुपले भ्रष्ट पार्दैछन् । यी दुवै नयाँ विशेषताहरू घोषणा पत्रमा नेपालको जोडमा समाविष्ट हुन गएको छ । त्यसलाई सामना गर्ने विकल्प पनि घोषणापत्रमा औंल्याइएको छ ।

साम्राज्यवादी देशहरूबीच अन्तरविरोध चर्किएर युद्ध हुनसक्ने स्थिति छ भन्ने घोषणा पत्रको प्रस्थापना नेपालकै संशोधन प्रस्ताव मुताविक घोषणापत्रबाट हटेको छ । साथै GATT र त्यसमार्फत साम्राज्यवादले गर्न खोजेको षड्यन्त्रहरू बन्द गर्ने काम नेपालकै प्रस्तावमा घोषणापत्रमा थपिएको छ । ❑

वन्द सेसनको क्रममा नेपाली प्रतिनिधिहरू





ब्रिटिस साम्राज्यवादले खुट्टा टेक्न शुरु गरेको ठाउँ कलकत्ता शहरबाट आज विश्व साम्राज्यवाद विरुद्ध बुलन्द आवाज घन्किरहेको प्रसंग उठाउँदै उहाँले भन्नु भयो- "साम्राज्यवादको मूल हतियार आज बहुराष्ट्रिय कम्पनीं भएको छ ।" साम्राज्यवादी प्रभुत्त्वको उदाहरण दिंदै उहाँले थप्नु भयो- "यी कम्पनीहरूले आज नीमको पातलाई लिएर मात्रै पनि ३० वटा एकाधिकार (प्याटेन्ट) गराएका छन् । यदि तपाईंले नीमको पातको उपयोगबारे कुनै प्रयत्न वा परीक्षण गर्नु भयो भने तपाईं विरुद्ध उनीहरू मुद्धा हाल्नेछन् र तपाईंलाई अमेरिकी अदालतले पारित गरेको कुनै कानूनी प्रावधान देखाउने छन् ।"

आफ्नो भाषणको अन्तमा उहाँले भन्नु भयो- "म संपूर्ण उत्पीडित देशहरू र जनताहरूलाई एकतावद्ध हुन र एकतावद्ध भई साम्राज्यवादका विरुद्ध लड्न आह्वान गर्दछु । तपाईं मार्क्सवादी वा गैरमार्क्सवादी जे हुनुहोस्, तपाईंले आफू र आफ्नो देशलाई पराईको क्रूर लूटबाट बचाउनु जरुरी छ । यसका निम्ति साम्राज्यवाद विरोधी लडाइँमा तपाईं सामेल हुनै पर्छ ।"

न्यायाधीश कृष्ण अय्यरको भाषणसँगै खुला उद्घाटन समारोह समाप्त भयो ।

अन्तमा, झमक्कै साँझ परिसकेको त्यो समयमा एक पटक पुनः साम्राज्यवाद विरोधी नाराहरू गुञ्जिए । ६० औं हजारको विशाल भीडले लामो कार्यक्रममा झमक्क रात पर्दा पनि पछिसम्म बसेर देखाएको धैर्य र अनुशासन प्रशंसनीय थियो । त्यत्तिकै प्रशंसनीय थियो- कार्यकर्ताहरूको अनुशासन, जुझारूपन र व्यवस्थापन । कार्यक्रममा महिला सहभागिता निकै उल्लेखनीय र उत्साहप्रद थियो । विपक्षी पूँजीवादी पत्रिकाहरू समेतले आमसभाको उपस्थिति विशाल भएको र त्यो ३० हजारभन्दा बेसी भएको उल्लेख गरेका थिए ।

# नेपालको बारेमा भारतीयहरूलाई कम कुरा मात्र थाहा छ

*क. माणिकलाल श्रेष्ठले उद्घाटन भाषणको क्रममा नेपालको स्थिति र खासगरी भारतीय एकाधिकार पूँजीको विस्तारवादी रबैयाले नेपाल सताइएको कुरामाथि प्रकाश पार्नु भएपछि दर्शक दीर्घामा रहेका तीन जना दक्षिण भारतीय प्रतिनिधिहरूले यस प्रतिनिधिसित "नेपालले त यस्तो स्थिति पो भोग्नु परिरहेको रहेछ त !" भनी आश्चर्य व्यक्त गर्दै विस्तृतमा नेपालबारे जान्ने जिज्ञासा व्यक्त गरे । नेपालबारे भारतीय बौद्धिक वर्गमा अत्यन्त कम मात्र जानकारी रहेको कुरा गर्दा दुई जना बंगाली प्रतिनिधिहरूले पनि स्वीकार्दै भन्नु भयो- "हामी पश्चिम बंगालवासीहरू, नेपालसँग सीमाना नै जोडिएकाहरूलाई समेत नेपालबारे कम थाहा छ भने दक्षिण भारतका मित्रहरूलाई कति थाहा होस् !"*

*वास्तवमा, जति कुरा नेपालमा हामी भारतबारे जानकारी हासिल गर्दछौं, त्यसको एक अंश पनि भारतीयहरूले नेपाल-बारे जान्ने माध्यम नै छैन । भारतीय पत्रपत्रिकाहरू, रेडियो, टि.भि., फिल्म आदिद्वारा जसरी हामीकहाँ भारतबारे सूचनाहरूको ओइरो लागेको छ, नेपालबारे भारतमा त्यसको एक अंश पनि सूचनाहरू पुगेका छैनन् । नेपाली पत्रिकाहरू, कुनै पनि, सीमित रुपमा भारतमा नेपाली मूलका व्यक्तिहरूमा बाहेक अन्यत्रका व्यक्तिहरूमा पुग्दैनन् । कतिपय अवस्थामा त व्यक्तिगत रुपमा लगिएका नेपाली प्रकाशनहरू पनि भारतीय प्रहरीहरूले खोसेका उदारणहरू निकै पाइन्छन् ।*

*आफ्नो पूर्व अनुभव संझदै क. पद्मरत्न तुलाधर भन्नु हुन्छ- "२०४५ सालमा भारतले नेपालमाथि आर्थिक नाकावन्दी लगाउँदाको बेला नेपाललाई परेको मर्काबारे प्रचार गर्न, भारतका बौद्धिकहरूसँग भेटघाट गर्न भारतका विभिन्न ठाउँमा जाँदा हामीले पायौं- नेपालबारे भारतीय बौद्धिक वर्गमै समेत अत्यन्त कम ज्ञान छ वा कतिपयले त भारतका केही पूर्वाग्रही पत्रिकाले लेख्ने गरेका झूठा जानकारीको आधारमा पो आफ्नो गलत धारणा बनाइरहेका पनि रहेछन् ।"*

*वास्तवमा, आज पनि स्थितिमा खासै ठूलो भिन्नता आएको छैन ।*

*त्यसैले, भारतीय जनतासम्म र विश्व जनमतसमक्ष नेपाल र नेपाली जनताका यथार्थहरू पुऱ्याउने नियमित बाटो नेपालले खोज्नै पर्ने देखिन्छ । यो अन्तर्राष्ट्रिय सम्मेलनमा त्यो काम केही मात्रामा भएको छ ।* ❑

## एस.यु.सी.आई.को व्यवस्थापन

कलकत्ता-सम्मेलनको अयोजनाका निम्ति भि.आर. कृष्ण ऐयरको अध्यक्षतामा साठी सदस्यीय एक तयारी समिति गठन भएको थियो । यसमा भारतका प्रायः सबै प्रान्तका प्रवुद्ध व्यक्तिहरू- शिक्षाविद्, लेखक, विश्वविद्यालयका भू.पू. उपकुलपतिहरू, प्राध्यापकहरू, स्वतन्त्रता सेनानीहरू, समाजसेवीहरू, भू-तत्त्वविद्, मजदूर नेता, डाक्टर, मानव अधिकार कार्यकर्ता, पत्रकार, कलाकार, वैज्ञानिक आदि समावेश भएका थिए । यसरी बौद्धिक क्षेत्रका प्रायः सबै पक्षका व्यक्तिहरूको सहमति र सक्रियता निकै प्रशंसनीय देखिन्थ्यो ।

सम्मेलनलाई सांगठनिक रुपले सघाउने काम भारतीय समाजवादी एकताकेन्द्र (एस.यु.सी.आई.) ले गरेको थियो । भारतभर पोष्टर, तुल, होर्डिङ्ग वोर्ड, गेटहरू तथा वालिङ्ग आदि र पर्चा, पुस्तिका आदिको माध्यमद्वारा व्यापक रुपमा गरिएको प्रचार-प्रसार प्रभावकारी देखिन्थ्यो । आयोजनाका ब्यहारिक-प्राविधिक पक्षहरूमा एस. यु. सी. आई. का नेता- कार्यकर्ताहरूको व्यवस्थापन कुशलता र अनुशासन समग्रमा उच्चकोटीको देखिन्थ्यो । साधारणभन्दा साधारण स्वयंसेवक कार्यकर्ता पनि आफ्नो जिम्मेवारीमा निकै गंभीर र दृढ देखिन्थे । व्यवस्थापनमा महिलाहरूको सहभागिता प्रशंसनीय थियो । ❑

### बन्द सेसन

भोलिपल्ट विहान १०:२० बाट युनिभर्सिटी इन्स्टीच्यूट हलमा बन्द सेसन शुरु भयो । एक हजार जनाभन्दा बढी प्रतिनिधि र पर्यवेक्षकहरू समावेश भएको बन्द सेसन लगातार तीन दिनसम्म चलेको थियो ।

सर्वोच्च अदालतका भू.पू. न्यायाधीश भि.आर. कृष्ण अय्यरद्वारा नै उद्घाटित सो बन्द सत्रको शुरुवात "हामी जित्ने छौं" भन्ने अन्तर्राष्ट्रिय समूह-गीतबाट भएको थियो । विश्वमा अमेरिकी साम्राज्यवादले गलत सूचनाहरूको मिसिसिपी नदी (मिसिसिपी अफ मिसइन्फरमेशन) बगाएको वर्तमान समयमा अन्तर्राष्ट्रिय रुपमा उत्पीडितहरूले आपसी आदान-प्रदान गर्नु जरुरी छ भन्ने विचार उहाँले राख्नु भयो ।

टर्की, बेलायत, जर्मनी, इजरायल, प्यालेष्टाइन, पोर्चुगल, अष्ट्रेलिया आदि देशका वामपन्थी पार्टीहरूको शुभकामना पत्रहरू पढेर सुनाइएपछि कार्यक्रमका संचालक एवं सम्मेलन तयारी समितिका महासचिव सुशीलकुमार मुखर्जीले भारतको स्वतन्त्रता आन्दोलनताका राष्ट्रवादी नेताहरूले जोड दिने गरेको "जनतालाई संगठित गर, शिक्षित गर र आन्दोलित गर" भन्ने नाराको उल्लेख गर्दै साम्राज्यवादविरुद्ध उक्त सम्मेलनको मस्यौदा प्रस्ताव पढेर सुनाउनु भयो ।

इरानका क. अरमान अरानी






शहीद मिनार मैदानमा देशी-विदेशी प्रतिनिधिहरूको सहभागितामा यसरी सम्मेलन शुरू भयो ।

प्रस्तावमाथि आफ्ना सुझाव र मन्तव्यहरू प्रस्तुत गर्ने क्रम भारतका आन्ध्र प्रदेश, गुजरात र कर्णाटकका वरिष्ठ विद्वान वक्ताहरू क्रमशः भी. गोपालन नैयर, यशवन्त शुक्ला र एच.एस. दोरेस्वामीबाट शुरु भयो ।

जर्मनीका क. ओपरस्काल्स्कीले अमेरिकी साम्राज्यवादले आफ्ना जनता र विश्वभरिकै मानवताको शोषण गरेर वर्षको ३२ अरब डलर रकम षड्यन्त्रकारी जासूसी संस्था सि.आई.ए. को निम्ति खर्च गरिरहेको कुराको भण्डाफोर गर्दै विस्तृत विश्लेषणयुक्त आफ्नो लामो कार्यपत्र प्रस्तुत गर्नु भयो ।

उपस्थित बाँकी सबै देशका प्रतिनिधिहरूले बोल्नु भएको सो सेसनमा क्यूबाका प्रतिनिधिले "क्यूबालाई बहुराष्ट्रिय कम्पनीहरूको टेवाको जरुरत छैन, हामी त संसारभरका श्रमिक जनताहरू र क्रान्तिकारी जनताको मायाँ र भरोसा चाहन्छौं" भन्नु हुँदा सभाले न्यानो तालीको गड्गडाहटले उहाँको यस भनाइप्रति ऐक्यवद्धता जनायो । यसैगरी, रुसी प्रतिनिधिले आफ्नो पार्टी र पार्टी नेतृ क. निना आन्द्रेयवाको तर्फबाट सभालाई शुभकामना दिंदै "हामी हाम्रो देशमा पुनः सोभियत संघको स्थापना गरेरै छाड्छौं" भन्ने दृढता व्यक्त गर्दा पनि सभाले त्यस्तै न्यानो स्वागत गरेको थियो ।

उहाँले आफ्नो पार्टी पूर्वसोभियत संघका प्रायः सबै क्षेत्रमा संगठित भएको जानकारी दिनु हुँदै साम्राज्यवादीहरूले रुसमा अपराधी येल्तसीनसँग मिलेर देशलाई चुसिरहेको कुरा पनि व्यक्त गर्नु भयो ।

वेलायती कम्युनिष्ट नेता जोन व्रिजले "अंग्रेजी भाषा साम्राज्यवादीहरूले फैलाएको भाषा हो, यसलाई यसरी यो सम्मेलनको भाषा बनाएर साम्राज्यवादकै विरुद्ध प्रयोग गर्नु भएकोमा एउटा न्यायप्रेमी व्यक्तिको हैसियतले मलाई खुसी लागेको छ" भनी भन्नु भएको प्रसंगले पछिका केही स्थानीय वक्ताहरूलाई भाषाका बारेमा आफ्ना रायहरू व्यक्त गर्न लगायो । खासगरी, शिक्षाविद् सुरेन्द्र सन्यालले अंग्रेजी भाषा ब्रिटिश साम्राज्यले ल्याएको भाषा हो, तर यो साम्राज्यवादी भाषा होइन भन्नु भयो । भारतमा संभ्रान्त वर्गले मातृ भाषाको वकालत गर्ने तर आफ्नो छोरा छोरीहरूलाई भने अंग्रेजी भाषाबाटै पढाउने गरिरहेको कुरा व्यक्त गर्दै यस भाषालाई पनि उत्पीडितहरूको संघर्षको निम्ति साझा भाषा बनाएर उपयोग गर्न सके राम्रै हुने राय उहाँले व्यक्त गर्नु भयो ।

इरानको श्रमिक पार्टी "राहे कारगर" का नेता अरेमान अरानीले घोषणा पत्रको मस्यौदाका दुई प्रस्थापना गलत भएको राय व्यक्त गर्नुभयो । एउटा, इरान आर्थिक नाकावन्दीमा छ भन्ने प्रस्थापना । इरान वास्तवमा कहिल्यै नाकावन्दीमा थिएन भन्ने उहाँको भनाइ थियो । अर्को, क्यूबाको सवालमा । क्यूबाको मामलामा संयुक्त राष्ट्र संघ कहिल्यै रबर स्ट्याम्प भएको छैन; संयुक्त राष्ट्र संघले नाकाबन्दी हटाउनु पर्छ भनेर बकाइदा प्रस्ताव पारित गरेको छ, तर अमेरिकाले पालना नगरेको मात्र हो । उहाँले साम्राज्यवादको अहिलेको चरित्र र क्रियाकलापबारे प्रकाश पार्नु भयो र यो सम्मेलनमा भारतकै अन्य वाम पार्टीहरूलाई नडाकेकोमा आयोजकहरूको आलोचना गर्नु भयो । यस्तो गऱ्यो भने "साम्राज्यवाद विरोधी मंच साँघुरो हुन जान्छ" भन्ने उहाँको राय थियो ।

बेल्जियमकी क. लिना र नेदरल्याण्डका क. वील भान दर

जर्मनीका क. ओपर्स्काल्स्की



वेलायतका क. जोन व्रिज





उद्घाटन सत्रमा उपस्थित देशी-विदेशी प्रतिनिधिहरूको विशाल भीड

क्लीकले संशोधनवादले साम्राज्यवाद विरुद्ध सच्चा संघर्ष नृगर्ने कुरा व्यक्त गर्दै क्रान्तिकारी सिद्धान्तको पक्षमा आवाज उठाउनु भएको थियो।

बेल्जियमबाट बेल्जियम श्रमिक पार्टीकी नेतृ क. लिना द शेपरले आफ्नो कार्यपत्रमा पूर्व युगोस्लाभियाको विभाजन र अहिलेको लडाइँ मूलतः जर्मन साम्राज्यवाद र बेल्जियमको स्वार्थले सिर्जेको विभाजन र लडाइँ हो भन्नु भयो। त्यहाँ उनीहरू कसरी लूट मच्चाउँदैछन् भन्नेबारे उहाँले विस्तृत विवरण पेश गर्नु भयो। "साम्राज्यवाद विश्वव्यापी भएको छ, त्यसैले समाजवाद एउटा देशमा मात्र दिगो रुपमा टिकाउनु साह्रै मुश्किल छ। अतः विश्व समाजवादबारे सोचिनु पर्छ- जसरी साम्राज्यवादीहरू विश्व साम्राज्यवादबारे सोचिरहेछन्" उहाँले भन्नु भयो।

सो सेसनमा जायरेका प्याट्रोटिक फ्रण्टका नेता क. किण्केलाले "हामी साम्राज्यवाद विरोधी र मार्क्सवाद विरोधी दुवै एकसाथ हुन सक्छौं ?" भनी प्रश्न गर्नु भयो। उहाँले घोषणा पत्रको मस्यौदामा सुधारवादी प्रस्तावहरू छन् भन्दै वास्तविक कम्युनिष्ट पार्टीले नै साम्राज्यवाद विरोधी लडाइँको मुख्य कोरको भूमिका खेल्न सक्छ भन्ने विचार राख्नु भयो।

टर्कीकी क. सेल्मा एटरले संशोधनवाद र मार्क्सवाद बिलकुल भिन्न कुरा हुन् भन्दै उत्पीडित जनताको निम्ति आज नौलो जनवादको पक्षमा लाग्नु र साम्राज्यवादको मुकाबिला गर्नु जरुरी भएको राय व्यक्त गर्नु भयो। "साम्राज्यवाद विरोधी मंच सुधारवादी होइन, क्रान्तिकारी चरित्रको हुनुपर्छ"- उहाँको विचार यस्तो थियो।

क.सेल्माको विचार थियो- "साम्राज्यवादविरुद्धको लडाइँ घनिष्ठ रुपले अवसरवादविरुद्धको लडाइँसित संबन्धित छ। साथै महिला मुक्तिको निम्ति गरिने लडाइँबिना साम्राज्यवाद विरोधी लडाइँ पूरा हुन सक्दैन।"



बेल्जियमकी क. लोना डे शेपर

घोषणपत्रको विचारसित आफ्नो पार्टीको विचार आधारभूत रुपले भिन्न देखिएकोले उहाँले सम्मेलनमा पर्यवेक्षकको रुपमा मात्र भाग लिने आशय व्यक्त गर्नु भयो।

वांग्लादेशको समाजवादी पार्टीका नेता क. खलेकुजमानले एउटा केन्द्रीय, व्यापक चरित्रको र अन्तरिम प्रकारको साम्राज्यवाद विरोधी मंच यही सम्मेलनले सिर्जना गर्नुपर्छ भन्ने प्रस्ताव राख्दै क्षेत्रीयस्तरमा पनि साम्राज्यवाद विरोधी समितिहरू बनाउनु पर्ने विचार आफ्नो भाषणमा प्रस्तुत गर्नु भयो। उहाँले केही महत्त्वपूर्ण दिनहरू छुट्याउने र ती दिनहरू दिवसका रुपमा विश्वभरि मनाउने प्रस्ताव पनि राख्नु भयो। जातिवाद र साम्प्रदायिकताको विरुद्ध नलडी साम्राज्यवाद विरुद्ध लड्न सकिन्न भन्ने राय पनि उहाँले व्यक्त गर्नु भयो।

भारतका विभिन्न प्रान्तबाट आउनु भएका विद्वान वक्ताहरूको क्रममा विहारका एच.एन. प्रसाद, आर. पाण्डे दिल्लीका मनोरंजन मोहन्ती, मध्य प्रदेशका एच.डि. मिश्रा, पंजावका जष्टीस अजितसिंह भेन्स, हरियाणाका वेदपाल, बंगालका विनोद जाना आदिले विभिन्न कोणबाट साम्राज्यवादी उत्पीडनको चित्रण र त्यसविरुद्ध लड्नु पर्ने राय व्यक्त गर्नु भयो। आन्ध्र प्रदेशका प्रा. हरगोपालले अमेरिकामा महिला वैज्ञानिकहरू नगण्य भएको उदाहरण दिँदै त्यसको वास्तविक अप्रजातान्त्रिक अनुहारको विवेचना गर्दै भन्नु भयो- "वास्तवमा अर्थतन्त्रमा चाहिं हरेक देशमा स्थानीयकरण हुनुपर्ने हो र अन्य मानवीय सन्दर्भहरूलाई चाहिं विश्वव्यापी गरिनु पर्ने हो। तर अमेरिकी साम्राज्यवाद यसको ठीक उल्टो गरिरहेछ।"

डा. पि.के. सेनले विगतमा भियतनाम युद्धताका कलकत्तामा "आमार नाम तुमार नाम- भियतनाम भियतनाम !" भन्ने नारा लाग्थ्यो भन्ने प्रसंग उल्लेख गर्दै आज पनि साम्राज्यवाद विरुद्ध सबै देशका न्यायप्रेमी जनताहरू एक हुनुपर्ने राय व्यक्त गर्नु भयो।

महाराष्ट्रका प्रा. श्रीनिवास खण्डेवालले संसारभर साम्राज्यवादले उपभोक्तावाद फैलाइरहेको तर्फ इंगित गर्नु भयो भने अर्का भारतीय वक्ता समर वाग्चीले आफ्नी सानी निर्दोष नातिनीलाई समेत साम्राज्यवादले संचार माध्यमद्वारा प्रभावित गरेर पूँजीवादी ढाँचाको व्यक्तिमा बदलिरहेको उदाहरण दिँदै साम्राज्यवादी संस्कृतिका विरुद्ध

बाँकी ३८ पेजमा

टर्कीका क. हासि बोज्कर्ट



जायरेका क. किम केला



## यस सम्मेलनले मूल रुपमा निम्न प्रस्तावहरू पारित गऱ्यो

### सांगठनिक कार्यहरूबारे पारित प्रस्तावहरू

❑ विभिन्न मुलुकहरूमा उपयुक्त माध्यमद्वारा साम्राज्यावाद विरोधी मञ्च बनाउन पहलकदमी लिने। यी मञ्चहरूलाई यथासंभव व्यापक बनाउने। साझा सम्मतिका आधारमा यस्ता मञ्चका कार्यक्रमहरू तय गर्ने।

❑ राष्ट्र राष्ट्रका मञ्चहरू वा पहलकर्ताहरू मिलेर क्षेत्रीय स्तरमा पनि साम्राज्यवाद विरोधी मञ्च संगठित गर्न पहल गर्ने।

❑ अन्तर्राष्ट्रिय स्तरमा हालको लागि यस अन्तर्राष्ट्रिय सम्मेलनद्वारा अन्तरिम साम्राज्यवाद विरोधी मञ्च निर्माण गर्ने। यो सम्मेलनको तयारी समितिले विभिन्न देशका प्रतिनिधि र साम्राज्यवाद विरोधी शक्तिहरूसित सल्लाह र सम्पर्क गरेर त्यस अन्तरिम साम्राज्यवाद विरोधी मञ्चमा रहने व्यक्तिहरू तय गर्ने।

❑ विभिन्न मुलुकका साम्राज्यवाद विरोधी संगठनहरू र यो मञ्चले आपसी सम्पर्कद्वारा एउटा स्थायी साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय संगठन विकास गर्न प्रयत्न गर्ने, जसले विभिन्न मुलुकका साम्राज्यवाद विरोधी संघर्ष र क्रियाकलापहरूलाई संयोजन गरोस्।

❑ सम्पूर्ण साम्राज्यवाद विरोधी संगठन र मञ्चको आधारभूत सोच निम्न हुनुपर्छ : "हामी अन्यायपूर्ण साम्राज्यवादी हस्तक्षेपहरू र प्रभुत्त्ववादको विरोध गर्दछौं।" ❑

# पटक्कै नबोलेर पनि सबै कुरा संचार गर्न संभव !

हरिगोविन्द लुईंटेल



भारत का विभिन्न प्रान्तहरूबाट र विदेशबाट आएका प्रतिनिधिहरूले खचाखच भरिएको कलकत्ताको यूनिभर्सिटी इन्स्टिच्यूट हलमा "साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलन" को अन्तिम दिन गत मंसिर १ गते साँझ "माइम शो" को आयोजना गरिएको थियो ।

माइम (MIME) अभिनय- नाट्य क्षेत्रको त्यस्तो शैली हो, जसमा कलाकारहरूद्वारा मौन अभिनयको माध्यमले सबै कुरा दर्शकसामु प्रस्तुत गर्ने गरिन्छ । स्टेजमा पात्रद्वारा हाउभाउ र संकेतले आफूले चित्रण गर्न लागेको परिवेशको पनि काल्पनिक तर सजीव चित्र यसमा उतार्ने गरिन्छ । रंगमंचमा पटक्कै केही सामग्री पनि नराखी अभिनय गर्ने वा केही सीमित वस्तुहरू, जस्तो- बस्ने मेच, या दरी या फोनको रिसिभर आदि राखी बाँकी कुराहरू चाहिं अभिनयमार्फत प्रस्तुत गर्ने,- यी दुई खाले शैलीहरू माइममा प्रयोग हुने गरेका छन् ।

यहाँ विवेचना गरिन लागिएको उक्त "माइम शो" मा भने रंगमंचमा कलाकार मात्रको उपस्थिति थियो । सडक, कोठा, मेच, बेञ्च, हथौडा, कोर्रा, डोरी, स्याउ आदि सबै कुरालाई कलाकारहरूले अभिनय, इशारा र संकेतद्वारा मंचमा प्रदर्शन गरे ।

कलकत्ताको प्रशिद्ध "मौर्डन माइम सेन्टर" द्वारा सौजन्यस्वरुप तयार गरिएको सो कार्यक्रम भारतका चर्चित माइम कलाकार कमल नास्करद्वारा प्रस्तुत गरिएको थियो । अभिनयमा पनि प्रमुख भूमिका उनकै थियो । साथमा अर्की कलाकार महिला थिइन् ।

उक्त "माइम शो" मा तीन वटा शीर्षकहरू अन्तरगत अलग अलग तीन वटा माइमहरू प्रस्तुत गरिएकोमा सबैभन्दा प्रभावकारी थियो- अंग्रेज साम्राज्यवाद विरुद्ध बंगालका प्रथम शहीद खुदीराम बसुका अन्तिम दिनहरूको चित्रणयुक्त माइम ।

अंग्रेजहरूका विरुद्ध खुदीराम सडकमा मुठभेड गर्छन् । उनलाई पुलिसले पक्रन्छ र जेल पुऱ्याउँछ । निर्ममतापूर्वक उनलाई कोर्रा लगाइन्छ । आफूलाई माफी माग्ने सल्लाह दिने अंग्रेज अफिरसको मुखमा उनी थुकिदिन्छन् । त्यसै कारण उनीमाथिको दमन झन चर्को हुन्छ । उनलाई मृत्युदण्ड दिने निर्णय हुन्छ । अन्तिम क्षणमा उनी भारतको नक्शा हेर्दै हतकडीले बाँधिएको हातले उक्त नक्शालाई छातीमा लगेर टाँस्छन् । जमीनको माटो उठाएर टाउको र छातीमा लगाउँछन् । आफ्नै हातले आफ्नो घाँटीमा फाँसीको फन्दा लगाउँदै हाँस्दै उनी "भारत माता" को स्वतन्त्रताको नारा लगाउँदै फाँसीमा लट्किन्छन् ।

यो ऐतिहासिक कथावस्तुलाई कलाकार कमल नास्कर अत्यन्त कुशलतापूर्वक मौन-अभिनयद्वारा प्रस्तुत गर्न सफल देखिन्थे । उनको अभिनय क्षमताको प्रखरताकै कारणले गर्दा हो- दर्शकहरू रित्तो रंगमंचमा कहिले सडकको र कहिले जेलको परिवेशको जीवन्त अनुभव गर्थे । एकै व्यक्तिले खुदीराम बसुका अतिरिक्त अंग्रेज अफिसरको र पुलीसहरूको पनि अभिनय गरेको सो प्रस्तुतिमा अन्तिम दृश्य त अझ मार्मिक र स्वाभाविक थियो । खुदीरामले भारतको स्वतन्त्रताको पक्षमा नारा लगाएको मौन-अभिनय र एकैछिनमा उनी फाँसीमा झुण्डिएको, उनको जीउ केही

महिलामाथि भइरहेको अत्याचारको मौन अभिव्यक्ति



शहीद खुदीरामको आक्रामक मुद्रा



बेर हल्लिएको र पछि हल्लिनछोडेको, पासोले घाँटी तन्काएको एकदमै दुरुस्त थियो। मानौं, त्यहाँ खालि हावा हैन, साँच्चिकै डोरीको फाँसी नै झुण्ड्याइएको थियो र डोरीले घाँटीलाई साँच्चै छड्के पारेर माथितिर तन्काएको थियो।

यसभन्दा अगाडिको माइममा महिलाहरूको वर्तमान स्थितिबारे चित्रण गरिएको थियो। महिलालाई हत्कडी लगाएर हातलाई माथि किलामा बाँधिएदिएर, कोर्रा लगाएर, उसको वरिपरि पर्खाल लगाइदिएर पुरुष बाहिर निस्कन्छ। बन्द पर्खालभित्र ऊ समय समयमा महिलालाई खाने कुरा दिन र भोग गर्न आउँछ। फेरि ताल्चा मारेर जान्छ। महिला अल्मलिन्छे। ऊ पुरुषको मायाँको भ्रममा पर्छे र खुशी हुन्छे। तर पछि उसले वास्तविक कुरा बुझ्छे र जोडबल गरेर पर्खाल भत्काएर ऊ स्वतन्त्र हुन्छे। पछि पुरुष आइपुग्छ र पुरुषसँगै काँधमा काँध मिलाएर ऊ खुशीपूर्ण जिन्दगी बाँच्न थाल्छे।

अर्को माइम चाहि एउटा कलाकारले आफूले ठूलो मिहेनत गरेर बनाएको मूर्ति अरुलाई बेच्नुपर्दा कलाकारको मनमा पर्ने मनौवैज्ञानिक चोट र द्वन्द्व प्रस्तुत गर्नमा केन्द्रित थियो। कमल नास्कर कलाकार बनेका थिए र महिला कलाकार मूर्ति बनेकी थिइन्।

उनले मूर्तिको रुपमा एउटा जड मूर्तिको जुन अभिनय गरिन्, त्यस क्रममा उनी डोरीले तान्दा ढलेको, ढल्दा पनि नखुम्चिकन ढलेको र लामो समयसम्म उनले आँखा झिम्म पनि नगरेको दृश्यले दर्शकहरूलाई निकै प्रभावित गरेको थियो। यस्तो प्रतीत हुन्थ्यो- मानौं, उनी वास्तवमै मूर्ति हुन्।

उक्त माइम प्रदर्शनीमा समग्रमा कलाकारको दक्षता एवं प्रकाश संयोजन जत्ति उत्कृष्ट थियो, महिला मुक्ति संबन्धी प्रस्तुतिमा भने विषयवस्तुको समग्रता त्यति उत्कृष्ट रहन नसकेको अनुभूति हुन्थ्यो।

नारीहरूलाई पुरुषको शोषणको फन्दामा फसाइएको चित्रण र नारीको मनमा परेको भ्रम, त्यस भ्रमको विस्तारै पर्दाफास भएको र नारीले नै आफैं संघर्ष गरेपछि मात्र मुक्ति मिलेको चित्रण यसमा राम्रो रहेको थियो। मुक्तिपछि पनि पुरुषको विरुद्ध हैन, पुरुषसँगै समाजको रथको दुई पांग्रा भएर दुवै मिलेर बाँचेको दृश्य पनि सोद्देश्य र प्रभावकारी थियो। तर यसमा कमी देखियो- नारीमुक्ति आन्दोलन प्रतीकात्मक रुपले समग्र उत्पीडितहरूको आन्दोलनसँग नजोडिनु। नारी एक्लैले एउटा पर्खाल भत्काउँदैमा समाज परिवर्तन हुन्न। यस निम्ति संगठित र एकतावद्ध प्रयत्न जरुरी हुन्छ। यो कुरा चाहिं माइममा सँगेटिन सकेन। ❑

# घाइते सार्क

**क्यूबाली नाटक**



'आहतो हान्नार' नाटकमा कलाकार मानशी राय वृद्धा मारियाको भूमिकामा, जसका क्रान्तिसमर्थक पति पसिद्ध डाक्टर बाल्कानोको सिपालु हात काटिदिने षडयन्त्र प्रतिकृयावादीहरूले गर्छन्

**का**र्तिक ३० गते कलकत्तामा साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलन हलमा साँझ एउटा पूर्णाकी नाटक प्रस्तुत गरिएको थियो। क्यूबाको क्रान्तिको अन्तिम समयतिरको साम्राज्यावाद विरोधी क्यूबाली संघर्षको घटनामा आधारित सो बंगाली नाटकको शीर्षक थियो- आहतो हान्नार (घाइते सार्क)।

अमेरिकी साम्राज्यवादको आडमा टिकेको तात्कालीन प्रतिक्रियावादी बतिस्ता सरकारको दमनतन्त्र, क्रान्तिकारीहरुको त्याग र दृढताको चित्र त्यस नाटकमा उतारिएको थियो। कसरी त्यतिबेर सरकारी पदमा काम गरिरहेका व्यक्तिहरू पनि भित्रभित्रै क्रान्तिकारीहरूप्रति सहानुभूति राख्थे भन्ने कुरा पनि यसमा दर्शाइएको थियो।

भोला दत्तद्वारा लिखित तथा अजन्ता घोषद्वारा निर्देशित उक्त नाटकमा आयोजक संस्था 'चरनिक' को व्यवस्थापन पक्ष र कलाकारहरू प्रभात सिक्डर, अरूण घोष, समर मजुमदार, आलोक दत्त, विश्वजितसेन गुप्ता, सुकुमार कर्माकार, प्रबीर बाग्ची, मृत्युंजय राय, मानशी राय, अजन्ता घोष, अनुपमा डे, संजीव भट्टाचार्य, अमिताभ चटर्जी, प्रवीर बानिक, नारायण हल्दर आदिको अभिनय पक्ष समग्रमा अत्यन्त प्रभावकारी थियो। तर विदेशी दर्शकहरूलाई भाषा नबुझ्नुको समस्या भने परेको थियो। ❑

*नाटककी निर्देशिका एवं कलाकार अजन्ता घोष*



श्री ५ महाराजाधिराजको
स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य, चीरायुको कामना गर्दछौं !

गण्डकी नुडल्स (प्रा.) लि.
परिवार

# रुसको तथ्यांकमा देखिएको डरलाग्दो दृश्य

❑ १९९१ को अन्तमा सोभियत संघको विघटनपछि १९९३ सम्ममा पुरुषहरूको औसत उमेरमा ३ वर्ष कमी आएको छ। त्यस्तै महिलाहरूको औसत आयुमा पनि १.९ वर्षको कमी आएको छ।

❑ १९९४ मा जनसंख्याको स्थिति अति गंभीर हुँदै पुरुषहरूको औसत उमेर ५७.३ वर्ष र महिलाहरूको औसत उमेर ७१.७ मा झरेको छ।

❑ यो तथ्यांकभन्दा पनि चिन्ताजनक तथ्यांक बच्चाहरूको र महिलाहरूको खराब स्वास्थ्य स्थितिको कारणले उत्पन्न प्रसूती समस्या सम्बन्धी छ। प्रसूतीको क्रममा महिलाहरूको मृत्युदर अहिले विकसित पूँजीवादी देशहरूको तुलनामा ५ देखि १० गुनाले बढेको छ। सरसफाईको खराब व्यवस्था, महामारी रोकथाम गर्ने प्रणाली ठप्प हुनु, जीवन स्तरमा गिरावट आउनु, शरणार्थीहरूको संख्या बढ्दै जानु, पानीको प्रदूषणमा वृद्धि र औषधिको कमीले प्रसूती समस्यालाई अरु बढाइदिएको छ।

❑ रुसको कृषि र खाद्यान्न मन्त्री अलेक्जेण्डर नजारचुकका अनुसार १९९५ मा रुसमा अन्न उत्पादन ७ करोड टन हुने अनुमान छ। यो तथ्यांक गत वर्षको तुलनामा १ करोड १० लाख टन कम छ।

रुसी प्रेस संगठनको ताजा सर्भेक्षण अनुसार, अन्नको उत्पादन ४ करोड ५० लाख टनदेखि ५ करोड टनबीच हुने देखिन्छ।



येल्तसीनको कुर्सी पनि संकटग्रस्त छ

१९९४ मा रुसको अन्न उत्पादन फगत ८ करोड १० लाख टन मात्र थियो।

१९९३ मा १० करोड ७० लाख टन अन्न उत्पादन भएको थियो। १९९३ को तुलनामा १९९४ मा २ करोड ६० लाख टन कम अन्न उत्पादन भएको थियो।

❑ अर्थशास्त्रीहरूको अनुमान अनुसार रुसको आवश्यकतालाई ध्यान दिएर हेर्ने हो भने रुसलाई प्रतिवर्ष १३ करोड अन्नको जरुरत छ।

❑ यसरी रुसमा प्रत्येक वर्ष घट्दो अन्न उत्पादनको सम्बन्धमा येल्तसीनको पूँजीवादी सरकारले झूठो कारण देखाउँदै भनेको छ- कैयौं ठाउँमा सुख्खा भएकोले अन्नको उत्पादनमा कमी आएको हो।

तर वास्तविकताले देखाइरहेको छ- किसानहरूसँग कृषि सामग्री र इन्धन किन्नका लागि पैसाको कमी हुनु र कृषि क्षेत्रमा सरकारी अनुदान कम हुँदै जानु प्रमुख कारण हो।

*-इतार तास र इन्टर फ्याक्स, न्यूज एजेन्सी*



अमेरिकी सैनिकहरू आक्रमक मुडमा

# अमेरिकी साम्राज्यवादका सैनिकहरू कहाँ कति छन् ?

## यूरोपमा

| | | |
|---|---|---|
| ❑ जर्मनी | - | १०,९८८ |
| ❑ इटाली | - | १५,७८६ |
| ❑ टर्की | - | ४,५३६ |
| ❑ स्पेन | - | ३,८८९ |
| ❑ आइसल्याण्ड | - | २,६४५ |
| ❑ बेल्जियम | - | १,९७३ |
| ❑ पोर्चुगल | - | १,३४९ |
| ❑ नेदरल्याण्ड | - | १,०५७ |
| ❑ ग्रीस | - | १,०१३ |
| ❑ नर्वे | - | २१० |
| ❑ ग्रीनल्याण्ड | - | १२९ |
| ❑ मेसिदोनिया | - | ५४१ |
| युद्धपोतहरूमा | - | १६,७४९ |

## पूर्वी-एशिया र प्रशान्त क्षेत्रमा

| | | |
|---|---|---|
| ❑ जापान | - | ४६,८२१ |
| ❑ दक्षिण कोरिया | - | ३४,८०० |
| ❑ फिलिपिन्स | - | २४१ |
| ❑ अष्ट्रेलिया | - | ३७३ |
| ❑ सिंगापुर | - | १५४ |
| थाईल्याण्ड | - | १०३ |
| ❑ युद्धपोतहरूमा | - | २७,५६२ |

## पश्चिम अफ्रिकामा

| | | |
|---|---|---|
| ❑ सोमालिया | - | ७,३०० |
| ❑ युद्धपोतहरूमा | - | ५,५१० |

## पश्चिमी गोलार्द्धमा

| | | |
|---|---|---|
| ❑ पानामा | - | १०,३२० |
| ❑ ग्वान्टानामो (क्यूबा) | - | २,०३५ |
| ❑ होण्डुरस | - | ७८७ |
| ❑ बर्मुडा | - | ५७० |
| ❑ ग्रेनाडा | - | ५४६ |
| ❑ युद्धपोतहरूमा | - | १,९४२ |

## मध्यपूर्व र सुदूर पूर्वमा

| | | |
|---|---|---|
| ❑ साउदी अरब | - | ९७९ |
| ❑ इजिप्ट | - | ५८६ |
| ❑ बहराईन | - | ३४९ |
| ❑ कुवेत | - | २६२ |
| ❑ डियागो गार्सिया | - | १,२३० |
| ❑ युद्धपोतहरूमा | - | ६,०५० |

❑ उत्तरी एटलान्टिक सन्धि संगठन (NATO) अन्तर्गतको सैनिक शक्तिमा- ३२,०००

# समस्याले ग्रस्त अमेरिकाको एउटा चित्र

❑ करीब ४ करोड अमेरिकीहरू भोगवादको समस्याले पीडित छन्।

❑ वयस्क अमेरिकीहरूमध्ये १७% व्यक्तिहरू मानसिक रोगले ग्रस्त छन्।

❑ व्यवहारसम्बन्धी स्वास्थ्य सेवाहरू सम्बन्धी कार्यक्रममा कर्मचारीहरूले पाउने कूल स्वास्थ्य लाभ-लागतको १५ देखि २५% खर्च भइरहेको छ। त्यसमा प्रति वर्ष ९% को दरले वृद्धि पनि भइरहेको छ।

❑ १९९४ मा जागीरमा गयल हुने, उत्पादकतामा गिरावट आउने, घरेलू हिंसा र मानसिक रोग एवं भोगवादको समस्याले ३१४ अरब डलरको नोक्सानी भएको थियो।

❑ मानसिक रोग र भोगवादको समस्याको कारणले भएका दुर्घटनाहरूको परिणामस्वरूप २५० अरब डलरको सामाजिक लगानी बढेको छ।

*- जेनेसिस ग्रुप एशोसिएशनको रिपोर्ट*

# अमेरिकी जल-सैनिकहरूका अखडाहरू कहाँ कहाँ छन् ?

❑ फिलिपिन्स ❑ सिंगापुर ❑ जापान ❑ अष्ट्रेलिया ❑ हिन्द महासागर ❑ कुवेत

## हवाई सैनिक अड्डाहरू

❑ फिलिपिन्स ❑ हिन्द महासागर ❑ टर्की ❑ साउदी अरब

❑ विश्वका ३,३२८ ठाउँहरूमा अमेरिकी साम्राज्यवादका सैनिक अखडाहरू छन्।

❑ अमेरिकी सैनिकहरूसँग ७ वटै सागरहरूमा ७० वटा शक्तिशाली आणविक हतियार भएका सवमेरिनहरू र जल सैनिकहरू घुमिरहेका छन्। यो शक्ति भनेको अन्य शक्तिराष्ट्रहरूसँग भएको जल सैन्य शक्तिभन्दा निकै शक्तिशाली छ।

*-सूचना स्रोतः टाइम, न्यूयोर्क टाइम्स, यूएस न्यूज एण्ड वर्ल्ड रिपोर्ट*




# फ्रान्समा दशककै सबैभन्दा ठूलो मजदूर आन्दोलन

दीपक वैद्य

विश्वकै चौथो सबैभन्दा ठूलो औद्योगिक राष्ट्र फ्रान्स सरकारी मजदूर र विद्यार्थीहरूको हडतालबाट पूरै ठप्प हुन पुगेको छ। रेल, परिवहन, डाक र जन उपयोगी क्षेत्रका मजदूरहरू र विद्यार्थीहरू हडताल शुरु भएको तीन हप्ता हुँदा पनि लाखौंको संख्यामा दिनहुँ सडकमा उत्रिरहेका छन्। उनीहरूको हडतालबाट सार्वजनिक यातायात पूर्ण रुपमा ठप्प भएको छ। रेलगाडी, बस र मेट्रोहरू पूरै चल्न छाडेका छन्। स्कूल र म्युजियममा ताला लागेको छ। यूरोपको दोस्रो पूँजीवादी महाशक्ति मानिने फ्रान्सको यो मजदूर आन्दोलन यो दशककै सबैभन्दा ठूलो फ्रान्सेली मजदूर आन्दोलन मानिएको छ। कूल ४० लाख सरकारी क्षेत्रका मजदूरहरूमध्ये झण्डै आधा यो हडतालको फेरोमा आएको थाहा भएको छ।

कतै यो हडताल १९६८ को मे महीनामा भएको जस्तो जनविद्रोहमा त बदलिने हैन? यसले फ्रान्सेली अर्थतन्त्रलाई र यूरोपेली एकीकृत बजारको परिकल्पनालाई पूरै डाँवाडोल पारिदिने त हैन?

अहिले आशंकाको यही बादल पश्चिमेली पूँजीवादी खेमामा छाएको छ। साराका सारा पूँजीवादी सरकारहरू फ्रान्सका राष्ट्रपति ज्याक सिराकलाई यो हडतालमाथि दमन गर्न र हडताली मजदूर र विद्यार्थीहरूको मागलाई हर कुनै हालतमा पूरा नगर्न खुलेआम सल्लाह दिइरहेछन्। तर हडताल भने प्लेगको महामारी जस्तै झन् झन् फैलँदो छ।

प्रमुख फ्रान्सेली पत्रिकाहरूले गरेको जनमत संग्रह अनुसार ६२% फ्रान्सेली जनमत हडतालको पक्षमा देखिएको छ। फ्रान्सेली सरकार र पूरै पूँजीवादी खेमा के कुरामा निकै भयभीत देखिएको छ भने- कतै सरकारी क्षेत्रका मजदूरहरूको यो देशव्यापी हडतालमा निजी क्षेत्रका मजदूरहरू नमिसिउन्। यदि उनीहरू मिसिए भने यो यति शक्तिशाली र सर्वब्यापी हुनेछ कि- यसलाई दबाउनै असंभव हुन जानेछ।

त्यसैले ठूलो अनिष्ट हुन नपाउँदै वार्ताद्वारा समस्या सुल्झाउन प्रधानमंत्री एलो जुप्पेको सरकारले मध्यस्थकर्ता खटाएको छ। हाल घोषित मध्यस्थकर्तामा अर्थशास्त्री जीन मेत्तेओली मुख्य छन्। यो पंक्ति लेख्दासम्म हडताली मजदूरहरू र सरकारबीच कुनै संझौता हुन सकेको छैन। हडताली मजदूरहरू सिधै प्रधानमंत्रीसित वार्तालापको माग गरिरहेछन्। माग पूरा नभएसम्म हडताल जारी राख्ने उनीहरूको अठोट छ। अब उनीहरू निजी क्षेत्रका मजदूरहरू र आम जनतालाई समेत हडतालमा सामेल हुन आह्वान गरिरहेछन्।

संघर्षमा सामेल मजदूर र विद्यार्थीहरूको मुख्य माग एउटै छ- सामाजिक सुरक्षा व्यवस्थामा सुधार गर्ने राष्ट्रपति सिराक जुप्पे सरकारको कार्यक्रम फिर्ता गर।

यो माग र यसैमा आधारित राष्ट्रब्यापी हडताल राष्ट्रपति सिराकले आफू सत्तामा आएको सातै महीनामा आफ्नो चुनावी बाचा विपरीत सामाजिक सुरक्षा कार्यक्रममा सुधार गर्ने घोषणा गरेपछि पैदा भएको हो। गत मे महिनामा भएको चुनावमा सिराकको प्रतिज्ञा थियो- उनले आर्थिक क्षेत्रमा साहसिला सुधारहरू गर्नेछन्, सरकारी खर्चमा नियन्त्रण गर्नेछन्, तर

## फ्रान्सको स्थिति -एक झलक

| | |
|---|---|
| ✪ फ्रान्सको जनसंख्या | ५ करोड ६५ लाख (१९९१ मा) |
| ✪ औद्योगिक उत्पादन वृद्धिदर वार्षिक | + ०.८% |
| | -१.०% (गएको तीन महीनामा) |
| ✪ कूल घरेलु उत्पादन वृद्धिदर वार्षिक | + २.१% |
| | +०.८% (गएको तीन महीनामा) |
| ✪ बेरोजगार जनसंख्याको दर | ११.५% गएको अक्टोवरमा |
| | ११.८% नोवेम्वरमा |
| ✪ सरकारी ऋण | ६५ अरब अमेरिकी डलर |
| ✪ बजेट घाटा | ८३.६ अरब अमेरिकी डलर |
| | *(कूल घरेलु उत्पादनको ५%)* |

स्रोत: *The Economist, London, Dec. 9,1995*

ग्राहकको चाहना परिपूर्ति गर्नु नै हाम्रो निम्ति ठूलो सन्तोषको विषय हो !

NEPAL VALLEY MARKETING & SALES AGENCY (P.) LTD.

9/325 INDRACHOWK,
G.P.O. BOX 4833,
KATHMANDU, NEPAL

☎: Off: 220580
Res: 230923



**यो जनविद्रोह ज्वालामुखीमा परिणत हुँदैछ**

**“सरकारले सामाजिक सुरक्षा कार्यक्रममा सुधार गर्ने कार्यक्रमलाई पूर्णरुपले फिर्ता नलिएसम्म यो हडताल जारी रहनेछ ।”**

जनताहरूले पाइरहेको अधिकार र सुविधामा कुनै कटौती गर्ने छैनन् । उनले करको दरमा कमी ल्याउनेछन्, त्यस्तै व्याजदरमा पनि ।

तर सत्तामा आउनासाथ राष्ट्रपति सिराकको टेवुल र कुर्सी वरपर फ्रान्सका ठूला ठूला पूँजीपति वर्गहरूका स्वार्थ र मागहरूको ताँती लाग्यो । उनी स्वयं पनि तिनै वर्गका मानिस थिए । त्यसैले उनले ती स्वार्थ र मागहरूलाई उपेक्षा गर्न सक्ने कुरै थिएन । औद्योगिक उत्पादन बार्षिक फगत ०.४% का दरले मात्र बढिरहेको र बेरोजगारीको दर ११.८ % रहेको फ्रान्सका पूँजीपतिहरूका लागि १९९१ को मास्टरिच सन्धि लागू हुनु सारै महत्त्वपूर्ण कुरो थियो । किनकि यसले १५ वटा यूरोपेली राष्ट्रहरूलाई एउटै साझा बजार सिर्जना गर्थ्यो र एउटै साझा मुद्रा पनि । यसले फ्रान्स-जर्मन साझेदारीलाई पनि संभव पार्थ्यो । जर्मनीको आर्थिक तागतलाई फ्रान्सको उद्देश्य पूर्तिको निम्ति प्रयोग गर्न यो साझेदारीको जरुरत थियो ।

तर मास्टरिच सन्धिका केही कडिकडाउ शर्तहरू थिए । सन् १९९९ सम्ममा एउटै साझा मुद्रा र बजारसंभव पार्नका लागि प्रत्येक देशको बजेट घाटा कूल घरेलु उत्पादनको ३% भन्दा तल हुनुपर्छ । सरकारी ऋण कूल घरेलु उत्पादनको ६०% भन्दा बेसी हुनुहुन्न । र, मुद्रा स्थिर हुनुपर्छ ।

मास्टरिच सन्धिका यी तीन प्रमुख क्राइटेरियाहरू पूरा गर्न फ्रान्ससित केही गंभीर चुनौतीहरू थिए । फ्रान्सको बजेट घाटा कूल घरेलु उत्पादनको ५% थियो । फ्रान्सको सरकारी ऋण ६५ अरब अमेरिकी डलर पुगेको थियो । त्यसैले फ्रान्सको मुद्रा स्थिर थिएन । यी शर्त पूरा नगरिकन फ्रान्स यूरोपेली साझा मुद्रा र बजारको सहभागी नै हुन सक्दैनथ्यो ।

फ्रान्सको सहभागीताबिनाको यूरोपेली साझा मुद्रा र बजारले कुनै अर्थ नै राख्दैनथ्यो । किनभने फ्रान्स यूरोपेली समुदायमा जर्मनी पछिको दोस्रो ठूलो बजार र आर्थिक शक्ति थियो । फ्रान्स बाहिरिनासाथ यूरोपेली एकीकरणको प्रस्थापना नै पूरापूर असफलतामा बदलिन्थ्यो । उता, फ्रान्सको पूँजीपति वर्गको दृष्टिकोणबाट यो उसको लागि ठूलो राष्ट्रिय नोक्सानी र अपमान हुन जान्थ्यो ।

यी सब कारणले मास्टरिच सन्धिका शर्तहरू पूरा गर्नु फ्रान्सका पूँजीपति वर्गका लागि पहिलो प्राथमिकताको विषय भएको थियो । सारा पूँजीवादी यूरोपेली मुलुकहरू पनि फ्रान्सलाई यसैनिम्ति तीव्र दवाब दिइरहेका थिए ।

मास्टरिच सन्धिका शर्तहरू पूरा गर्न फ्रान्सेली सरकारसित भने एउटै उपाय थियो, त्यो हो- सारा चुनावी वाचा विपरीत सामाजिक सुरक्षामा राज्यले दिइरहेको अनुदान घटाउनु, करको दर बढाउनु, ब्याजदर वृद्धि गर्नु र सरकारी संस्थाहरूमा निजीकरण गर्नु । राष्ट्रपति सिराक र प्रधानमन्त्री जुप्पेको सरकारले त्यही कुरा गर्‍यो, जुन फ्रान्सेली ठूला पूँजीपति वर्गका लागि नितान्त जरुरी थियो । अहिलेको मजदूर र विद्यार्थी आक्रोश त्यसैको स्वाभाविक प्रतिक्रिया थियो ।

सरकारी क्षेत्रका संपूर्ण मजदूर कर्मचारीहरूले फ्रान्समा वर्षमा ६ हप्ताको तलवी विदा सुविधा पाउँथे र विरामी विदा पाउँथे । निःशुल्क स्वास्थ्य उपचारको सुविधा उपलब्ध थियो । पेशाको सुरक्षाको पूर्ण ग्यारेण्टी थियो । पचास वर्षमै निवृत्तिभरणको र छोटो कार्यघण्टाको व्यवस्था थियो । शिक्षा धेरै हदसम्म निशुल्क थियो ।

जुप्पे सरकारले सामाजिक सुरक्षा व्यवस्थाका यी सब क्षेत्रमा 'सुधार' गर्ने र राज्यको अनुदान कटौती गर्ने घोषणा गर्‍यो । तलव र ज्याला घटाउने घोषणा गरियो । फगत दुई वर्षको लागि भनेर करको दरमा वृद्धि गर्ने ऐलान गरियो । र, सरकारी रेल र मेट्रो समेत निजीकरण गर्ने नीति अघि सारियो ।

यी सब कदमहरू राष्ट्रपति सिराकको चुनावी वाचाका ठीक विपरीत थिए । आम जनताले आफूलाई राष्ट्रपति सिराकको सरकारले सरासर धोखा दिएको महसुस गरे । त्यसैले, उनीहरू आन्दोलनको मैदानमा उत्रिए ।

अहिले राष्ट्रपति सिराकको लागि आफ्नै चुनावी प्रतिज्ञा घाँटीमा पासो सरह भएको छ । मजदूर-असंतोष आम जन-असंतोषमा बदलिन लाग्दैछ । यो जनविद्रोहको ज्वालामुखीमा परिणत हुने संभावना झन् झन् टडकारो हुँदैगएको छ । यो नै शान्त पार्ने कि मास्टरिच सन्धिका शर्तहरू पूरा गर्नेतिर लाग्ने ?

प्रधानमंत्री जुप्पेले घोषणा गरेका छन्- “फ्रान्स अहिले दोबाटोमा उभिएको छ । यसका सामु या त परिवर्तन या पतनको विकल्प मात्रै छ । यो सुधारहरूको बाटो भएर मात्र अघि बढ्न सक्छ र अघि बढ्नु पर्छ, जुन सुधार लामो समयसम्म स्थगित गर्दै आइएको छ ।”

अहिलेको हडतालमा सबैभन्दा ठूलो प्रभाव सि.जी.टी. नामक मजदूर संगठनको देखिएको छ र सि.जी.टी. फ्रान्समा वामपन्थी पार्टीहरूको मजदूर संगठन मानिन्छ । सि.जी.टी. का नेताहरूको घोषणा छ- “सरकारले सामाजिक सुरक्षा कार्यक्रममा सुधार गर्ने कार्यक्रमलाई पूर्णरुपले फिर्ता नलिएसम्म यो हडताल जारी रहनेछ ।”

जितवाजी कसको पक्षमा जानेछ ?- यो अहिल्यै किटान गर्न सकिने स्थिति भने छैन । ❑

**तथ्यांक स्रोतः**
The Economist, London, Dec. 9, 95
NEWSWEEK, USA, Dec 11, 95
TIME, USA, Dec 11, 95
International Herald Tribune, Dec 8,95


श्री ५ महाराजाधिराजको स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा

*मौसूफको सुस्वास्थ्य र चीरायुको कामना गर्दछौं !*

भूषणराम मण्डल,

**भूषण टाकिज**

बाँसबारी, मोरङ्ग

विश्व-क्रान्ति-योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी **५**

## क्यूबाली छापामार युद्धले

# बतिस्ता सरकारको ढाड सेक्यो

क. फिडेल क्यास्त्रो र क. चे ग्वेभाराको नेतृत्त्वमा संचालित क्यूबाली छापामार आन्दोलनले १ वर्ष पार गऱ्यो । १ वर्षमा छापामारहरूले सियरा माइस्त्राका पहाडहरूमाथि कब्जा जमाए ।

सियरा माइस्त्रामाथि छापामारहरूको विजयपछि तानाशाह बतिस्ताका सेनाहरू र छापामारहरूबीच अघोषित लक्ष्मण रेखा खिचियो । सेनाहरू सियरा माइस्त्रामा नपस्ने र छापामारहरू सियरा माइस्त्राबाट अन्य इलाकामा विकसित नहुने लक्ष्मण रेखा । सेनाहरू सियरा माइस्त्राका पहाडहरूभन्दा अलि पर पर घेरा हाल्दै बसिरहेका थिए भने छापामारहरू तिनीहरूमाथि आक्रमण गर्न शक्ति संचय गर्दै थिए ।

छापामारहरूले आफ्नो पंक्तिलाई नयाँ नयाँ नीति, युद्ध कौशल र हतियारले सुसज्जित गरे । आफ्ना लाल आधार इलाकालाई अझ बढी सुरक्षित र सुदृढ गरे ।

बतिस्ताको सेनाले जनविद्रोहलाई दबाउन शहर-शहरमा हिटलरी शैलीको दमन अभियान चलायो । बतिस्ताको तानाशाही शासनको विरोधमा लाग्ने नागरिकहरूलाई गिरफ्तार गर्ने, कठोर जेल सजाय दिने र निर्मम हत्या गर्ने कामलाई अभियानको रुपमा विकसित गरियो । त्यसको विरोधमा शहरमा हुने छिटफुट संघर्ष, प्रदर्शन र विद्रोहलाई सेनाले सजिलै दबाउन थाल्यो । किनकि शहरमा बतिस्ताको तानाशाही सरकारको पकड बलियो थियो र त्यहाँ विद्रोहीहरू संगठित र संयोजित थिएनन् ।

शहरी जनविद्रोह विस्तारै असफल भएको देखेर '२६ औं जुलाई मुभमेन्ट' का केही नेताहरूले तथा विद्यार्थी नेताहरूले एल एस्काम्ब्रे, क्रिश्टल र बाराकोआका पहाडहरूमा ध्याई छापामार संघर्ष चलाउन थाले ।

त्यसैबीच, ५ सेप्टेम्बर, १९५७ मा सियनफ्यूगोस नामक जल-सैनिक अखडामा बतिस्ताको तानाशाही सरकारको विरोधमा सैनिक विद्रोह भयो । बतिस्ताको सेनाभित्र पसेका आन्दोलनकारीहरूको नेतृत्त्वमा भएको सो विद्रोहको क्रममा सियनफ्यूगोस शहरलाई कब्जा गरियो । तर विद्रोहीहरूले बतिस्ताको सेनाले दमन गर्न सक्ने संभावनाप्रति बेवास्ता गरे उनीहरू नजिकैको इस्काम्ब्रेका पहाडहरूमा लुक्न नगइकन त्यहीं बसिरहे । यसले गर्दा दमनकारी सरकारी सेनाको कोपभाजनले विद्रोहलाई नराम्ररी कुल्चियो ।

बतिस्ताकों तानाशाही शासनलाई फ्याँक्नका लागि शहरी जनसंघर्ष र विद्रोहको बाटो अँगाल्ने कि ग्रामीण छापामार आन्दोलनको बाटो अँगाल्ने भन्ने प्रश्न पहिले जस्तै यथावत बाँकी नै रहिरह्यो । यो प्रश्नमाथि विवाद गर्दै, शहरी जनसंघर्षका पक्षपातीहरूको बाहुल्यता भएको '२६ औ जुलाई मुभमेन्ट'को राष्ट्रिय समितिका क्रान्तिकारीहरूले दुवै खालका संघर्षहरू यथावत चलाइरहे । तर क. क्यास्त्रो र क. चे ग्वेभाराको नेतृत्त्वमा संचालित छापामार संघर्षले, शहरी संघर्षले भन्दा बढी सुरक्षित, संयोजित र सुदृढ ढंगले आफ्नो आन्दोलनलाई विस्तार गरेको देखियो । यस आन्दोलनले गाउँले किसानहरूदेखि शहरका श्रमिक, विद्यार्थी र बुद्धिजीवी एवं सामान्य नागरिकहरूको संघर्षलाई संयोजित गरी क्रान्तिकारी दिशालाई बलवान गरेको देखियो ।

शहरमा भन्दा गाउँ-पाखाहरूमा बतिस्ता सरकार कमजोर भएकोले छापामारहरूले १ वर्षको लामो आक्रमण-प्रत्याक्रमणको क्रममा पनि

**क. चे ग्वेभारा !**

**प्रबुद्ध व्यक्तिहरुमध्ये कमै मानिसहरु मात्र होलान्- यो नाम नसुन्ने ! आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरको संघर्षमय जीवन शैलीका कारण विश्व-प्रसिद्ध हुनु भएका यी क्रान्ति-नायकको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला हामीले थालेका छौं ।**

**अर्जेन्टिनामा जन्मिएका र क्यूबाको क्रान्तिमा निर्णायक योगदान गरेका क. चेले वरपरका अन्य देशहरुका क्रान्तिकारी गतिविधिहरुमा पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरु लगाउनुभएको थियो ।**

**उहाँले क्यूबाको जनक्रान्ति कालमा मेक्सिको प्रवासमा कसरी फिडेल क्यास्त्रोसँग भेट्नु भयो र कसरी क्यूबामा छापामार युद्धको तयारी गर्नुभयो भन्ने प्रसंग पाठकहरुले पढिसक्नु भएको छ । साथै छापामार युद्धको एक वर्षसम्मको समयावधिभित्रका संघर्षहरुको रोचक विवेचना पनि यस अगाडिको अंकमा प्रस्तुत भैसकेको छ । यस पल्ट प्रस्तुत छन् : त्यसपछिका घटनाक्रमहरु ।**




पहिलो लहरमा बायाबाट दोस्रो व्यक्ति क. चे र पछाडिको लहरमा कालो चश्मामा क. क्यास्त्रो

शहरी संघर्षको तुलनामा साह्रै कम क्षति व्यहोर्नु पर्‍यो ।

छापामार संघर्षले सफलतापूर्वक दोस्रो वर्षमा प्रवेश गरेपछि शहरी जनसंघर्षका केही पक्षपातीहरूमा आफ्नो अलग-थलगको संघर्षले सफलता प्राप्त गर्ला र भन्ने शंका उब्जन थाल्यो । त्यस प्रवृत्तिका केही नेताहरू छापामार आन्दोलन प्रवृत्तिसँग एकाकार भए । शहरी संघर्षको विचारप्रति आस्थावान नेताहरूले राष्ट्रिय समितिभित्रै तीव्र वैचारिक संघर्ष चलाउँदै आ-आफ्नो संघर्ष पनि संचालन गर्दै रहे ।

'२६ औं जुलाई मुभमेन्ट' आन्तरिक संघर्षलाई प्रजातान्त्रिक ढंगले चलाउँदै एकीकृत रुपले नै अगाडि बढिरह्यो । यसैबीच, क्यूबाको समाजवादी पार्टी-पार्टीडो सोशियालिष्टा पपुलर (PSP) ले केही विशेष संघर्षहरूमा मुभमेन्टसँग हातेमालो गर्‍यो । यो हातेमालोले क्यूबाको क्रान्तिकारी आन्दोलनलाई निकै ठूलो टेवा पुग्यो ।

मुभमेन्टसँगै सम्बन्धित फिलिप पाजोसले अमेरिकाको मियामी शहरमा निर्वासित विपक्षी नेताहरूको बहकाईमा परेर आफू अन्तरिम राष्ट्रपति बन्ने प्रस्ताव ल्याएर क्रान्तिकारी आन्दोलनलाई अप्ठ्यारोमा पारे । यस अवसरवादी प्रवृत्तिप्रति क. फिडेल क्यास्त्रोले पत्रद्वारा सबै क्रान्तिकारीहरूलाई सजग गर्दै एकीकृत वैचारिक संघर्ष चलाउनु भयो ।



क्यूबाको यो उतार-चढावपूर्ण आन्दोलनका बीच पनि सत्तारुढ बतिस्ताको तानाशाही सरकार कुर्सीमा टिकिरहेको थियो । जनताबाट निकै अलग्गिसकेको उक्त तानाशाही सरकार पनि टिकिरहन सक्नुमा विशेषतः अमेरिकाको ठूलो हात रहेको थियो । बतिस्ता जस्तो खुँखार तानाशाहलाई 'हवानाको आफ्नो मान्छे' भनी संरक्षण दिइरहेको अमेरिकाले तानाशाही सरकारलाई आर्थिक, राजनीतिक र सैनिक सहयोग दिइरहेको थियो । आफ्नो विलास-भवन र लुटीखाने अखडाको रुपमा विकास गरिएको क्यूबालाई गुमाउन नदिन उसले यी सबै बन्दोवस्त गरिराखेको थियो ।

बतिस्ता र अमेरिकी साम्राज्यवाद विरोधी संघर्ष संचालन गरिरहेको छापामार नेतृत्वले क्रान्तिको उद्देश्य प्राप्तिको लागि लचिलोपना देखायो र कूटनीतिक चाल चल्यो । भित्रभित्रै कम्युनिष्ट भइसकेको छापामार नेतृत्वले अमेरिकी साम्राज्यवादको प्रत्यक्ष हस्तक्षेप हुन नदिन र बतिस्ता जस्तो तानाशाहको सट्टामा अर्को कुनै तानाशाह क्यूबाको कुर्सीमा स्थापित हुन नदिन यो चाल चलेको थियो । छापामार नेतृत्वले आफ्नो भाषण, लेख-रचना, अन्तर्वार्ता र कुराकानीमा समेत 'कम्युनिज्म' र 'सामाजवाद' आदि शब्दको प्रयोग गरेको देखिँदैन ।

बतिस्ताको तानाशाही शासनबाट जनताको मुक्तिको मात्र कुरा उठाउँदै छापामार नेतृत्वले पूँजीवादी राजनीतिज्ञहरू र बतिस्ता समेतले उठाउने गरेको इलेक्ट्रिक कम्पनीहरू र सेवा सम्बन्धी केही शाखाहरूको एवं यातायातको राष्ट्रियकरण जस्ता नाराहरू मात्र उठाउँदै यस्तो चाल चलेको थियो ।

यो चाल निकै सफल पनि भयो, वाशिंगटनका रणनीतिज्ञहरूलाई यस चालले भ्रमित पारिदियो । छापामारहरूले बतिस्ताको सरकारलाई फ्याकेर फिडेल क्यास्त्रोहरू सत्तासीन भएतापनि 'संझौता' गर्नसक्ने आशा वाशिंगटनका रणनीतिज्ञहरूले लिए, जुन भ्रम सावित भयो ।

वाशिंगटनका रणनीतिज्ञहरूले खेलेको यही चालकै परिणामस्वरुप मार्च, १९५८ मा अमेरिकाले बतिस्ता सरकारलाई हतियारको नाकाबन्दी लगाउने कुरा खुला रुपमा घोषणा गर्‍यो । तर आफ्नो घोषणालाई अमेरिकाले बचावटको उपायको रुपमा मात्र प्रयोग गर्‍यो, भित्र-भित्र बतिस्ता सरकारलाई नापाम बमदेखि लिएर अनेकौं मिसाइल र हातहतियार सप्लाई गरिरह्यो । त्यस्तै बतिस्ताका बमवर्षक प्लेनहरूलाई क्यूबाकै ग्वान्टानामो स्थित अमेरिकी सैनिक अखडामा इन्धन भर्ने सुविधा १९५८ को अन्तसम्म नै दिइरह्यो । अमेरिकाको यो दोहोरो चाललाई केलाउने हो भने देख्न सकिन्छ- त्यसले क्यूबामा रहेको आफ्नो सैनिक मिशनलाई फिर्ता नबोलाई त्यहीं बसी बतिस्ताको सरकारलाई छापामार आन्दोलनको दमन गर्ने काममा सहयोग र नीति निर्देशन दिइरह्यो ।

## पिनो डेल अगुआको दोस्रो युद्ध

यस्तो स्थितिमा, क. फिडेल क्यास्त्रोले आफ्नो छापामार पंक्तिद्वारा पिनो डेल अगुआमा अचानक आक्रमण गरी देशभरि सनसनी फैलाउने विचार राख्नुभयो । बतिस्ता सरकारले सेन्सरशीप हटाएको स्थितिमा देशव्यापी प्रचारको संभावना देखिएको र जनउत्साह संचार हुने देखिएकोले सो आक्रमणको उद्देश्यलाई सबै छापामारहरूले स्वीकारे ।

१६ फेब्रुअरी, १९५८ मा त्यहाँ आक्रमण गर्ने मिति तोकियो र त्यसको लागि युद्ध स्तरमै तयारी गर्न थालियो । त्यो महिनाको शुरुदेखि नै त्यसै क्षेत्रका छापामारहरू रोबर्टो रुइज र फेलिक्स तामायोमार्फत् सेनाको कब्जामा रहेको पिनो डेल अगुआ क्षेत्रको सुक्ष्म अध्ययन गरियो । आक्रमणको सम्पूर्ण तयारी अत्यन्त उत्साहपूर्वक ढंगले गरिरहेका छापामारहरूबीच यस पटक 'स्पुतनिक' नामक अत्याधुनिक M-26 हतियारले सुसज्जित हुने र प्रशिक्षण प्राप्त गर्ने उत्सुकता व्याप्त थियो ।

त्यहाँ आक्रमण गर्नका लागि छापामारहरूले एउटा रणनीति बनाए । त्यस सैनिक क्याम्पमा सिंगो कम्पनी बसिरहेको कारणले सैनिकहरूमाथि विजय प्राप्त गर्न सकिन्छ र ?- भन्ने शंका उब्जियो । तर उत्साही छापामारहरूले आक्रमण गरिछाड्ने, तिनीहरूका चौकीहरू नष्ट गर्ने, घेर्ने र सैनिकहरूलाई नष्ट गर्ने एवं उनीहरूलाई सहयोग गर्न आउने अन्य सैनिकहरूलाई पनि बीच बाटैमा अचानक आक्रमण गरी परास्त गर्ने रणनीति दृढतापूर्वक पारित गरे ।

छापामार कमाण्डर क. फिडेल क्यास्त्रोकै प्रत्यक्ष नेतृत्वमा, ठाउँ ठाउँमा अचानक आक्रमण गर्न छापामार टोलीहरू राख्दै गरिने यस आक्रमणमा क. क्यास्त्रोका स्टाफ छापामारहरू उत्तरी पहाडी इलाकामा बसेका थिए । त्यहाँबाट सैनिक क्याम्पको दृश्य स्पष्टसँग देख्न सकिन्थ्यो । क. सिमिलोको नेतृत्ववाला छापामारहरू उभेरोबाट आउने बाटोको छेउछाऊमा बसिरहेका थिए । क्याप्टेन राउल क्यास्त्रोको प्लाटून बायामो जाने बाटोमा ढुकिरहेको थियो । त्यस प्लाटूनले शत्रु सेनालाई निराश पार्ने उद्देश्य लिएको थियो । र, रियो पेलाडेरो जान खोज्ने सैनिकहरूलाई थन्को लगाउन क्याप्टेन गुइलेर्मो गार्सिया २५ जना छापामारहरू सहित लुकिरहेका थिए ।

यसरी सबै छापामारहरूले आ-आफ्नो स्थान लिइसकेपछि मोर्टारद्वारा छापामारहरूले आक्रमण गर्न थाले । ६ वटा मोर्टारको प्रहारले पिनो डेल अगुआको सैनिक क्याम्पलाई हल्लाई दियो । छापामारहरूद्वारा निर्मित बम विस्फोटले पुनः त्यहाँको वातावरणलाई युद्धमय पार्‍यो । ठीक त्यसै बखत, शत्रु

सेना ट्रकबाट आइरहेको खबर प्राप्त भएर अर्को बम प्रहार गरियो, जुन छापामारहरूको गल्ती साबित भयो । ट्रक सामान्य नागरिकहरूको परेछ, ड्राइभरको तत्काल मृत्यु भयो ।

क. सिमिलोका छापामारहरू एउटा सैनिक चौकीमाथि कब्जा गर्ने नियतले झन् झन् अगाडि बढ्न् थाले । चौकीमा कोही भित्र- बाहिर गर्नासाथ खतराको घण्टी बज्ने व्यवस्था गरिएको थियो । त्यो व्यवस्थाबारे अनभिज्ञ छापामारहरू विस्तारै चौकीको हाताभित्र पस्नासाथ खतराको घण्टी बजिहाल्यो । तर त्यही बेला घोडाहरू हिनहिनाएको आवाजले सैनिकहरूले खतराको घण्टी बजेको सुनेनन् । उनीहरू भ्रमित भए । यही भ्रमको फाइदा उठाउँदै क. सिमिलोका छापामारहरूले चौकीका गार्डहरूले प्रतिरोध नै गर्न नसक्ने गरी भ्याप्पै समाते । उनीहरूले दुई वटा स्वचालित राइफलहरूका साथ ११ वटा हतियार कब्जा गरे, तीन जना सैनिकहरूलाई कैद गरे र ७-८ जना सैनिकहरूलाई घाटमा पुऱ्याए ।

त्यस चौकीलाई छापामारहरूले कब्जा गरेको थाहा पाएर बाहिरका सैनिकहरूले प्रत्याक्रमण गर्न थाले । सिमिलोका छापामारहरू भने त्यो प्रत्याक्रमणलाई कुल्चँदै अगाडि बढ्न थाले । सैनिकहरूको प्रतिरोधलाई कुल्चने क्रममा लेफ्टिनेन्ट नोडा र कापोते एवं लडाकू राइमुन्दो लियानले शहादत प्राप्त गरे । सिमिलो पनि तिघ्रामा गोली लागेर घाइते भए, विरेल्लेस फर्कन बाध्य भए ।

आक्रमणको क्रममा आफ्नो पक्षको मेशीनगन शत्रुका हातमा पर्ला भन्ने भयले गर्दा घाइते सिमिलो पुनः अगाडि बढे । तर अगाडि बढ्दा -बढ्दै सेनाको गोली लागेर उनी पुनः सख्त घाइते भए । गोलीले उनको शरीरमा प्वाल पारेतापनि कुनै महत्त्वपूर्ण अंगमा नछोएकोले उनी बचे । तर मेशीनगन चाहिं बचेन । त्यस्तै अर्का घाइते छापामार लुईस मासियास पनि आफ्ना कमरेडहरू फर्केको दिशाभन्दा उल्टो दिशामा गएकाले बचेनन् । र, ब्यारेक नजिकसम्म पुग्न सफल केही छापामारहरूले 'स्पुतनिक' नामक M–26 हतियारले बमवर्षा गर्दै सैनिकहरूलाई अलमल्ल पारी राखे । आफू हारिने स्थिति देखेर सैनिकहरूले तत्कालै सन्देश पठाइ केन्द्रबाट थप सहयोग मागे ।

त्यस दिनको मध्यान्हतिर वातावरण शान्त भयो, आक्रमण-प्रत्याक्रण रोकियो । त्यसैबेला छापाारहरूको कमाण्ड पोष्टमा गोली चलेको जस्तो आवाज आयो । त्यो किन र कसरी भयो भन्ने कुरा थाहा नभएर छापामारहरू अलमल्ल भइरहेको बेला सिमिलोले कहीं नगईकन पर्खिरहने कुरा बताए ।

अन्ततः साँझतिर पिनो डेल अगुआका सैनिकहरूमाथि के कस्तो भइरहेको छ भन्ने कुरा बुझ्नका लागि थप सेना आइपुग्यो । क्याप्टेन सियराको नेतृत्वमा आएको थप सैनिक दल ओरो डे गुइसाबाट आउन थालेपछि क. पाको क्याब्रेराको नेतृत्व अन्तर्गत रहेको सिंगो प्लाटून आक्रमणको लागि तयार भयो ।

एल केबलको पहाडी बाटो वरिपरि ढुकेर बसिरहेका छापामारहरूमा क. चे पनि हुनुहुन्थ्यो । लेफ्टिनेन्ट सुनोल, अलामो, रेयेज र विलियम रोड्रीग्वेजको कमाण्ड अन्तर्गत, पाको क्याब्रेराको



क्यूबाली क्रान्तिका नायकहरू क. क्यास्त्रो र क. चे ग्वेभारा दुःख र सुखमा साथसाथै जीउने अठोटसहित !

नेतृत्वमा ढुकिरहेका छापामारहरूले सैनिकहरूको सानो दल देख्नासाथ तेजगतिमा आक्रमण गरे । क. पाज र ड्यूक जस्ता अग्र पंक्तिमा रहेका छापामारहरूले गोली बर्साउन थालेपछि सैनिकहरू धेरै संख्यामा हताहत भए ।

छापामारहरूको अप्रत्याशित आक्रमणमा परी सैनिकहरूको त्यो थप शक्ति ध्वस्त नै भयो । आक्रमणमा १० जना सैनिकहरू मरे, ५ जना घाइते सैनिकहरूलाई बन्दी बनाइयो र एउटा घरमा लगी उनीहरूलाई उपचार गरियो । तिनीहरूमध्येका सेकेण्ड लेफिटनेन्ट लाफेर्टेले पछि छापामारहरूसँगै काम गर्न थाले । १२ वटा राइफलहरू कब्जा गरिएकोमा २ वटा M–1 र अर्को एउटा अटोमेटिक राइफल थियो । यसले छापामारहरूलाई हतियारको आपूर्ति गरिदियो ।

त्यस आक्रमणको क्रममा भाग्न सफल भएका एक -दुई जना सैनिकहरू ओरो डे गुइसामा आफ्नो पराजयको समाचारसहित पुगे । गुइसा र ओरो डे गुइसाबीच कमान सम्हालिरहेका क. राउल क्यास्त्रोको प्लाटूनले पनि अर्को थप सेनामाथि आक्रमण गर्ने तयारी गऱ्यो । क. सिरो फ्रियासको स्क्वाएडसँग मिलेर क. राउलको नेतृत्ववाला प्लाटूनले शत्रुको सेनामाथि भीषण आक्रमण गऱ्यो ।

त्यसैबीच, दुईजना सरकारी सुराकीहरू किसानको भेषमा आफ्ना अधिकांश पोजिशनहरूमा घुमेर गएको त छापामारहरूले थाहै पाएनन् । त्यस असावधानीको मूल्य छापामारहरूले चुकाउनै पऱ्यो । ती सुराकीहरूले गुइसास्थित आफ्नो सैनिक कमानलाई खबर गरे ।

गुइसाबाट आएको सरकारी सेनाले क. राउलको प्लाटूनलाई अचानक पहाडमाथिबाट आक्रमण गऱ्यो । यसले गर्दा क. राउलको प्लाटून प्रत्याक्रमण गर्दै पछि हट्न बाध्य भयो । त्यसले गर्दा एक जना कमरेड फ्लोरेन्सियो कुयेसाडाले शहादत प्राप्त गरे भने अर्का एकजना कमरेड घाइते भए ।

त्यो दिन बतिस्ताको सेनाले थप सेना पठाउने काम ओरो डे गुइसास्थित सैनिक सिविरबाट बायामोको सडकबाट मात्रै गऱ्यो । क. राउलको प्लाटून फर्कन बाध्य भएपछि, झन् झन अगाडि बढेको बतिस्ताको सेनाको अगाडि बढ्ने क्रम अत्यन्त ढीलो भयो ।

तिनीहरू दिनभरि नै सुस्त-सुस्त ढंगले अगाडि बढे तर उनीहरूले अन्यत्र कहीं कतै नाक-मुखै देखाएनन् ।

अर्कोतिर, माथि आकाशबाट पनि त्यो दिनभरि बतिस्ताको सेनाले B–26 बमवर्षक विमानहरूले लगातार आक्रमण गरिरहे । त्यसमाथि छापामारहरूले मेशीनगनले प्रत्याक्रमण त गरे, तर आशा गरेजस्तो फल प्राप्त भएन । अलिअलि लुकीलुकी सडकमा, जमीनमा, जंगलमा देखिने सेनामाथि आक्रमण गर्नमा नै छापामारहरूको त्यो दिन बित्यो ।

यो युद्धमा छापामार कमाण्डर क. फिडेल क्यास्त्रो साह्रै उत्साहित हुनुहुन्थ्यो । तर आफ्ना कमरेडहरूको भविष्य देखेर चिन्तित पनि हुनुहुन्थ्यो । त्यो दिन क. क्यास्त्रोले आफ्नो ज्यानलाई बढी नै खतरनाक मोडमा होम्नु भयो । त्यसैले केही छापामार नेताहरू एवं क. चे ग्वेभाराले एउटा चिठ्ठी लेखेर 'क्रान्तिको लागि आफ्नो जीऊ ज्यानलाई अनावश्यक रुपमा खतराजनक स्थितिमा नपार्न' अनुरोध गर्नु भयो । क. क्यास्त्रोले उक्त पत्र पढ्नचाहिं पढ्नु भयो, तर त्यस सुझावलाई लागू गर्नु भएन ।

त्यही दिन राति क. चे ग्वेभाराले क. सिमिलोले जस्तै शत्रु सेनामाथि अचानक आक्रमण गर्नुपर्ने विचार प्रस्तुत गर्नुभयो । उहाँको विचार अनुसार, यस्तो खालको आक्रमणबाट पिनो डेल अगुआका गार्डहरूमाथि विजय प्राप्त गर्न सकिने देखिन्थ्यो । शुरुमा क. फिडेल यो विचारको पक्षमा हुनु भएन । तर पछि उहाँले यो विचारलाई प्रयोग गरेर हेर्नका लागि सहमति जनाउनु भयो ।

त्यस विचारलाई कार्यान्वयन गर्न क. इस्कालोनाको कमाण्डमा रहेका छापामारहरूलाई क. इग्नासियो पेरेज र क. राउल क्यास्त्रोको प्लाटूनसँग मिलेर आक्रमण गर्न खटाइयो । ती कमरेडहरू ब्यारेकका लागि प्रस्थान गरे । त्यहाँ ब्यारेक नजिक पुग्न उनीहरूले हरसंभव प्रयास गरे । तर सैनिकहरूको कडा मुकाबिलाले गर्दा उनीहरू आक्रमण नगरीकन नै फर्के ।

त्यसपछि क. चे ग्वेभाराले आफ्नो कमाण्डमा आक्रमण गर्नका लागि छापामारहरू माग्नु भयो । क. फिडेलले

त्यसको लागि स्वीकृति दिनु भयो र क. चे ग्वेभारा केही छापामारहरूसहित आक्रमण गर्न हिंड्नु भयो ।

क. चेको सोचाई अनुसार जतिसक्दो उति ब्यारेकको नजीक पुग्ने, पेट्रोल जस्तो विस्फोटक पदार्थले भरिएका मोलोतोभ सिसीहरूको प्रहारले ब्यारेकका काठका घरहरू जलाउने र सेनाका जवानहरूलाई आत्मसमर्पण गर्न बाध्य पार्ने वा गोलीको निशाना बनाउने योजना थियो ।

यो सोचाइलाई कार्यरुप दिन क. चे ले आफ्ना छापामारहरूको लागि युद्ध क्षेत्र छान्दै पोजिशन लिन थाल्नु भयो । तर अचानक उहाँले क. अलमइदा मार्फत् क. क्यास्त्रोको चेतावनीले भरिएको पत्र पाउनु भयो । पत्रमा यस्तो खालको आत्मघाती आक्रमणमा क. चेलाई निकै चनाखो र सतर्क हुनका लागि चेतावनी दिंदै उहाँले क. चेलाई युद्धमा भाग नलिन कडा आदेश दिनु भएको थियो ।

पत्र ल्याउने अल्मइदाले क. चेलाई आफ्नै जिम्मेवारीमा आक्रमणमा सहभागी हुनसक्ने विचार व्यक्त गरे । आक्रमणको क्रममा जोसुकै पनि मर्न सक्ने विचार लिई क. चे पनि आक्रमणमा सहभागी हुनुभयो ।

भोलिपल्ट विहानैदेखि सरकारी सेनाले निरन्तर रुपमा हवाई आक्रमण गर्न थाल्यो । त्यसैले क. चेको नेतृत्वमा ब्यारेकमाथि आक्रमण गर्न गएका छापामारहरूलाई फर्कनका लागि आदेश दिइयो । छापामारहरूले आ-आफ्नो सेल्टर छाडेर निस्कन लागेका सैनिकहरूमाथि टेलिस्कोपयुक्त बन्दुकले प्रहार गरेर सियरा माइस्त्राका बाटाहरूबाट फर्कन थाले ।

केही दिनपछि छापामारहरूको सम्पूर्ण शक्तिले पिनाडेल अगुआको सैनिक ब्यारेकमाथि भीषण आक्रमण गऱ्यो । यो आक्रमण सफल भयो, सेनाका १८ देखि २५ जना जति जवानहरू मारिए, ३५ वटा राइफल, ५ वटा मेशीनगन र धेरै खरखजाना जफत गरियो । क. लुइस मासियास लगायत अन्य दुईजना कमरेडहरूलाई छापामारहरूको पंक्तिले गुमाउनु पऱ्यो ।

पिनो डेल अगुआमाथिको सानदार विजयपछि छापामारहरूले सियरा माइस्त्राको पश्चिमी भू-भागको मुक्ति अभियान समाप्त पारे । त्यसको केही दिनपछि छापामारहरू नयाँ-नयाँ युद्ध र नयाँ नयाँ मुक्त क्षेत्रहरूको निर्माणका लागि चारैतिर छरिन थाले । मेजर अल्मइदाको नेतृत्ववाला तेस्रो कोलमका छापामाहरू सान्टियागो शहरतिर हान्निए । मेजर राउल क्यास्त्रोको नेतृत्वमा संचालित छैठौं फ्र्यान्क पाइस कोलमले पूर्वी समथर मैदान पार गर्दै मांगोस डे बारागुआतिर प्रस्थान गऱ्यो । त्यहाँ छापामारहरूले सैनिक र तश्करहरूका ट्रकहरू समात्दै, ससाना सैनिक चौकीहरूमाथि कब्जा गर्दै आफ्नो पंक्तिलाई विस्तार गर्न थाले । क. राउल क्यास्त्रोले क. फ्र्यान्क पाइसकै नाममा दोस्रो पूर्वी फ्रन्ट निर्माण गरेर सियरा डेल क्रिष्टल कब्जा गरे ।

त्यस्तै मेजर अल्मइदाद्वारा नेतृत्व गरिएको कोलमले ओरियन्ते प्रान्तको पूर्वी भाग कब्जा गऱ्यो । त्यहाँबाट अनेक सफल सैनिक अभियान संचालन गर्न थाल्यो ।

## शहरमा आम हडताल

'जुलाई २६ औं आन्दोलन' को राष्ट्रिय समितिभित्रका शहरी जनसंघर्षका पक्षपातीहरूले देशव्यापी आम हडतालको तयारी गर्न थाले । तिनीहरूकै नेतृत्वमा निर्मित 'नेशनल वर्कर्स फ्रन्ट' नामक संगठनको आह्वानमा हुन लागेको यो देशव्यापी आम-हडताललाई याद गरेर क. फिडेल क्यास्त्रोले एउटा घोषणा-पत्र जारी गर्नुभयो । घोषणा-पत्रमा उहाँले बतिस्ताको तानाशाही शासनको विरोधमा युद्ध छेड्नका लागि आह्वान गर्दै अप्रिल १ देखि बतिस्ता सरकारलाई तिर्नुपर्ने कर नतिर्न र शत्रु सेनाका जवानहरूले विद्रोह गरी छापामारहरूसँग हातमा हात मिलाउन अप्रील गर्नुभएको थियो ।

उहाँले श्रमिकहरूको नाममा अर्को एउटा घोषणा पत्र पनि जारी गर्नु भई कान्तिकारीहरूका बीच एकताका लागि आह्वान गर्नुभयो । अन्ततः शहरी जनसंघर्षका पक्षपातीहरूको नेतृत्त्व भएको 'नेशनल वर्कर्स फ्रन्ट'को आह्वानमा हुने आम-हडतालको दिन अप्रिल नौ आइहाल्यो । तर दुर्भाग्यवश आम-हडतालमा श्रमिकहरू समेत सहभागी भएनन्, हडतालमा उत्रेका देशका केही पुराना कमरेडहरू सरकारी सेनाद्वारा मारिए ।

नौ अप्रिलको दुर्भाग्यपूर्ण दिनमै क. सिमिलोको नेतृत्त्वमा ओरियन्ते प्रान्तका समथर भू-भागमा झरेका छापामारहरूले सेनाको मुटु नै थर्काए । भयभीत सेनाले काफी थप सैनिकहरू जम्मा गरेर बायामो क्षेत्रमा घेरावन्दी गर्ने नीति अप्नायो । त्यसै क्रममा क. सिमिलो लगायत २५ जना छापामारहरू ६०० जना सैनिकहरूको घेराउमा परे । सैनिकहरूको घेराऊ निकै मजबूत र डरलाग्दो थियो, तर घेराऊ तोड्ने छापामारहरूको रणकौशल र साहस त्योभन्दा पनि मजबूत सावित भयो । त्यसै राति क. सिमिलो लगायतका २५ जना छापामारहरूले दुई वटा ट्यांकहरू सहित घेराबन्दी गरिरहेका ६०० जना सैनिकहरूको प्रतिरोध गर्दै अन्ततः भाग्नमा सफलता हासिल गरी छाडे ।

अप्रिल नौ को देशव्यापी आम-हडताल नराम्ररी असफल भएपछि सरकार र सरकारी सेनामा केही उत्साह पलायो । आन्दोलनकारीहरूमाथि दमन गर्न देशव्यापी रुपमा खटाइएका सैनिक जवानहरूलाई केन्द्रीकृत गरी बतिस्ता सरकारले छापामारहरूमाथि ठूलो एकीकृत आक्रमणको तयारी गर्न थाल्यो । त्यसले ओरियन्ते प्रान्तमा विस्तारै विस्तारै सैनिकहरू थुपार्दै १० हजारभन्दा बढी संख्या पुऱ्यायो र सियरा माइस्त्राका पहाडहरूमा रहेका लाल इलाकाहरू ध्वस्त गर्ने सपना देख्न थाल्यो । बतिस्ताको सेनाले विस्तारै आफ्नो आक्रमण अभियान संचालन गऱ्यो । निकै ठूलो संख्या र अत्याधुनिक हातहतियारले सुसज्जित सेनाको आक्रमणले गर्दा छापामारहरू पछि हट्न बाध्य भए । प्रत्याक्रमण गर्दै उनीहरू सियरा माइस्त्राका भित्री-भित्री घना जंगलभित्र छिर्न थाले । अन्ततः छापामाहरूको सबैभन्दा बाहिरी चौकी लास मर्सिडिस गाउँमाथि सरकारी सेनाले २५ मईमा ठूलो आक्रमण गऱ्यो । त्यहाँस्थित छापामाहरूले हजारौं सेनाको आक्रमणको कडा मुकाविला गरे । एकातिर आधी मनले ट्यांक, मोर्टार सहित जमीन र आकाशबाट आक्रमण गरिरहेका हजारौं सेना र अर्कोतिर पुराना हातहतियार सहित बाघ जस्तै निडर भई १० देखि १५ जनाविरुद्ध १ जनाको अनुपातमा प्रत्याक्रमण गरिरहेका केही मुठ्ठीभर छापामारहरू !

क्याप्टेन एन्जेल भर्देसियाको नेतृत्वमा अत्यन्त असमान युद्ध लडेका छापामारहरू अन्ततः पछि हट्न बाध्य भए । छापामारहरूको यही बाध्यता सैनिकहरूको लागि मसानघाटको बाटो सावित भयो । छापामारहरू पछि हट्न थालेको देखेर खुशी भएको तानाशाही सरकारले थप आक्रमणहरू गर्दै जाने आदेश दियो, तर छापामारहरूले पछि हट्ने क्रममा एकसे एक डरलाग्दा जालहरू बिछ्याउँदै गए ।

साढे दुई महिनासम्मको आक्रमण-प्रत्याक्रमणको क्रममा छापामारहरूले जीऊ ज्यान लगाएर बीरतापूर्वक लडे । यस प्रत्याक्रमणमा परी बतिस्ताको सेनामा निकै ठूलो हताहत भयो ।

कति सैनिकहरू मरे, कति घाइते भए, कति कैदी बनाइए र कति भागे भन्ने कुराको कुनै लेखाजोखा नै भएन ।

छापामारहरूसँग भएको तथ्यांक अनुसार सेनाको एउटा ट्यांक, १२ वटा मोर्टार, १२ वटा ट्रिपोड मेशीनगन र ठूलो मात्रामा अटोमेटिक हतियार सहित ६०० वटा हतियार छापामारहरूले खोसेर लिए । त्यस्तै ४५० जना सैनिकहरूलाई बन्दी बनाइयो । तिनीहरूलाई पछि रेडक्रसको हातमा बुझाइयो ।

साढे दुई महिना लामो यस लडाईमा सरकारी सेनाका हजारौं जना सैनिकहरू मारिएको, बन्दी बनाइएको र भागेको तथ्यांकले बतिस्ताको सेनाको ढाड नै सेकिएको महसुस गरायो । तर त्यसको ढाड नै भाँच्ने काम भने सियरा माइस्त्राको अन्तिम छापामार आक्रमणको बेलामा मात्रै भयो, तर त्यसमा पनि बतिस्ता सरकार पूर्णतः पराजित भएको चाहिं होइन ।



*क. चे, क. सिमिलो सियफ्यूगोसका साथ*

क्रमशः

**अर्को अंकमा पढ्नुहोस्- सान्तो क्लाराको महत्त्वपूर्ण युद्ध र अन्तिम आक्रमणको रिपोर्ट ।**

# खुसीको दिन

पुण्यप्रसाद खरेल

'हत् ! यस्तो कोठामा पनि बस्ने हो ?...... भर्खर गाउँबाट आएकाले तिमीलाई त थाहा नै छैन !......... क्या हो त्यो गंगेलाई यादै नभएको ? यस्तो ठाउँमा गुजारा चल्छ ? वहाँ सर्नू ! ...मैले खोजिदिएको छु डेरा !......" उसले अभिभावकले झैं भन्यो ।

अम्बिकाले पनि सोचिन् 'ठीकै होला । यहाँ साँगुरो छ । अलिक फराक ठाउँ पाए राम्रो हुने थियो' ।

तर बोल्न भने सकिनन् । हाकिमको उपस्थितिमा उनी पूरै जेठाजूको सामु परेझैं हुन्थिन् । उनी हाकिमबाट पन्छिन खोज्थिन् तर उनी जता लुके पनि हाकिम चाहिं उनी भए छेउ नै आउँथ्यो र एकथोक् न एकथोक् अर्ती उपदेश गर्थ्यो । आफ्नो श्रीमानको अनुपस्थितिमा पराया लोग्नेको उपस्थितिले उनको सास थुन्थ्यो । सास फेर्न घरि उनी बाहिर जान्थिन्, घरि भित्र ।

अर्को दिन पनि आएर भन्यो- "लु ! मैले डेराको कुराकानी गरिदिएको छु । आजै सर्नू !...... चर्पी पनि सजिलो छ...पानी पनि नजिकै छ ...अफिस पनि नजीक पर्छ... भरे नै सर्नू... खोई गंगे ?

'कसकसका छोरीलाई जागीर खुवाउने भनेर..... दुनियाँका छोरी बिगारेर कस्तो बिजेती...... भन त ! आज आएको थियो त्यो यता ?....' गएर सिरानीमा राखेको उसको सिरूपाते खुकुरी भिक्छ र दापबाट निकाल्छ ।

भरे गंगे आएपछि म कहाँ पठाउनु !...म त्यसलाई सरिहाल भन्छु ..."

उनी एकै शब्द बोलिनन् । शुरु शुरुमा उसले भलै चिताएको जस्तो लागे पनि अहिले दिक्क लाग्न थालेको थियो । चिया खान माग्ने निहुँमा घरी ऊ भान्सा कोठाभित्रै पस्थ्यो । उनले अप्ठ्यारो लागेर बाहिर निस्कँदा पछि पछि बाहिरै निस्कन्थ्यो । यस्तो चालले उनलाई हैरान पारेको थियो । अझै आज त उसले मुखैले बोल्यो- "मलाई त नारी जातिप्रति खुब श्रद्धा लाग्छ । आफ्नै जस्तो लाग्छ । "दुःख गरेको देख्ता नमीठो लाग्छ ...छिटो पर सर्नू ! मलाई केही मद्दत गर्न नजीक होओस्...।"

उनका पेटमा छेपारो त पसेकै थियो । तर हाकिमले गंगेलाई विवश पारेछ । शुक्रबार विहानै पिउनले भाडाकुँडा लुगा फाटो ओसाऱ्यो । लोग्नेले शुटकेश झोलातोला झुण्ड्यायो । अम्बिकाले पनि छोरीलाई काखीमा च्यापिन् र छोरालाई डोऱ्याएर हाकिमले भनेकै डेरातिर लुरुलुरु गइन् ।

एक हप्ताभित्रमा हाकिम उनका कोठामा चौध चोटि आयो । सकभर गंगे नभएकै मौका पारेर आयो । अम्बिकाले त्यस हाकिमको करतूत थोरबहुत बुझिन्, त्यसैले आफ्नो थैलीको मुख बलियो गर्ने अर्कालाई चोर दोष नलगाउने ठानिन्' तैपनि बेलुका आफ्नो श्रीमानसँग मुख खोलिन्- "तपाईंको पो त्यो हाकिम हो । मेरो को हो र त्यो ? ...फेरि आएर त्यस्तै कुरा बोलेछ भने चैं म सहन्न... सहन्न है म सहन्न !..."

"हेर ! घरबाट आउँदा पनि अनेकन विवाद र झगडा पऱ्यो । भाइले पनि औंला ठड्यायो । बाबुआमाले पनि तिमीलाई लिएर हिंड्दा छोरै होइन जत्तिकै गरे... अलिक सोच्नु पर्छ...!"

"के सोच्नु ? "म त सोझा बाबुआमाका कुरा सुनेकी, सोझो गरीबनी खाएकी मान्छे ?... आफ्नो जीऊ ज्यानभन्दा प्यारो त केही हुँदैन... मैले त आफ्नो ज्यान तपाईंलाई सुम्पिएको ठानेकी छु त्यति हो !..."

"हो कि त्यो त !...तर नाथे खर्दारको जागीर ! हाकिमसँग टेक गरेर कसरी सकिन्छ र ? कति कुरा सहनु पनि पर्छ । जागीर गैगयो भने कसरी फर्किनु फेरि भोलि नै त्यही घरतिर ? फेरि भोलि नै सरुवा गऱ्यो भने पनि कता नि हाँडी र चिण्डा बाकेर हिंड्नु ? ...कति शत्रु कति मित्र.........?"

"के नामर्द कुरा गऱ्या ? त्यही तपाईंको हाकिमका कुरा मान्नु, त्यसलाई सुम्सुम्याउनु भनेको तपाईंले ? तपाईंका जागीरका लागि मैले ...? कि के, मलाई चाहिं भोलि नै विदा दिनुहोस् ! म यो सहन्न ...एक ...दुई...तीन सहन्न !..."

"कस्तो निहुँ खोज्ने कुरा गरेकी नि फेरि ?.... तिम्रो इज्जतको ख्याल मलाई चाहिं छैन भन्ने बुझ्यौं कि क्या हो ? म आफैं तिमीलाई त्यस्तो...तिमीले के शंका गरेकी ? दुई दुईटा छोरा छोरी भए अझै हाम्रो चिनजान हुन बाँकी नै छ र ? अलिकति त पुर्खाको रगत छ नि यी दुब्ला पाखुरामा । तर सस्याना कुरामा जोगिएर आफू पनि जोगिउँ र जागीर पनि जोगाउँ भन्नेसम्म कुरा गरेको नि !...

गंगे अफिस गयो । आज शुक्रबारको दिन । तीन बजे नै फर्कन्छ भनेर अम्बिकाले पर्खिन् । छोरालाई 'बोर्डिङ' पठाएकी छन् । जागीरे सभ्यताले छोरालाई बोर्डिङ पठाउने भइन् उनी पनि । सानो नानी निदाएको छ । मनबाट हाकिमको भूत हटाउनै सक्तिनन् । उनले कति कोशीस गरिन् त्यो भूतलाई रछानमा फ्याँक्ने, तर जति कोशीस गरे पनि त्यो भूतले आफ्नै छायाँ झैं पछ्याएको छ, छ !

बाऱ्ह बज्न पाएकै थिएन । हाकिम त फेरि सिंडी उक्लिंदै छ । लोग्नेको जागीर बचाउन उनले रीसको साँपलाई अलिकति दूध खुवाएर भुल्याइन्, अलिक मथ्थर पारिन् । हाकिम सरासर उनको कोठामा पस्यो । उनी जुरुक्क उठिन् र ठाउँ सरिन् । हाकिम आएर विछ्यौनैमा बस्यो । आँखा र चालढाल त उसको सार्है राम्रो थिएन । उनले धेरै प्रयत्नले धैर्य थामिन् ।

हाकिमले भन्यो- "किन रातो रातो मुख पारेको ?...चिया खान दिनु पऱ्यो भनेर ? एक ग्लास चिया दिन पनि यस्तो महँगो ? पैसा छैन भने लु ...!" उसले एउटा हात्तीको नक्सा भएको नोट अम्बिकापट्टि लम्कायो । "राख्नोस् तपाईंको पैसा ! चियासम्म खुवाउन चाहिं जागीर नभए पनि सक्छौं । अलिली त हिंड बाँधेकै टालो हौं हामी पनि " उनी भान्सा-कोठातिर गइन् । हाकिम पनि भान्सा कोठातिरै पस्यो । त्यतिबेला नै कसैले बाहिर बोलाएकोले बाहिर निस्कियो । फेरि एकै छिनमा भित्रै पस्यो । उसले अम्बिकालाई भन्यो- "अम्बिका ! तिमीलाई केही आपत्ति भए मलाई भन्नू तर म आउँदा मुख चाहिं न विगार्नू है । मन पर्दैन भने म नआउँला । तर मलाई चाहिं घरको सम्झना आइरहन्छ । श्रीमतीको, घरको नियास्रो मेटाउन आइरहन मन पर्छ । मेरी श्रीमती पनि तिमी जस्तै !... अनुहार रिसाएको जस्तो गरे पनि भित्रकी चाहिं दयालु !......"

"..................." दारा किटिन् अम्बिकाले ।

"अम्बिका ! ...म एउटा कुरा भन्छु ल । भोलि बिहान म आउँछु

श्री ५ महाराजाधिराजको
स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य र चीरायुको
कामना गर्दछौं !

नेपाल बैंक लिमिटेड

आठदेखि नौ बजेभित्र । तिमीसँग 'प्राइबेट' कुरा छ । बरु म तिमीलाई राम्रो, सुहाउने सारी भए पनि किनी दिउँला । ...हो कि ! ...गंगेलाई त्यतिबेला तरकारी किन्न हाट पठाउनू ल !...तिमीलाई पनि म मद्दत गर्छु तिमीले मलाई पनि मद्दत गर ल !............"

"............" अम्बिकाले यो पनि खपिन् ।

हाकिम गयो । अम्बिका मानौं चण्डी बनिन् । गंगे आउनासाथ झगडा हुने पऱ्यो । गंगेको सल्लाहले नै आएको हो कि त्यो भन्ने शंका पनि उनको मनमा उठ्यो । स्वास्नी हाकिमकहाँ पठाएर प्रमोशन गराउँछन् अरे केही कर्मचारीहरू भन्ने कुरा पनि सुनेकी थिइन् । उनलाई उखर्माउलो भयो । हिजोको गंगेका निम्जा कुराले पनि उनलाई बढी इख्यायो । गंगे आउन्जेल धैर्यसाथ पर्खिन पनि उनलाई कठीन भयो । ढीलो ढीलो गरेर भए पनि प्रतीक्षित समय आयो । थकित अनुहार लाएर गंगे आयो । कथामा श्रृंगारको निहुँमा जंगिने शीशीर बसन्तकी सौतेनी आमा झैं अम्बिका पनि आगो भएकी थिइन् ।

"हाकिमलाई यता पठाएर के जाँच गर्न लाग्नु भएको थियो तपाई ?...तपाईलाई मेरो दाममा बढुवा चाहिएको हो ?..."

"तिमीले भन्न खोजेको चाहिं के हो ? छिचोलेर भन न । खानासाना बनाउन ओर्न मद्दत होला भनेको त के को निहुँ मात्र झिक्छ्यौ ! आइपुग्न पाएकै छैन !..."

" के नबुझेको जस्तो गऱ्या नि ? त्यो तपाईहरूको साँढे छ नि साँढे ! त्यसलाई अन्तै पठाउनू नि ! अन्त ठाउँ पाइएन ?..."

"हाम्रो हाकिम यता आउनु भएको थियो ? प्रष्ट भन न । त्यो आज पनि यता आएको थियो भने म अहिले गएर त्यसलाई दुई टुक्रा पार्छु... त्यो स्साले ! कसकसका छोरीलाई जागीर खुवाउने भनेर ...दुनियाँका छोरी बिगारेर कस्तो बिजेती ... भन त ! आज आएको थियो त्यो यता ? ..." गएर सिरानीमा राखेको उसको सिरुपाते खुकुरी झिक्छ र दापबाट निकाल्छ ।

अम्बिका उसलाई समाउँछे- "भैगो अहिले कतै जानु पर्दैन । यो तुजुक पनि देखाउनु पर्दैन ... नाडीमा ताकत छ भने देखाउनू भोलि, त्यो यहीं आउँछ । भोलि बिहान आउँछु भनेको छ- कस्तो रण्डो ? आफ्ना मुनिका कर्मचारीका डेरा डेरा धाउने । लोग्ने मान्छे नभएका बेलामा विस्तरा, भान्सा कोठामा आफ्नै घर जहान झैं पस्छ । सक्नु हुन्छ भने भोलि मलाई मद्दत गर्नू, नत्र भने भोलि बिहान म एक्लै त्यसलाई ठीक गर्छु ............"

"मेरो आङ्ग त अब नाङ्गो हुँदै हुँदैन । लुगाले मात्र ढाक्छ र मान्छेको नाङ्गोपन ?... त्यस किचकले मलाई मलमलका लुगामा पनि नाङ्गो पार्ने प्रयत्न गऱ्यो, तर सकेन ।

भोलिपल्ट नौ बज्न पाएकै थिएन- "हाकिमको हात च्याट्टै छिनाएको छ अरे...... अम्बिका भन्ने उसकै कार्यालयको खर्दारकी स्वास्नीले खुकुरीले छिनाई अरे... त्यस राँगालाई ...बल्ल मर्दका फेला परेछ त्यो राँगो... " यो हल्ला स्यालको हुइँया भएर क्षणभरमै त्यो सानो शहरभरि फैलियो । मानौ, कुनै हल्लाको आँधी आएको हो । हाटको दिन परेकाले पनि हल्लालाई मल लाग्यो ।

कसैले डाक्न बोलाउनु परेन, आइमाइ-हरूको छिचोली नसक्नुको भीड जम्मा भैहाल्यो चोकमा । अम्बिकालाई पुलिसले पक्रेको छ अरे भन्ने हल्लाले त आइमाईहरूको संयमलाई हाँकै दिए जत्तिकै भयो । त्यति ठूलो र फराक ठाउँ त होइन त्यो, तर पनि हाट जानेले हाट बिर्से, किनमेल छाडे, भान्सामा हुनेले डाडू पन्यू थन्क्याए । मेला पात माया मारे । डढोस् तर्कारी या उम्लियोस् दूध, चुलाहरू निर्जन भए, चोक आवाद भयो । हेर्दा हेर्दै महिलाहरूको जुलूस शुरु भयो । यस्तो लाग्थ्यो- मानौं, अन्यायले र पापले गाग्रो भरिएको ठानिरहेका थिए महिलाहरू । पापले बल्ल धुरीबाट साइरन बजाएको थाहा हुँदै थियो । अघिल्ला दिनसम्म त्यस हाकिमको मनपरीको विरुद्ध पोल्टामा आगो बोकेकाहरू आज त्यो आगो ओकल्न, आफू आफू त्यो आगो निकाल्न भरमग्दूर लागेका थिए । महिलाहरूको जुलूस प्रहरी कार्यालयतिर लाग्यो ।

प्रहरीका हाकिमलाई पुरुषहरूको दवाब छेक्न सजिलो हुन्थ्यो, महिलाहरूको छेक्न गाऱ्हो भयो । हाकिम महँगो अपराधमा परे । "म काठमाडौंको सि.डि.यो भएको भए !...त्यस आन्दोलनमा भुटिदिनेथें तीन चारहजार साले आन्दोलनकारीलाई अनि आफैं आन्दोलन तैं चुप मै चुप !... " भन्ने हाकिमले हात काटिमागेर पनि छुटकारा नपाउने छाँट देखियो । उसका गोलीहरू कुन कुना पसे ? गोलीहरूलाई पनि नैतिक बल चाहिन्छ कि जस्तो देखियो । ब्यानडेज गरेका हातसँग हाकिमलाई कालो मोसो र जुत्ताको मालामा बजार परिक्रमा गराए महिलाहरूले । अर्कातिर अम्बिकालाई अबीर र मालामा जयजयकार गरियो । धेरै पुरुषहरूले पनि सहयोग गरे तर पनि जुन अभूतपूर्व कार्य भयो, त्यो नारी इज्जतको प्रमोशन थियो । दुई एक अस्मिताको मूल्यमा भौतिक सुख किन्न पल्केका नैतिकताका हत्यारा महिलाहरू दूला पसे । "मोसो उनीहरूलाई घस्नुपर्छ" भन्ने आवाज पनि ठूलै थियो तर भागेर र दैलो ठोकेर उनीहरू यो पल्ट जोगिए ।

हाकिमलाई भीडबाट छुटाएर प्रहरीले सुरक्षा गऱ्यो । गंगा र अम्बिका डेरामा पुगे ।

अर्को दिन हिजो र आजको दुई समयको बीचमा आएको आश्चर्यचकित भिन्नताले गंगा र अम्बिकालाई असंतुलित बनाएको थियो । ती दुईमा भएको त्यो घटनाभन्दा अगाडिको शंकायुक्त, विवादयुक्त स्थिति पखालिएको थियो । अम्बिका प्रसन्न थिई । गंगा किंकर्तव्यविमूढ थियो । जागीरको सिंगौरोमा धुल्याहा लागेकै हो कि त भन्ने आशंकामा ऊ अँध्यारो थियो । भोलिप्रति शंका ग्रस्त देखिन्थ्यो ऊ । तर अम्बिका बिपरीत ध्रुवमा थिई, ढुक्क थिई ।

"किन अँध्यारो हुनु भएको तपाई ? यत्रा मानिसहरूले स्याबासी दिए !...... तपाईलाई चाहिने कुरा त्यही स्याबासी होइन ? ......" अम्बिकाले कुरा उठाई ।

"स्याबासीले तिम्रो नाङ्गो आङ्ग ढाक्छ र ? छोराको 'बोर्डिङ' चल्ला र, ...जागीर रहन्छ कि जान्छ ठेगान खोई ?......" व्यथा बोल्यो गंगाको ।

"मेरो आङ्ग त अब नाङ्गो हुँदै हुँदैन । लुगाले मात्र ढाक्छ र मान्छेको नाङ्गोपन ?...त्यस किचकले मलाई मलमलका लुगामा पनि नाङ्गा पार्ने प्रयत्न गऱ्यो, तर सकेन । कोही कोही मान्छे मूल्यवान लुगा लगाए पनि नाङ्गै हुन्छन् । कोही बिना लुगाफाटो पनि जरझुट्ट हुन्छन् !...सुर्ताउनु पर्दैन तपाईले रतिभर पनि !...म भएँ ?.........लु त हेरौं कसरी जान्छ तपाईको जागिर ?...त्यसमाथि भएन जागिरै नभए पनि हाम्रो पितापुर्खाले राम्ररी निर्वाह गरेकै हुन् नि !......"

सावित्री जस्ती देखिई अम्बिका । उसले अझै भनी- "मलाई त आजसम्म यस्तो रमाइलो दिन आएकै थिएन । मलाई कसैले सबैभन्दा खुसीको दिनको बारेमा सोधेमा यही दिन सबैभन्दा खुसीको दिन भन्ने छु । लङ्डो ठानेकी थिएँ मैले आइमाईलाई, तर मलाई थाहा भयो हामी पनि सत्कारहेछौं अन्यायको विरुद्धमा लडाई गर्न । इज्जतका निम्ति लडाईमा उत्रिने मान्छेको भीड देखेर म त अत्यन्त खुसी भएकी छु । ......"

*प्रिय पाठकहरू ! कथाको यथार्थ टुङ्गियो । कथाकारको नाताले मलाई करेली नलागेको कलम प्राप्त भए, म हाकिमको प्रमोशन र गंगेलाई निलम्बन गरिएको कुरा पनि यहाँ पुछ्रे पारेर ल्याउँथे । कथालाई किन घटना विवरण पार्ने भनेर मैले मास्तिरै कथा टुंग्याइसकेको छु ।* ❑

श्री ५ महाराजाधिराजको
स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य र चीरायुको
कामना गर्दछौं !

मेयर बेलप्रसाद श्रेष्ठ
तथा धुलिखेल नगरपालिका, परिवार

श्री ५ महाराजाधिराजको
स्वर्ण शुभजन्मोत्सवको
उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य र
चीरायुको कामना गर्दछौं !

रोहितकुमार कार्की
अध्यक्ष
खनार गाविस, सुनसरी

# ब्रम्हाण्डमा एक अर्को सौर्य मण्डल

# '५१ पेगासस्'

अब ब्रम्हाण्डमा हाम्रो सौर्य परिवारले एक्लो महशूस गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। गतः आश्विन २० गते इटालीको फ्लोरेन्समा भएको एक सभामा बैज्ञानिकहरू माइकेल मायोर र डिडायर क्वेलोजले सौर्य परिवार बाहिर आकाश गंगामा एक ग्रहको अन्वेषण गरेको प्रतिवेदन पेश गरेर विश्वको ध्यान त्यतातिर आकर्षित गर। उनीहरूले सो प्रतिवेदनमा आकाश गंगाको '५१ पेगासस्' नामक तारालाई एउटा ग्रहले आफ्नो कक्षमा रही परिक्रमा गरिरहेको कुरा उल्लेख गरेका छन्।

मायोर र क्वेलोज स्विटजरल्याण्ड स्थित जेनेभा वेधशालाका वैज्ञानिकहरू हुन्। पछि उनीहरूको अन्वेषणलाई अमेरिकाको सान फ्रान्सिसको राज्यको विश्व विद्यालयका भौतिकशास्त्रका र खगोल शास्त्रका प्रोफेसर ज्योफ्रे मर्सिको टोलीले पनि पर्याप्त तथ्यहरू सहित अझ राम्ररी पुष्टि गरेका छन्।

बृहस्पति ग्रहभन्दा करीब आधा सानो र पृथ्वीभन्दा करीब १६० गुणा ठूलो पिण्डको उक्त नयाँ ग्रहले पृथ्वीबाट करीब ४० प्रकाश वर्ष टाढाको दूरीमा रहेको '५१ पेगासस्' नामक तारालाई करीब ५० लाख माइल अर्थात् ८० लाख कि.मी. टाढाबाट परिक्रमा गर्दछ। यसरी त्यो ग्रहले सौर्य प्रणालीसँग मिल्दोजुल्दो रहेको एक अर्को खगोलीय प्रणालीलाई उद्घाटन गरेको छ र त्यो '५१ पेगासस् प्रणाली' हो। '५१ पेगासस्' तारा उत्तरी आकाशमा नाङ्गो आँखाले नै देख्न सकिन्छ।


गतः आश्विनको अन्तिम हप्तातिर अमेरिकाको क्यालिफोर्निया राज्यको सान डिएगोको नजिक अवस्थित 'लिक वेधशाला' बाट वैज्ञानिकद्वय ज्योफ्रे मर्सि र पाउल बट्लरले '५१ पेगासस् परिवार' को मापन कार्य गरेका थिए। उनीहरूले सो कार्य सम्पन्न गर्न तीन मिटर व्यासको टेलिस्कोप प्रयोग गरेका थिए।

तर '५१ पेगासस् परिवार' को ग्रहलाई सिधै भने देख्न नसकिने रहेछ। किनकि यो ग्रह आफ्नो ताराको यति नजिक (८० लाख कि.मी. मात्र टाढा) छ कि ताराको प्रकाशभित्र यो आफैं हराउँछ। '५१ पेगासस्' ताराको चालमा देखिएको ढलपलपना र त्यसको प्रकाशको तरङ्ग-लम्बाईमा देखिने परिवर्तनको अध्ययनबाट वैज्ञानिकहरूलाई सो ग्रहको सुराक मिलेको हो।

ग्रहहरू अन्वेषण गर्ने क्रममा विगतका कैयौं वर्षहरूमा वैज्ञानिक ज्योफ्रे मर्सिको टोलीले '५१ पेगासस्' ताराको अध्ययन कहिल्यै गर्ने गरेन। किनकि अध्ययन गर्नका लागि छुट्याइएका ताराहरूको सूचीको वर्गीकरण गलत ढंगले हुन पुगेको थियो। स्विस टोलीको अन्वेषणको समाचार सुनेपछि मात्र उनीहरूले आफ्ना योजनाहरू परिवर्तन गरे। गहन अध्ययन पश्चात् उनीहरूले स्विस टोलीको दावी मुताविकको '५१ पेगासस् परिवारको' को अन्वेषणलाई पर्याप्त तथ्यहरू जुटाई पुष्टि गरेका छन्।

तर यस अघिसम्म स्विस वैज्ञानिकहरूको अन्वेषणलाई सन्देहको रुपमा नै लिइएको थियो। किनकि विगत समयमा पनि कैयौं पटक यस्तै अन्वेषणका दावीहरू नभएका होइनन्। तिनीहरू सबै नै व्यापक अनुसन्धान लगाइसकेका थिए। तर, तिनीहरू सौर्य परिवारका ग्रहहरूभन्दा फरक छन्, किनकि ती ग्रहहरू 'पल्सार' नामक मृत तारालाई परिक्रमा गर्दछन्। तसर्थ तिनीहरू प्रकाशको वदलामा घातक अदृश्य विकिरणहरूको घेरामा परेका छन्।

'५१ पेगासस् परिवार' सौर्य परिवारसँग समान छ। त्यसैले यो ब्रम्हाण्डको अर्को सौर्य मण्डल हो। तर यस परिवारको भर्खर मात्र अन्वेषणमा आएको उक्त ग्रह जीवनको लागि उपयुक्त छैन। यसमा जीव रहन सक्ने स्थिति छैन। यो ग्रह आफ्नो ताराबाट, पृथ्वी सूर्यबाट जति टाढा छ त्यसको बीस खण्डको एक खण्ड बराबरको दूरी




एण्ड्रोमेडा र पेगासस तारामण्डल : ५१ पेगासस तारा, पेगासस तारामण्डल भित्रका सयौं ताराहरूमध्ये एक हो

पश्चात् आधारहीन हुन पुगेका थिए। गएको दशकमा ब्रम्हाण्डको विभिन्न स्थानमा रहेका विभिन्न ताराहरूलाई परिक्रमा गर्ने ग्रहहरूको अस्तित्वबारे कैयौं दावीहरू भएका थिए। तर तीमध्ये धेरैजसो नै गलत सावित भए।

गएको तीन वर्षभित्र सौर्य परिवार बाहिर ब्रम्हाण्डमा कम्तिमा दुईवटा ग्रहहरू वैज्ञानिकहरूले पत्ता

मात्र टाढा छ। तसर्थ यसको सतहको तापक्रम प्रायः १००० डिग्री से. रहेको हुन्छ, जुन जीवनको लागि धेरै नै प्रतिकूल छ।

तैपनि '५१ पेगासस् परिवार' को अन्वेषणलाई खगोल विज्ञानमा एक नयाँ अध्यायको रुपमा नै लिन सकिन्छ। किनकि झण्डै पृथ्वीको जस्तै वातावरण भएको मंगल ग्रहमा जीवको अस्तित्व नभएको पुष्टि भइसकेपछि पृथ्वीभन्दा पर जीवनको खोजी गर्न वैज्ञानिकहरूलाई सौर्य मण्डलभन्दा परका पिण्डहरूको अध्ययन गर्नु र तिनीहरूमा जीवनको आशा गर्नुपर्ने बाध्यता भइसकेको छ। त्यसैले तत्कालै जीवनसहितको ग्रहको अन्वेषण नभए पनि सौर्य मण्डल समानको अर्को मण्डलको अन्वेषण हुनु आफैमा महत्त्वपूर्ण घटना हो।

करीब ४०० अरब ताराहरू भएको हाम्रो आकाश गंगा तारा पुञ्जमा करीब ४० अरब ताराहरू अर्थात् कूल संख्याको दश प्रतिशत ताराहरू सूर्य जस्तो हुनसक्ने अनुमान अमेरिकी खगोल वैज्ञानिक फ्रेंक ड्रेकले गरेका छन्। उनले यो अनुमान एक गणितीय समीकरणको आधारमा गरेका हुन्। उनको समीकरणले देखाए अनुसार ४० अरव सूर्य जस्ता ताराहरूमा पनि दश प्रतिशत ताराहरू अर्थात् ४ अरव ताराहरूमा मात्र पृथ्वी जस्तो जीवनको लागि लायक ग्रहहरू हुन सक्ने र त्यसमा पनि ४०० देखि ४००० ताराहरूमा मात्र विकसित सभ्यता भएका ग्रहहरू हुन सक्ने अनुमान गरिएको छ।

यही आशामा फ्रेंक ड्रेकले सन् १९६० देखि नै अनुसन्धान कार्य थालनी गरेका थिए। उनको प्रायोजनालाई 'ओजमा' भनिन्छ। त्यस्तै अमेरिकी अन्तरिक्ष अनुसन्धान संगठन 'नासा' ले पनि यही उद्देश्य राखी एक ठूलो प्रायोजना संचालन गरिरहेको छ। त्यसले नै तीन वर्ष अगाडि अर्थात् १२ अक्टोबर १९९२ मा दश वर्ष लामो योजना शुरु गरेको थियो। 'नासा' ले यस अनुसन्धानको लागि वेष्ट इण्डिज (West Indies) स्थित प्यूर्टोरिको टापूको पहाडी भू-भागमा विश्वको सबभन्दा ठूलो (१००० फूट व्यासको) विशाल रेडियो टेलिस्कोपको स्थापना गरेको छ।

अमेरिका बाहेक रुस, जर्मनी, फ्रान्स, वेलायत, जापान र अष्ट्रेलियामा पनि विशाल रेडियो टेलिस्कोपहरू स्थापना गरिएका छन्।

वैज्ञानिकहरूले अनुसन्धानको लागि ८० प्रकाश वर्ष दूरीभित्रका सूर्य जस्ता ताराहरूलाई मात्र छनौटमा राखेका छन्। उनीहरू सन् २००० भित्रमा सौर्य मण्डल बाहिर जीवनको संकेतको अन्वेषण हुनसक्ने आशामा लागेका छन्।

'५१ पेगासस् परिवार' को अन्वेषणले ब्रम्हाण्डमा जीवनको खोजीका यी प्रयासहरूलाई अझ टेवा दिएको छ र नयाँ भरोसा प्रदान गरेको छ। हेरौं आगामी दिनहरूमा वैज्ञानिकहरूका प्रयासहरू कत्तिको सफल बन्ने छन्!

—तुल्सीदास महर्जन

# के वाम एकता संबन्धी प्रस्थापना भ्रान्तिकारी छ ?

## खगेन्द्र संग्रौलाको आलोचनाको प्रत्युत्तर : दोस्रो र अन्तिम भाग

श्याम श्रेष्ठ


मैले

मूल्याङ्कनको अंक २९ मा प्रकाशित आफ्नो लेखमा मध्यावधि चुनाव हुने भएमा वाम एकता हुनु पर्छ भन्ने सवाल उठाएकी थिएँ । र, वाम एकतालाई मैले 'सर्वप्रमुख खाँचो' भनेर औंल्याएको थिएँ ।

खगेन्द्रजीलाई यो विचार 'भ्रान्तिकारी' लागेको रहेछ । उहाँले लेख्नु भएको छ- "श्याम श्रेष्ठको आशय अनुसार वाम-एकता भएमा त्यस एकताको परिणति एमालेको बहुदलीय जनवादी नेतृत्त्वलाई प्रतिक्रियावादी सत्ताको कुर्सीमा सो सत्ताको असल सेवकका रुपमा आसीन गराउनु मात्र हुनेछ । के यसो गर्नु भनेको जनगणतन्त्रवादी वाम शक्तिहरूले शाही संसदवादी बहुदलीय जनवादको पुच्छरको रुपमा परिणत हुनु होइन ? के यसो गर्नु भनेको क्रान्तिकारी कम्युनिष्टहरूले आफ्नो रणनीतिक लक्ष्यलाई परित्याग गरी आफूलाई प्रतिक्रियावादी संसदीय संरचनाको दास बनाउनु होइन ?"

खगेन्द्रजीको विश्लेषण के रहेछ भने "श्याम श्रेष्ठले एक निर्विकल्प ऐतिहासिक आवश्यकताका रुपमा प्रस्तावित गर्नु भएको तथाकथित वाम सरकारले साकार रुप लिएमा त्यो दक्षिणपन्थी शिविरभित्रको वाम सरकार हुनेछ ।"

खगेन्द्रजीको डर केमा रहेछ भने चुनावमा वामएकता जुन जुन पार्टीबीच गर्ने भनिएको हो "तीमध्ये एमाले सबैभन्दा ठूलो छ र निर्णायक स्थितिमा छ । एमालेको नेतृत्त्वमा शाही संसदवादप्रति दृढताका साथ प्रतिवद्ध बहुदलीय जनवादीहरूको एकछत्र रजाइँ चलेको छ ।" त्यसैले एमालेसित चुनावी एकता भएमा र वाम सरकार बनेमा एमालेले बाँकी अरु शक्तिलाई लत्याएर अघि बढ्नेछ र अरु शक्तिहरू एमालेको पुच्छरका रुपमा परिणत हुनेछन् । यो एमालेलाई प्रतिक्रियावादी सत्ताको कुर्सीमा आसीन गराउन सहयोग पुऱ्याउने काम मात्र हुनेछ । यही भयका कारणले खगेन्द्रजीले चुनावमा एमालेसित वाम एकताको विरोध गर्नु भएको छ । संयुक्त वाम सरकारको अवधारणाको विरोध गर्नुभएको छ ।



खगेन्द्रजीका यी आलोचनात्मक टिप्पणीहरू पढेपछि मलाई के महसुस भएको छ भने उहाँ र ममा एमालेलाई हेर्ने दृष्टिकोणमा, कार्यनीतिक एकतालाई हेर्ने दृष्टिकोणमा र नेपालको विशिष्ट वस्तुगत परिस्थितिलाई हेर्ने दृष्टिकोणमा आधारभूत भिन्नता छ । वस्तु र घटनालाई हेर्ने दृष्टिकोण नै अलग अलग भएपछि निष्कर्ष अलग अलग हुनु अस्वाभाविक हुँदैन । अहिलेको मतभिन्नता यही दृष्टिकोणको भिन्नताले पैदा भएको मतभिन्नता हो ।

पहिले जाँऊ, एमालेलाई हेर्ने दृष्टिकोण संबन्धी सवालमा ।

### एमालेलाई हेर्ने दृष्टिकोण

मैले आफ्नो लेखमा एमाले सरकारको ६ महिनाको व्यवहारलाई लिएर टिप्पणी गरेको थिएँ- "एमाले" विद्यमान आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनालाई बदल्ने काम कम, त्यसैमा घुलमिल हुने काम बेसी गरिरहेछ । ऊ क्रान्तिकारी कम, सुधारवादी बेसी भएको छ । ऊ जनता र सिद्धान्तमा कम, प्रतिक्रियावादसितको कूटनीति र तात्कालीन फाइदामा बेसी निर्भर हुन थालेको छ ।"

मैले त्यसमा स्पष्टसाथ के लेखेको थिएँ भने- "एमाले क्रान्ति र प्रतिक्रान्तिका बीचमा, जनता र प्रतिक्रियावादका बीचमा, आफ्नो साम्यवादी आदर्श र कुर्सी स्वार्थका बीचमा बेस्सरी ढुल्मुलाईरहेछ । उसको अघिल्लो गोडा कुर्सी स्वार्थको लागि जे पनि गर्ने र जे पनि छोड्ने दिशातिर डोरिएको छ । पछिल्लो गोडाले जनता र क्रान्तिलाई पूरा पूरा छोडिसकेको छैन ।"

मेरा यी टिप्पणीहरूलाई खगेन्द्रजीले आफ्नो आलोचनात्मक लेखमा "ती टिप्पणीहरू यथार्थको नजीक छन्" भनेर लेख्नु भएको छ । यसरी तिनीहरूमा आफ्नो सहमति व्यक्त गर्नु भएको छ ।

यहाँसम्म कुरा ठीकै थियो । मत भिन्नता थिएन ।

तर खगेन्द्रजी यत्तिमै संतुष्ट हुनुहुन्न । उहाँले एक कदम अरु अगाडि बढेर एमालेलाई प्रतिक्रियावादी वा दक्षिणपन्थी खेमामा दर्ज गर्न खोज्नु भएको देखिएको छ । एमालेसित चुनावी एकता गर्नु हुँदैन भन्नुका पछाडि उहाँको यो वर्ग विश्लेषण र एमाले संबन्धी धारणाले कारक तत्वका रुपमा काम गरेको देखिएको छ ।

उहाँले आफ्नो लेखमा एमालेले "शाही संसदवादी व्यवस्थाका प्रतिक्रियावादी मूल्य मान्यतामा बाँधिएर...... साम्यवाद संबन्धी आफ्नो रणनीतिक लक्ष्य पूर्णतः परित्याग गरेको", "शोषक वर्गीय वर्ग-दृष्टिकोण अँगालेको", "देश-नरेशको सेवा गर्ने कुरालाई ......पंचायती तोत्र झैं जप्न थालेको" भन्दै भन्दै लगेर उहाँ अन्तमा निम्न विश्लेषणसम्म पुग्नु भएको छ :-

"श्याम श्रेष्ठले......प्रस्तावित गर्नु भएको **तथाकथित वाम सरकरले साकार** रुप लिएमा त्यो **दक्षिणपन्थी शिविरभित्रको** वाम सरकार हुनेछ ।"

> यथार्थमा अहिलेको विन्दुमा एमाले जम्माजम्मीमा नेपाली जनता र क्रान्तिको दुश्मनको कित्तामा पर्छ कि मित्रको कित्तामा ?

"श्याम श्रेष्ठको आशय अनुसारको वाम एकता भएमा त्यस एकताको परिणति एमालेको बहुदलीय जनवादी नेतृत्त्वलाई प्रतिक्रियावादी सत्ताको कुर्सीमा **सो सत्ताको असल सेवकका रुपमा** आसीन गराउनु मात्र हुनेछ ।"

(उद्धृत हरफहरूमा तेर्सो धर्को मेरो -लेखक)

मैले आफ्नो लेखमा मध्यावधि चुनाव भएमा, एकतावद्ध भएर चुनाव लडेमा वामपन्थीहरूको सजिलै अत्यधिक बहुमत आउन सक्छ र संयुक्त वाम सरकार गठन हुने स्थिति पैदा हुन सक्छ । त्यसो भएमा यो राजनीतिक संरचना अन्तर्गत समाज व्यवस्थाको आमूल परिवर्तन किन संभव छैन भन्ने कुरा आम जनताले बुझ्ने भाषामा ब्यवहारबाट देखाउन वाम क्रान्तिकारीहरू सरकारमा जानु पर्छ भन्ने धारणा अघि सारको थिएँ । खगेन्द्रजीले त्यही सरकारमाथि टिप्पणी गर्दै माथि लेख्नु भएको छ- त्यो "तथाकथित वाम सरकार" हो अर्थात् अन्य वाम क्रान्तिकारीहरू र एमाले मिलेर बन्ने त्यो सरकार वास्तवमा वाम सरकार हुनेछैन । त्यो वाम भनाउँदो सरकार हुनेछ । र त्यो सरकार वामपन्थी खेमाभित्रको सरकार पनि हुनेछैन, त्यो दक्षिणपन्थी अथवा प्रतिक्रियावादी खेमाभित्रकै सरकार हुनेछ । त्यस्तो सरकारमा रहेको एमाले नेतृत्व

प्रतिक्रियावादी सत्ताको "असल सेवकका रुपमा" हुनेछ ।

उहाँको यी विश्लेषण नियालेर हेर्दा बन्ने अवधारणा के हो भने- उहाँ अब एमालेलाई वामपन्थी खेमाभित्रको एउटा शक्ति मान्ने स्थितिमा हुनहुन्न । उहाँको धारणा अनुसार एमाले दक्षिणपन्थी खेमामा अर्थात प्रतिक्रियावादी कित्तामा पर्छ । खालि एमाले मात्र होइन, ऊसित मिलेर अन्य वामपन्थी क्रान्तिकारीहरूले सरकार बनाए भने पनि त्यो दक्षिणपन्थी खेमाभित्रको सरकार हुनेछ ।

उहाँको विश्लेषण पढिसकेपछि मभित्र केही प्रश्नहरू पैदा भएका छन्- के एमालेलाई प्रतिक्रियावादी खेमामा दर्ज गर्नु अहिलेको हाम्रो देशको यथार्थ र सत्यको सही प्रतिविम्ब हुन सक्छ ? यथार्थमा अहिलेको विन्दुमा एमाले जम्माजम्मीमा नेपाली जनता र क्रान्तिको दुश्मनको कित्तामा पर्छ कि मित्रको कित्तामा ? के एमालेलाई अहिलेको विन्दुमा जनता र क्रान्तिको शत्रुको रुपमा व्यवहार गर्नु क्रान्तिको हितमा उचित र सही नीति हुन सक्छ ?

मेरो ठम्याइ के हो भने एमाले अहिले जम्माजम्मीमा प्रतिक्रियावादी पार्टीमा बदलिसकेको छैन र ऊ प्रतिक्रियावादी खेमाको शक्ति होइन । ऊ अहिले जनता र प्रतिक्रियावादका बीचमा, क्रान्ति र प्रतिक्रान्तिका बीचमा बेस्सरी ढुलमुलाई रहेछ । कुर्सी स्वार्थमा लम्पट भएर अवसरवादी-सुधारवादी बाटो समात्दै ऊ यही दिशामा अघि बढ्दा ऊ छिट्टै प्रतिक्रियावादी शक्तिमा बदलिने संभावना टडकारो छ । तर ऊ अहिले नै प्रतिक्रियावादी शक्ति भइहालेको छैन, हुने दिशामा मात्र छ । उसको अघिल्लो गोडा कुर्सी स्वार्थको लागि जे पनि गर्ने र जे पनि छोड्ने सिलसिलामा प्रतिक्रियावादको दिशातिर डोरिएको छ, पछिल्लो गोडाले जनता र क्रान्तिलाई पूरापूर छोडिसकेको छैन । जम्माजम्मीमा कुरा गर्नु पर्दा, एमाले अहिले पनि जनता र क्रान्तिको दुश्मनको कित्तामा पर्ने शक्ति होइन, ऊ मित्रको कित्तामा पर्ने शक्ति हो ।

वर्गीय हिसावले कुरा गर्दा एमाले अहिले हिजोको निम्न पूँजीवादी क्रान्तिकारी शक्तिबाट उदार पूँजीवादी शक्तिमा रुपान्तरित हुने संक्रमणकालीन चरणमा देखिन्छ । उसको बहुदलीय जनवादी राजनीतिक कार्यदिशा र कार्यक्रम त्यही दिशामा उन्मुख देखिन्छन् । तर उसले अहिले नै गुणात्मक फड्को मारिसकेको छैन, ऊ अहिले मात्रात्मक परिवर्तनको प्रक्रियामा छ । जम्माजम्मीमा ऊ अहिले पनि निम्न पूँजीवादी शक्ति हो ।

अहिले नै एमालेलाई दक्षिणपन्थी खेमामा वा प्रतिक्रियावादी कित्तामा राखिदिनु क्यान्सर लागेको मान्छेलाई मरेको मान्छेको कित्तामा राखिदिनु जस्तो हुनेछ । यो साँचो कुरो हो कि क्यान्सर लागेको मान्छे मर्ने दिशामा तीव्र गतिले अग्रसर हुन्छ, जसरी सुधारवादी-अवसरवादी बाटो समातेको कम्युनिष्ट पार्टी प्रतिक्रियावादी दिशातिर अग्रसर भएको हुन्छ । तर नमरुन्जेल ऊ जीवत मान्छेको कित्तामा पर्छ नि । मृत्यु त गुणात्मक फड्को हो । त्यो फड्को नै नमारिकन एउटा जीवित मान्छेलाई मरेको मानिसको कित्तामा दर्ज गरिदिनु सही र वैज्ञानिक दृष्टिकोण हुन्छ र ? यो द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण हुन्छ र ?

एमाले जम्मामा प्रतिक्रियावादी भइसकेको छैन, उसको देशीय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादसित मूलभूत अन्तरविरोध बाँकी छ भन्ने कुराको संग्लो प्रमाण त उसलाई हालै जुन कारणले सत्ताबाट जवर्जस्ती अपदस्थ गरियो, त्यसले पनि प्रष्टै देखाएन र ?

यी सब कारणले म खगेन्द्रजीको एमाले संबन्धी वर्ग विश्लेषण र त्यो विश्लेषण गर्ने पद्धतिसित पनि सहमत हुन सकिनँ । उहाँको विश्लेषण पद्धति हेर्दा मलाई लागेको छ- उहाँमा कुनै पनि वस्तुको मात्रात्मक परिवर्तनलाई समग्रमा हेरेर, त्यो वस्तुमा विद्यमान द्वन्द्वरत विपरीत पक्ष र त्यसको मुख्य द्विशालाई समग्रमा हेरेर त्यो वस्तु जम्माजम्मीमा अहिले कुन चरणमा छ भनेर ठम्याउने द्वन्द्वात्मक वस्तुवादी पद्धतिको अभाव भयो कि ? अंश हेरर संपूर्णबारे धारणा बनाइहाल्ने र मात्रात्मक परिवर्तनका केही लक्षणहरू देख्नासाथ वस्तुले गुणात्मक परिवर्तनको फड्को नै नमारिकन त्यसलाई गुणात्मक फड्को मारेको देख्ने गैरद्वन्द्ववादी दृष्टिकोणको समस्या उहाँमा छ कि ?

अब जाँऊ, उहाँको कार्यनीतिक एकता र नेपालको विशिष्ट परिस्थितिलाई हेर्ने दृष्टिकोणबारे ।

**कार्यनीतिक एकता र नेपालको विशिष्ट परिस्थितिलाई हेर्ने दृष्टिकोण**

मैले आफ्नो लेखमा नेपालको तात्कालीन विशिष्ट वस्तुगत परिस्थिति र देशको आवश्यकताबारे प्रकाश पार्ने प्रयत्न गरेको थिएँ । तिनलाई सूचीबद्ध गर्ने हो भने यस प्रकार राख्न सकिन्छ :

❑ नेपालमा वाम शक्तिहरू एकतावद्ध भए भने यही मध्यावधि चुनावमा सजिलै अत्यधिक बहुमत हासिल गर्नु संभव छ (यो भन्दा अघिका दुई आम -चुनावमा पनि ठीक यस्तै स्थिति थियो) र संसद्‌को यस अत्यधिक बहुमतद्वारा वाम सरकार बनाउनु संभव छ ।

❑ नेपाली जनतामा संसद्‌बाटै आमूल परिवर्तन हुने हो कि भन्ने व्यापक भ्रम विद्यमान छ । त्यो संसदीय भ्रम र संसदीय सीमाको व्यापक पर्दाफास गर्नु जरुरी छ ।

❑ आफ्नै वर्ग संघर्ष र व्यवहारको अनुभवबाट आम जनताले यो संसदीय अवस्थाबाट उनीहरूको आमूल परिवर्तनको आकांक्षा किन पूरा हुन सक्दैन भनेर बुझ्नु भन्नाका लागि वाम क्रान्तिकारीहरू अहिले सरकारमा जानु जरुरी छ ।

❑ वाम क्रान्तिकारीहरूले सरकारमा गएर साम्राज्यवाद र सामन्तवादको उत्पीडनको उन्मूलन गर्ने काम थाल्नु पर्छ, प्रत्यक्ष व्यवहारद्वारा यो राजनीतिक संरचनामार्फत् उनीहरूको जीवनमा आमूल परिवर्तन किन आउन सक्दैन भनेर जनतालाई बुझाउन थाल्नु पर्दछ, सरकारले माथिबाट जनताको न्यायपूर्ण वर्ग संघर्ष र प्रजातान्त्रिक आन्दोलनमा ढालको रुपमा काम गर्नु पर्छ, प्रशासनलाई तटस्थ, जनमुखी र भ्रष्टाचारमुक्त बनाउनु पर्दछ, पार्टी र जनवर्गीय संगठनले तलबाट वर्ग संघर्ष र आन्दोलन उठान गर्ने काम गर्नु पर्दछ ।

खगेन्द्रजीले यस्तो वाम एकताको विरोध गर्नु भएको छ ।

विरोधका पछाडि खगेन्द्रजीको तर्क के छ भने- बहुदलीय जनवादी एमाले नेतृत्त्वको सैद्धान्तिक प्रतिवद्धता र व्यवहारिक कार्यकलाप- संसदीय भ्रम र सीमालाई पर्दाफास गर्नु रहेको छैन । जो जो बीच चुनावी एकता गर्ने भनिएको हो, तीमध्ये एमाले सबैभन्दा ठूलो र निर्णायक स्थितिमा छ । त्यसैले, एकता भएमा एमालेले अरुलाई लत्याएर लानेछ र अन्य गणतन्त्रवादी वामशक्तिहरू एमालेको "पुच्छरका रुपमा पतित" हुनेछन् । यो काम प्रतिक्रियावादी सत्ताको कुर्सीमा त्यसको "असल सेवकको रुपमा" एमालेलाई पदासीन गराउनु मात्र हुनेछ । त्यस अर्थमा यो काम गर्नु भनेको "क्रान्तिकारी कम्युनिष्टहरूले आफ्नो रणनीतिक लक्ष्यलाई परित्याग गरी आफूलाई प्रतिक्रियावादी संसदीय संरचनाको दास बनाउनु" हुनेछ ।

खगेन्द्रजीले औंल्याउनु भएका कुराहरूमध्ये म के कुरामा सहमत छु भने, एमालेको राजनीतिक लाइन संसदीय व्यवस्थालाई पर्दाफास गर्नु रहेको छैन, बरु यसलाई सुदृढ पार्नु रहेको छ । यो कुरा त अहिले घोषित रुपमै आइसकेको छ । त्यसैले एमालेबाट संसदलाई जनताको आँखामा नांगोभार पार्ने उद्देश्य पूर्ति हुनेवाला छैन । यो उहाँको सही नै विश्लेषण हो भन्ने मलाई लाग्छ ।

एमाले सबैभन्दा ठूलो पार्टी हो र ऊ निर्णायक स्थितिमा छ भन्ने कुरा पनि जगजाहेर छ । ठूलो र निर्णायक पार्टीले एकता गर्दा अरुलाई लत्याएर लाने खतरा हुन्छ भन्ने कुरा पनि सही नै कुरा हो । यस्तो खतरा हमेशा रहन्छ ।

तर म यिनै कारणले चुनावमा कार्यनीतिक रुपले वाम एकता हुनहुन्न भन्ने खगेन्द्रजीको निष्कर्षसित भने

**कुनै वामपन्थी पार्टी अर्को ठूलो पार्टीको पुच्छर हुन्छ कि हुन्न भन्ने कुराको निर्णायक नापो त्यसको साइज हो र ?**



पटक्कै सहमत हुन सकिनँ ।

असहमतिको एउटा कारण के हो भने- यदि यिनै तर्कका आधारमा वामपन्थी क्रान्तिकारीहरूले निम्न पूँजीवादी सुधारवादी पार्टीहरूसित, साना कम्युनिष्ट क्रान्तिकारी शक्तिहरूले ठूलासित चुनावी मोर्चामा एकता गर्नु हुन्न भन्ने निष्कर्ष निकाल्ने हो भने- सदावहार निष्कर्ष निक्लन संभव छ- कि यस्तो एकता कहिल्यै गर्नु हुन्न । यसबाट ठोस वस्तुगत परिस्थिति हेरेर एकता गर्नु हुन्छ कि हुन्न भनेर टुंग्याउने पद्धतिकै अन्त हुनेछ । सुधारवादी पार्टी हुने बित्तिकै तिनले संसदमै सीमित हुने र संसदको भण्डाफोर नगर्ने समस्या रहीहाल्छ । तिनीहरूसित एकता गर्नु भएन । ठूला पार्टी भएपछि तिनले सानालाई लत्याउने संभावना पनि भई हाल्छ, तिनीहरूसित पनि एकता गर्नु भएन । यसबाट एकता गर्न शुद्ध पार्टी मात्र खोज्ने, आफूभन्दा साना मसिना शक्ति मात्र खोज्ने सतही, संकीर्ण र यान्त्रिक सोचको विकास हुन सक्छ, जुन सही हुँदैन ।

असहमतिको अर्को कारण के हो भने, कुनै वामपन्थी पार्टी अर्को ठूलो पार्टीको पुच्छर हुन्छ कि हुन्न भन्ने कुराको निर्णायक नापो त्यसको साइज हो र ? पार्टीको साइजले एकतामा प्रभाव नपार्ने होइन । ठूलो पार्टीले निश्चय नै एकतामा ठूलै असर पार्ने संभावना राख्छ र सानोले सानो नै । तथापि वैचारिक रुपले कुनै पार्टी कुनै अर्को पार्टीको पुच्छर बन्छ कि बन्दैन भन्ने कुरा मूलतः पार्टीको साइजमा निर्भर गर्दैन । त्यो कुरा त्यो पार्टीको वर्ग-अडान, विचारधारात्मक स्पष्टता, अनुशासन र संगठितपनाको स्तरमा निर्भर गर्छ । पार्टी निकै सानो छ, तर निकै संगठित र अनुशासित छ, वर्ग अडान, विचारधारात्मक रुपले उच्च स्तर राख्दछ भने सानो पार्टी भएर पनि पुच्छर नहुन संभव छ । यसको ठीक उल्टो स्थिति छ भने, ठूलो पार्टी भएर पनि अर्को पार्टीको पुच्छर हुन संभव छ ।

मूर्त रुपमा नेपालको सन्दर्भमा कुरा गर्दा एमाले, एकता केन्द्र, मसाल, नेमकिपा लगायत जुन जुन पार्टीबीच चुनावी एकताको मूर्त संभावना र आवश्यकता भएको हो, ती पार्टीहरू विगतमा पटक पटक एमालेसित एकतावद्ध भएका छन्, तर तिनीहरु एमालेको पुच्छर कै रुपमा पतित भएको इतिहास त देखिन्न । उनीहरु एमालेको तुलनामा साइजमा निकै सानो भएर पनि एमालेसित एकता पनि गरिरहेछन्, एमालेको बेठीक कुराको विरोध पनि गरिरहेछन् । अनि कसरी खगेन्द्रजीले यसै पटक अन्य वामपार्टीहरू एमालेसित एकतावद्ध भएमा पुच्छरको रुपमा पतित हुने संभावना देख्नु भयो ?

त्यसैले, वाम एकता भएमा साइजका आधारमा अन्य वाम पार्टीहरू एमालेको पुच्छर हुनेछन् भन्ने खगेन्द्रजीको चिन्तन् यथार्थपरक नभएर यान्त्रिक पो भयो कि ?

फेरि एकता हुँदैमा संघर्ष नहुने भन्ने कुरा पनि त हुँदैन । चुनावी वाम एकताको मतलव यो होइन कि संघर्षको पक्षको अन्त भयो । जहाँ एकता हुन्छ, त्यहाँ संघर्ष पनि त हुन्छ । एकता-संघर्ष-एकताको द्वन्द्वात्मक सिद्धान्त खगेन्द्रजीलाई थाहा नभएको अवश्य होइन । एउटा साझा उद्देश्य, कार्यक्रम र नीतिका आधारमा एकता हुन्छ । बेसाझा कुराहरूमा आ-आफ्नो मंचबाट संघर्ष जारी नै रहन्छ । एकता हुँदैमा त्यो खत्तम भइहाल्दैन । त्यसैले, चुनावी एकता हुनासाथ अन्य वाम पार्टीको एमालेसित र एमालेको अन्य वाम पार्टीसित संघर्ष अन्त भएकै हुँदैन, न त उनीहरूको आफ्नो स्वतन्त्र लक्ष्य, कार्यक्रम र नीतिहरू नै खत्तम भएका हुन्छन् । अनि कसरी खगेन्द्रजीले एमालेसित चुनावी एकता हुनासाथ अन्य वामशक्तिले आफ्नो रणनीतिक लक्ष्य परित्याग गरेर संसदीय संरचनाको दास हुने संभावना देख्नु भयो ?

एकता भएमा संघर्षको पक्ष छोडिदिने, संघर्ष भएमा एकताको पक्ष छोडिदिने- यो चिन्तन विल्कूलै एकांगी र अवैज्ञानिक भयो । यो द्वन्द्वात्मक वस्तुवादी चिन्तन प्रणाली कदापि भएन ।

याद राखिनु पर्ने महत्त्वपूर्ण कुरा के हो भने, वाम एकता गर्ने कि नगर्ने वा को कोसित गर्ने भन्ने कुरा कसैको दिमागी रहरबाट पैदा हुने कुरा होइन । त्यो देशको मूर्त वस्तुगत परिस्थितिको उपज हो । खास समय र परिस्थितिमा जनताको वर्ग दुश्मनको स्थिति के छ ? उनीहरू कसरी अगाडि बढ्दैछन् ? वर्ग दुश्मनको स्थिति र गतिविधिको परिप्रेक्ष्यमा जनता र क्रान्तिको मूर्त आवश्यकता के हो ? यिनै मूर्त वस्तुगत परिस्थितिलाई हेरेर एकता जरुरत छ कि छैन, जरुरत छ भने को कोसँग जरुरी छ, कुन हदसम्म एकतालाई विस्तार गर्न जरुरी छ, भनेर तय गरिने कुरा हो ।

जतिखेर मेरो लेखमा वृहत वाम एकताको आवश्यकताको कुरा गरिदै थियो, त्यतिखेर नेपालमा जनता र क्रान्तिको दुश्मनको खेमामा- वृहत प्रतिक्रियावादी एकताको षड्यन्त्र चल्दै थियो । कांग्रेस, राप्रपा र सद्भावना एक भएर मैदानमा आइरहेका थिए । संसदीय चुनाव सन्निकट थियो । उनीहरू चुनावमा पनि एक हुने संभावना टड्कारो थियो । नेपाली जनता र क्रान्तिको लागि यो निकै ठूलो खतराको संकेत थियो । उनीहरू संसदभित्र र बाहिर एकतावद्ध भएको स्थितिमा नेपाली जनताको वर्ग-संघर्ष र क्रान्तिको लागि निकै टड्कारो खतरा पैदा हुन्थ्यो, जस्तो अहिले भइरहेछ । त्यो परिपेक्ष्यमा त्यो समय र परिस्थितिमा नेपाली जनता र क्रान्तिको मूर्त आवश्यकता के ? के वामपन्थीहरू ठूलो र सानो, शुद्ध र अशुद्धको ख्याल राख्दै आपसमा बाझिरहनु नै त्यो स्थितिमा बुद्धिमानी हुन्थ्यो ?

यही विशिष्ट बस्तुगत स्थितिको परिप्रेक्ष्यमा- मैले त्यतिखेर वृहत वाम एकताको सवाल उठाएको हुँ । त्यतिखेर नेपालको विशिष्ट परिस्थिति के पनि थियो भने, वामपन्थी शक्तिहरू एकतावद्ध भएमा संसदभित्र र बाहिर दुवै ठाउँमा उनीहरू प्रतिक्रियावादी शक्तिभन्दा बलवान स्थितिमा हुन्थे । संसदमा पनि विना ठूलो मिहेनत र विना क्रान्तिकारी कार्यदिशाको फेरवदल, वामपन्थीहरूको स्पष्ट बहुमत हासिल हुन संभव थियो । यो नेपालको विशिष्ट स्थिति हो । संसारका अनेकौं देशमा यो स्थिति विद्यमान छैन । यो विशिष्ट परिस्थितिको परिप्रेक्ष्यमा मैले वाम एकता र संयुक्त वाम सरकारको सवाल उठाएको हुँ । त्यो पनि संसदीय बाटोबाट आमूल परिवर्तन गर्ने सोचले होइन, जो मैले माथि नै प्रष्ट पारिसकेको छु ।

खगेन्द्रजीले यही विशिष्ट वस्तुगत परिस्थितिलाई बिर्सिदिनु भयो । खास समय र परिस्थितिमा वर्ग-दुश्मनको स्थिति र गतिविधि, जनता र क्रान्तिको मूर्त आवश्यकतालाई चटक्कै छाडेर-निरपेक्ष रुपमा वाम एकता जरुरी थियो कि थिएन ? जरुरी थियो भने को कोसँग मात्र थियो भनेर बहस गरेर कहिल्यै कहीं पनि सही निष्कर्ष निकाल्नु संभव हुँदैन । तर दुःखको कुरो, खगेन्द्रजीले त्यही गर्नु भयो । ठोस वस्तुगत परिस्थिति भन्दा अलग्गिएर बहस गर्ने यो शैली पनि मलाई सही र वैज्ञानिक लागेन । यो द्वन्द्ववादी वस्तुवादी लागेन ।

त्यसैले, न त म खगेन्द्रजीको तर्क पद्धतीसँगै सहमत हुन सकें, न उहाँको निष्कर्षसित नै ।

जहाँसम्म मूल्याङ्कनले आफ्नो प्रकाशनताकाको दुई वटा बाचा बिर्स्यो भन्ने उहाँको गंभीर आरोप छ, त्यसमा, अहिलेको वादविवाद हामी दुई जनाको घटना र वस्तुलाई हेर्ने विश्व दृष्टिकोणको भिन्नताले गर्दा पैदा भएको हो, मूल्याङ्कनले आफ्नो वाचा बिर्सेकाले होइन । मूल्याङ्कन, उहाँले कामना गर्नु भए जस्तै आफ्नो लक्ष्यमा अविचलित भएर अघि बढिरहेछ । तथापि हामीलाई आफ्नो बाचा नबिर्सन बारम्बार सजग गराउनु भएकोमा उहाँप्रति कृतज्ञता जाहेर गर्न चाहन्छौं । उहाँको आलोचनाको निम्ति पनि उहाँलाई धन्यवाद दिन चाहन्छौं, किनकि यसले हामीलाई धेरै सवालमा पुनः घोत्लिएर सोच्न बाध्य पारेको छ र हामीलाई आफूप्रति आलोचनात्मक सजगता बढाउन मद्दत गरेको छ । ❑



के वामपन्थीहरू ठूलो र सानो, शुद्ध र अशुद्धको ख्याल राख्दै आपसमा बाझिरहनु नै त्यो स्थितिमा बुद्धिमानी हुन्थ्यो ?

# नेपालका प्रमुख वाम नेताहरूबीच अन्तर्क्रिया

## क. मोहनविक्रम सिंह, क. शंभुराम श्रेष्ठ, क. माधवकुमार नेपाल, क. सन्देश एकै थलोमा !

नेपालको पहिलो वाम सरकारको यो नौ महिने प्रत्यक्ष अनुभवले के देखायो ? के नेपालमा संसदीय बाटोबाट क्रान्ति संपन्न गर्नु संभव छ ? संसदीय बाटोबाट क्रान्तिको सन्दर्भमा के गर्न संभव रहेछ, के संभव रहेनछ ? यी प्रश्नहरू नेपालका क्रान्तिकारीहरू सामुन्ने अहिले ज्वलन्त सैद्धान्तिक र ब्यवहारिक सवाल भएर तेर्सिएका छन् ।

*नेकपा (एमाले) को सरकार नेपालको इतिहासमा संसदीय बाटोबाट सत्तामा आएको देशको पहिलो वाम सरकार थियो । यो सरकारले कुनै क्रान्तिकारी कामहरू गरिरहेको थिएन । केही सुधारवादी चरित्रका कामहरू मात्र यसले गर्न थालिरहेको थियो । 'आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रम, 'नौ स' को अभियान, वृद्ध-भत्ता, सुकुम्वासीलाई जग्गा वितरण, सुपथ मूल्य पसल, लोड शेडिङ्गको अन्त जस्ता सुधारहरू नै यसका मुख्य कामहरू थिए। तर यिनै सुधारवादी कदमहरूबाट एमालेले दरो जनाधार बनाउला र आफ्नो अस्तित्त्व संकटमा पर्ला भनेर प्रतिक्रियावादी शक्तिहरू यति धेरै अत्तल्लिए कि- एमालेको अल्पमतको सरकारलाई नौ महिनामै संसदमा अविश्वासको प्रस्तावद्वारा अपदस्थ गरियो । एमालेको ठाउँमा कांग्रेस, राप्रपा र सद्भावनाको प्रतिक्रियावादी गठबन्धन सरकार सत्तामा आयो । एमालेलाई सत्ताच्यूत गर्ने सवालमा प्रतिक्रियावादी पार्टीहरू, संसद, न्यायिक निकाय सबै एक गठ देखिए । निष्पक्ष भन्ने गरिएको सर्वोच्च अदालत आफैंले आफ्नो पहिलेको नजीर नाघेर फैसला दिएको देखियो ।*

*नेपालको पहिलो वाम सरकारको यो नौ महिने प्रत्यक्ष अनुभवले के देखायो ? के नेपालमा संसदीय बाटोबाट क्रान्ति संपन्न गर्नु संभव छ ? संसदीय बाटोबाट क्रान्तिको सन्दर्भमा के गर्न संभव रहेछ, के संभव रहेनछ ? यी प्रश्नहरू नेपालका क्रान्तिकारीहरू सामुन्ने अहिले ज्वलन्त सैद्धान्तिक र व्यवहारिक सवाल भएर तेर्सिएका छन् ।*

*मूल्याङ्कन मासिकले यसैलाई ध्यानमा राखेर गएको असोज ३० गते यी सवालहरूमा एउटा महत्त्वपूर्ण विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । त्यस कार्यक्रममा नेकपा (मसाल) का शीर्षस्थ नेता तथा महासचिव क. मोहनविक्रम सिंह, नेपाल कम्युनिष्ट लीगका प्रमुख नेता तथा महासचिव क. शंभुराम श्रेष्ठ, नेकपा (एमाले) का प्रमुख नेता तथा महासचिव क. माधवकुमार नेपाल र नेकपा (एकता केन्द्र) का नेता क. सन्देशले आ-आफ्नो पार्टीको तर्फबाट भाग लिनु भएको थियो । प्रा. माणिकलाल श्रेष्ठ, क. पद्मरत्न तुलाधर, डा. चैतन्य मिश्र र डा. कृष्णबहादुर थापा पनि अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुनु भएको थियो ।*

*नेमकिपाका प्रमुख नेता क. रोहितले पनि कार्यक्रममा आउने बचन दिनु भएको थियो । तर अकस्मात् असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा जाने नेपाली टोलीमा उहाँ छानिनु भएकोले र त्यही दिन उहाँ विदेश प्रस्थान गर्नु परेकोले कार्यक्रममा सामेल हुन सक्नु भएन । नेकपा (माओवादी) का प्रमुख नेता पनि कार्यक्रममा आमन्त्रित हुनुहुन्थ्यो । तर उहाँ त्यो समय उपत्यकामै नरहने भएकाले कार्यक्रममा आउन असमर्थता जनाउनु भयो । प्रस्तुत छ- त्यही महत्त्वपूर्ण विचार अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचारहरूका प्रमुख-प्रमुख अंशहरू-*

**मूल्याङ्कन**

## एमाले सरकारमा जानुको महत्त्व र उपलब्धिहरू के के हुन् ?

### 'हामी सरकारमा जानुको अर्थ सत्ताको एउटा हिस्सामा मात्र हाम्रो कब्जा हुनु हो, पूरै हिस्सामा होइन'

**क. माधवकुमार नेपाल**

**अन्तर्क्रिया कार्यक्रममा विचार अभिव्यक्ति गर्ने शुरु पालो थियो- क. माधवकुमार नेपालको । उहाँले आफ्नो विचार प्रस्तुत गर्दै भन्नु भयो-**




यो अति महत्त्वपूर्ण विषयमा विचार अन्तर्क्रियाको कार्यक्रम राखेकोमा मूल्याङ्कनलाई धन्यवाद दिन चाहन्छु ।

नेपालमा कम्युनिष्टहरूले लामो समयसम्म राष्ट्रियता, प्रजातन्त्र, सामाजिक न्याय र जनजीविकाको लागि बलिदानीपूर्ण संघर्ष गरे । यही प्रक्रियामा जनताको मन र विश्वास जित्न सके र नेपाली राजनीतिको केन्द्रीय भागमा महत्त्वपूर्ण सामाजिक शक्तिको रुपमा आफूलाई स्थापित गर्न सके । त्यसैको फलस्वरुप नेपालमा एमालेको सरकार स्थापित हुन संभव भएको हो ।

कम्युनिष्टहरूका दिन गए, साम्यवादी सिद्धान्तको कुनै औचित्य छैन, अब साम्यवादीहरूको कुनै भविष्य छैन भनेर प्रचारवाजी गर्ने पूँजीवादी-साम्राज्यवादीहरूको मुखमा 'एमाले सरकार' एउटा बलियो भ्रापड सावित भएको छ । समाजवादी सत्ता, समाजवादी सिद्धान्त गलत भएकाले ढलेको होइन, सत्तारुढ कम्युनिष्ट पार्टीको चिन्तन शैली र कार्य शैलीमा रहेका

त्रुटिहरूको कारणले यो ढलेको हो । यदि कम्युनिष्टहरूले आफ्नो देशको समाज-विकासको नियम र ठोस परिस्थितिको सापेक्षतामा मार्क्सवादलाई ठीक ढंगले बुझ्न र लागू गर्न सक्छन् भने मार्क्सवादीहरू अझै सरकारमा आउन सक्छन् र समाजवादको भविष्य उज्वल छ भन्ने कुरा एमाले सरकारको नौ महिनाले प्रष्टै देखाइ दिएको छ । देशको यथार्थ सुहाउँदो वस्तुवादी क्रान्तिकारी चिन्तन एमालेले अंगाल्न सकेकाले नै 'एमाले सरकार' संभव भएको हो ।



नेपालको परिवेशलाई हेर्दा यहाँ एउटा नौलो घटना घटेको छ । पुरानो सामाजिक संरचनाभित्र, अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक अवस्था भएको मुलुकभित्र शान्तिपूर्ण संवैधानिक संघर्षको माध्यमबाट एउटा कम्युनिष्ट पार्टी जनताको विश्वास जितेर सरकारमा आउन सफल भएको छ । राष्ट्र र जनताको हितमा उसले गरेका कामहरूको लोकप्रियताबाट आतंकित भएर प्रतिक्रियावादी शक्तिहरूले षडयन्त्र गरेर उसलाई नौ महिनामै सत्ताच्यूत गर्न पनि सफलता हासिल गरेका छन् ।

यो परिप्रेक्ष्यमा दुईटा भ्रम हावी भएको मैले पाएको छु । एउटा भ्रम छ- यसरी शान्तिपूर्ण संसदीय बाटोबाट एउटा वामपन्थी पार्टी सरकारमा पुगेपछि क्रान्ति भइसक्यो भन्ने । अर्को भ्रम छ- यसरी सरकारमा पुगेपछि एमाले क्रान्तिकारी वर्ग चरित्रबाट च्यूत भयो, यो प्रतिक्रियावादी भयो भन्ने ।

वास्तविकता दुवै होइन ।

एमाले संवैधानिक बाटोबाट शान्तिपूर्ण ढंगले सरकारमा जानुको तात्पर्य यहाँ क्रान्ति सम्पन्न भइहाल्नु होइन । यो सत्ताको एउटा हिस्सामा कब्जा जमाउन सफल भएको मात्रै हो । पूरै सत्ताको हिस्सामा एमालेको कब्जा यत्तिकैमा भइहालेको ठान्नु गल्ती हो ।

अर्को, एमालेले सरकारमा पुगेर क्रान्तिकारी वर्ग चरित्रलाई त्यागी हाल्यो, क्रान्तिकारी वर्ग संघर्षका आधारभूत सिद्धान्त छोडी हाल्यो भन्ने कुरा पनि सत्य होइन । हुन गयो के भने, एमालेले जुन काम गऱ्यो, त्यसले प्रतिक्रियावादी वर्गहरूको स्वार्थमा धक्का लाग्न गयो । उनीहरूको स्वार्थसँग टक्कर पर्दा साम्राज्यवादी-शक्ति र घरेलु प्रतिक्रियावादी शक्तिहरू अत्तालिए र उनीहरूले हामीलाई पन्छाउनका लागि षड्यन्त्र गरे । र, षड्यन्त्रबाट नै हामीलाई सत्ताच्यूत गरे ।

# संसदीय बाटोबाट के गर्नु संभव छ, के छैन ?

## एमाले सरकारको नौ महिने अनुभवको परिप्रेक्ष्यमा

हाम्रो मान्यता के हो भने, एउटा कम्युनिष्ट पार्टीले संघर्षको कुनै पनि मोर्चामा मैदानबाट पिठ्यूँ फर्काएर भाग्नु हुँदैन । कम्युनिष्ट पार्टी भनेको सर्वहारा वर्गको अग्रदस्ता हो । उसले वर्ग संघर्षका हरेक मोर्चामा आफ्नो श्रेष्ठता र योग्यता देखाउन सक्नुपर्छ । संसदीय मंच पनि त्यस्तै एउटा मोर्चा हो । प्रतिक्रियावादीहरू बलिया छन् भनेर यो मोर्चामा प्रतिद्वन्दिता गर्न डराउनु पराजयको मानसिकता हो । यो पलायनवादी सोच हो ।

संघर्ष माथिबाट तल पनि हुनसक्छ, तलबाट माथि पनि । संसदीय बाटोबाट सत्तामा जानु संघर्षलाई माथिबाट तलतिर संचालन गर्नु हो । हामीले माथिबाट कानूनी संघर्ष संचालन गर्दा पनि सशस्त्र संघर्षलाई बिर्सिरहेका हुन्नौं । हामीले तलबाट संशस्त्र संघर्ष संचालन गर्दा पनि कानूनी मोर्चामा हुने संघर्षलाई बिर्सिरहेका हुन्नौं । यही धारणा अन्तर्गत संसदीय चुनावद्वारा राजकीय फाँटमा गएर पनि संघर्ष गर्ने, आफ्नो शक्तिलाई अभिवृद्धि गर्ने र विरोधी शक्तिलाई परास्त गर्ने उद्देश्य लिएर हामी सरकारमा गएका हौं ।

चारैतिर समाजवादी व्यवस्था ढलिरहेको अवस्थामा कम्युनिष्टहरूको मनोवल उठाउन र प्रतिक्रियावादीहरूको मनोवल गिराउन पनि सरकारमा जान जरुरी भएको हो ।


संवैधानिक बाटोबाट सत्तामा जाँदा हामी सत्ताको एउटा हिस्सामा मात्र कब्जा जमाइरहेका हुन्छौं, सबै हिस्सामा हाम्रो कब्जा भइसकेको हुन्न । यही सीमा अन्तर्गत पनि जनता र राष्ट्रका कतिपय माग र चाहनालाई पूरा गर्न सकिन्छ, क्रान्तिकारी शक्तिलाई सुदृढ पार्दै लान सकिन्छ, साम्राज्यवाद र सामन्तवादलाई क्रमश: अन्त गर्दै लान सकिन्छ भन्ने कुरा नौ महिनाको अनुभवले देखाएको छ । यसरी अगाडि बढेर पनि समाजलाई आमूल परिवर्तनको दिशामा लिएर जान सकिन्छ भन्ने कुरा पनि हाम्रो अनुभवले देखाएको छ । यसरी हामीले शक्ति वृद्धि गर्दै अघि बढ्दै जाँदा एउटा खास अवस्थामा पुगेपछि झन् हाम्रो प्रतिरोध गर्ने शक्ति निकै मजवूत हुन्छ, संघर्षहरूबीचको आपसी संबन्ध फड्को मार्ने चरणमा पुग्छ, हामी समाजमा क्रान्ति गर्न सक्छौं, आमूल परिवर्तन गर्न सक्छौं । तर हामी त बीचैमा नौ महिनामै सत्ताच्यूत गरियौं ।

### क. माधवलाई क. शंभुरामको प्रश्न:

***प्रतिक्रियावादीहरूले कम्युनिष्टहरूलाई सत्ताच्यूत गर्ने घटना कुनै नौलो होइन । तपाईहरूको आफ्नो कमजोरी चाहिं कहाँनेर हुन गयो, त्यो ब्यवहारिक पक्षको कुरा केही बताउनु हुन्छ कि ?***

**यो परिप्रेक्ष्यमा दुईटा भ्रम हावी भएको मैले पाएको छु। एउटा- यसरी शान्तिपूर्ण संसदीय बाटोबाट एउटा वामपन्थी पार्टी सरकारमा पुगेपछि क्रान्ति भइसक्यो भन्ने। अर्को- यसरी सरकारमा पुगेपछि एमाले क्रान्तिकारी वर्ग चरित्रबाट च्यूत भयो, यो प्रतिक्रियावादी भयो भन्ने ।**

**यही सीमा अन्तर्गत पनि साम्राज्यवाद र सामन्तवादलाई क्रमशः अन्त गर्दै लान सकिन्छ**



मैले "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रमलाई संगठनात्मक दृष्टिले हेर्ने प्रयत्न गरेको छु । यो कार्यक्रममार्फत् विभिन्न विचार र राजनीतिका जनताहरू एउटै खालको संगठनमा संगठित भएको देखिएको छ । जुनसुकै राजनीतिका मानिसहरू पनि यसमा सामेल भएको देखिएको छ । चाहे हेल्थपोष्ट बनाउनु होस् वा बाटो खन्न, जनताहरू संगठित भएका छन् ।


त्यसैले, संसदीय बाटोबाट सरकारमा जाँदा के गर्न संभव छ को एउटा उत्तर- जनतालाई जनमुखी कार्यक्रममार्फत् एकै ठाउँमा गोलबन्द गर्न सकिन्छ र यसरी जन संगठन विस्तार गर्न सकिन्छ । जनताहरू संगठित हुनु भनेको क्रान्तिको लागि धेरै महत्त्वपूर्ण कुरा हो । जनतालाई झन् झन् बढी संगठित पार्दैलान सकेको खण्डमा अहिले संभव नदेखिएका कुराहरू पनि गर्न संभव रहनेछन् ।

## के के गर्न संभव छ भन्नका लागि नौ महिनाको अनुभव निकै अपर्याप्त छ

**क. पद्मरत्न तुलाधर**

**एकजना भूतपूर्व मन्त्रीको अनुभवको आधारमा**

के गर्न संभव रहेछ, के रहेनछ भन्नको लागि अनुभव हासिल गर्ने प्रशस्त अवसर नै एमालेले पाएन । एमालेले आफ्नो पूर्ण बजेट समेत संसदमा पेश गर्न पाएन, संसदमा पूर्ण बजेट पेश गर्न पाएको भए त्यसमा जनताले र प्रतिक्रियावादीहरूले के के प्रतिक्रिया जनाउथे, त्यो थाहा हुन्थ्यो ।



एमालेको सरकार क्रान्तिपछि सत्तामा आएको कम्युनिष्ट सरकार थिएन । यो संवैधानिक र संसदीय बाटोबाट शान्तिपूर्ण तरीकाले सत्तामा आएको सरकार थियो । तथापि यही सरकारमार्फत् पनि भूमिहीन किसानहरू र सुकुम्वासीहरूलाई जग्गा वितरण गर्न संभव भयो । गाउँ गाउँमा विकास निर्माणको लहर ल्याउन संभव भयो । भूमिसुधार गर्न भनेर उच्च स्तरीय भूमिसुधार आयोग गठन गरियो । त्यसले आफ्नो प्रतिवेदन पनि पेश गऱ्यो । तर त्यो कार्यान्वयनमा जान नपाउँदै सरकार ढल्यो । वृद्धभत्ता, सुपथ मूल्य पसल, लोड शेडिङ्को अन्त जस्ता सुधारका कामहरू गर्न संभव भयो । यसले देखायो कि- सुधारवादी कामहरू गर्न संसदीय बाटोबाट सत्तामा गएर पनि संभव रहेछ ।

तर देश र जनताका ठूला ठूला परिवर्तनकारी काम गर्न सरकारले भ्याउँदै भ्याएन । जनताको लागि आधारभूत कार्यक्रमको घोषणा त भयो । तर त्यसलाई कार्यान्वयन गर्ने अवसर नै पाइएन । अवसर पाएको भए संसदीय बाटोबाट केसम्म गर्न सकिंदो रहेछ, के सकिंदो रहेनछ, ठोस अनुभवको आधारमै राम्ररी सैद्धान्तीकरण गर्न संभव हुन्थ्यो । यही संविधानको दायराभित्रबाट मजदूर र किसानको लागि केसम्म गर्न संभव हुन्थ्यो, शोषणबाट पूर्ण मुक्ति दिलाउन नसके पनि केसम्म सुधार गर्न सकिन्थ्यो, मूर्त रुपमा भन्न सकिन्थ्यो । तर त्यस्तो अवसर नै मिलेन ।

त्यसैले, संसदीय बाटोबाट के गर्न संभव छ भन्ने कुरा अझै पनि छलफलकै विषय रहन गएको छ । ठोस् निष्कर्ष निकाली हाल्नसक्ने स्थिति छैन ।

## हाम्रा कामले प्रतिक्रियावादी क्याम्पमा आतंक नै सिर्जना गऱ्यो

**क. माधव**

नेपाली कम्युनिष्टहरू संवैधानिक प्रक्रियाबाटै सत्तामा आएका हुन् । सरकारमा आएपछि उसले चालेका प्रत्येक कदमले यो राष्ट्रियताको साँचो प्रतिनिधिका रुपमा देखियो । साम्राज्यवादीहरूको प्रशस्त दबाबको बीचमा पनि यसले राष्ट्रिय हितको अडान त्यागेन । यसलाई साम्राज्यवादीहरूले सहज रुपमा लिन सकेनन् । साम्राज्यवादी वित्तीय संस्थाहरूलाई नेपालमा प्रभूत्त्व जमाउन 'एमाले सरकार' व्यवधानका रुपमा देखा पऱ्यो ।

अर्को, हामीले जनतालाई सशक्तीकरण गर्ने र अधिकारसम्पन्न तुल्याउने नीति अघि सार्‍यौं । जनताको जीवनस्तरमा सुधार आउने काम थाल्यौं । यसबाट प्रतिक्रियावादी शक्तिमा व्यग्रता र आतंक नै सिर्जना भयो । उनीहरूलाई यो स्थिति लम्बियो भने सरकार निकै लोकप्रिय हुने र पछि सत्ताच्यूत गर्न गाह्रो हुने महसुस भयो ।

त्यसैले हामीलाई तुरुन्तै सत्ताच्युत गर्न उनीहरू विभिन्न शक्ति-केन्द्रहरूमा धाए । दरवार धाए, सफल भएनन् । आन्दोलन उठाउन प्रयत्न गरे, सकेनन् । अन्ततः उनीहरू साम्राज्यवादी शक्ति-केन्द्र र कानूनी शक्ति-केन्द्रहरूमा धाए, जहाँ उनीहरू सफल भए । त्यो सफल नभएको भए उनीहरू अरू उपाय पनि अपनाउँथे ।


कतिपय कमजोरी त हाम्रा पनि रहन गएका छन् । ती कमजोरी हुन नगएको भए यो स्थितिबाट हामी मुक्त हुन सक्थ्यौं कि भन्ने मलाई लाग्छ ।

**हाम्रा ती कमजोरी हुन नगएको भए यो स्थितिबाट हामी मुक्त हुन सक्थ्यौं कि भन्ने मलाई लाग्छ ।**

**सुधारवादी कामहरू गर्न संसदीय बाटोबाट सत्तामा गएर पनि संभव रहेछ ।**

## सरकारमा गएर गर्न संभव एउटा महत्त्वपूर्ण कुरो

### सरकारमा जाँदा जनमुखी कार्यक्रममार्फत् जनतालाई गोलबन्द गर्न सकिन्छ ।



**डा. चैतन्य मिश्र**

***समाज शास्त्री तथा तात्कालीन राष्ट्रिय योजना आयोगका सदस्य***

संसदीय बाटोबाट के गर्न संभव रहेछ, के संभव रहेनछ भन्ने प्रश्न यहाँ उठ्यो ।

### मूल्याङ्कनका प्रधान संपादकको प्रश्न

### डा. कृष्णबहादुर थापालाई

***पुरानो नोकरशाहीतन्त्र कस्तो रहेको अनुभूति गर्नुभयो ? त्यसमार्फत् केसम्भ गर्न सकिन्छ, के गर्न सकिन्न भन्ने महसुस भयो ?***

## पुरानो नोकरशाहीतन्त्र कस्तो छ ?

**डा. कृष्णबहादुर थापाको प्रत्युत्तर**

मैले शिक्षामन्त्रीको सल्लाहकारका रुपमा काम गरेको हुँ । मेरो अनुभूति के छ भने नेपालको प्रशासनयन्त्र निकै खोक्रो र सिद्धान्तहीन रहेछ । जो शक्तिमा आए उनैको चाकडी गर्ने संस्कृति उनीहरूमा व्याप्त रहेछ । सरकार बलियो छ र धेरै दिन टिक्नेवाला छ भन्ने उनीहरूलाई लाग्यो भने उनीहरू निकै हल्लिंदा रहेछन् र सहयोगी रुख देखाउँदा रहेछन् । सरकार धेरै दिन नटिक्ने जस्तो उनीहरूलाई बोध भयो भने उनीहरू अटेर गर्दा रहेछन् ।

'एमाले सरकार' सत्तामा आउनासाथ शुरुमा उनीहरू हल्लिए'। तर लगत्तै सरकार धेरै नटिक्ने होहल्ला व्यापक भएपछि उनीहरूबाट जति सहयोग हुनुपर्थ्यो त्यो हुन छोड्यो । अलिकति तर्किने र भाग्ने प्रवृत्ति देखाउन थाले । तर मध्यावधिको घोषणा भएपछि राज्ययन्त्रका मानिसहरू फेरि अब एमालेकै सरकार आउने भयो भनेर फरक ढंगले व्यवहार गर्न थालेका थिए । अलि गंभीर भएर काम गर्न थालेका थिए । संसद पुनर्स्थापना होला भन्ने अनुमान उनीहरूले गरेका रहेनछन् । त्यसैले यो बीचमा उनीहरूको रुख सहयोगी रहेको देखिएको थियो । अदालतको रुख थाहा भएपछि त्यो स्थिति पनि पछि रहेन ।



सरकार दिगो र बलियो भयो भने अहिलेको प्रशासनयन्त्रमार्फत् धेरै कुराहरू गर्न संभव रहेछ भन्ने अनुभूति चाहिं मलाई यो बीचमा भएको छ । थुप्रै सुधारका कामहरू योमार्फत् हुन संभव रहेछ ।

एमालेको Rank and file मा यही प्रशासनयन्त्रमार्फत् सारा कामहरू गर्नुपर्छ भन्ने धारणा रहेछ । यो प्रशासनयन्त्रको सीमाको हेक्का उनीहरूलाई भएको देखिएन । तर यो प्रशासनयन्त्रमार्फत् सबै क्रान्तिकारी काम हुन सक्ने स्थिति चाहिं थिएन । त्यो सीमा बुझी दिने कार्यकर्ताहरू थिएनन् । एमालेले नौ महिनामा यो यन्त्रमार्फत् गर्न सकिने कुराहरू चाहिं गरी देखाएको हो । सबै काम एकैचोटि त चीनको क्रान्तिपछि आएको सरकारले पनि गर्न सकेको थिएन ।

## सरकारमा किन जाने, सुधारका लागि कि क्रान्तिका लागि ?

**नेकपा (एकता केन्द्र) का नेता क. सन्देशको प्रश्न**
**एमालेका महासचिव क. माधव नेपाललाई**

***हामीले जनवादी क्रान्ति नै चाहेको हो र क्रान्ति सम्पन्न गर्नको लागि सहयोग पुगोस् भन्ने हेतुले कार्यनीतिक रुपले अरु मोर्चामा गए जस्तै संसदीय चुनावी मोर्चामा पनि गएको हो कि हामीले संसदीय चुनावको बाटोबाट आमूल परिवर्तन गर्न सकिन्छ भनेर सोचेका हौं ?***

***अर्को, तपाईहरूले जनवादी क्रान्तिको कुरा गर्दा संसदीय चुनावबाट सरकारमा गएर सुधारहरू गर्दै गएर पछि आर्थिक सामाजिक संरचनामा स्वतः गुणात्मक फड्को मार्छ भनेर सोचेको हो कि क्रान्तिको निम्ति अन्ततः राज्यसत्ता नै बलपूर्वक कब्जा गर्नुपर्छ र बनी बनाउ राज्ययन्त्रलाई ध्वस्त पारी गुणात्मक रुपमा भिन्न अर्को क्रान्तिकारी राज्ययन्त्र बनाउनुपर्छ भन्ने सोच अन्तर्गत हाल क्रान्तिकारी परिस्थिति परिपक्व नभएकाले शक्ति संचयको लागि मात्र संसदीय व्यवस्थालाई उपयोग गर्दै कार्यनीतिक रुपमा सरकारमा गएको हो ?***

***एकातिर मनमोहनजी संसदीय व्यवस्थाप्रति अटल विश्वासको कुरा पनि गर्दै हुनुहुन्छ, अर्कोतिर तपाई जनवादी क्रान्तिलाई केन्द्रमा राखेर त्यसको निम्ति शक्ति संचय गर्नको लागि संसद् र सरकारमा गएका हौं पनि भन्दै हुनुहुन्छ । वास्तवमा हो के ?***

## शक्ति सन्चय गर्नु र शक्ति सन्तुलन आफ्नो पक्षमा ल्याउनु नै अहिलेको मुख्य काम हो

**क. माधवको उत्तर**

एउटा कम्युनिष्ट पार्टीको उद्देश्य के ? लक्ष्य के ?

कसैको ठम्याई छ, कम्युनिष्ट पार्टीको उद्देश्य हो- संसदीय व्यवस्थालाई ध्वस्त पार्नु, बुर्जुवा राज्ययन्त्रलाई ध्वंश गर्नु । मलाई लाग्छ, फेरि पनि कम्युनिष्ट पार्टीको उद्देश्य बारेमा हामी प्रष्ट रहेनौं ।

प्रत्येक कम्युनिष्ट पार्टीको उद्देश्य भनेको त वर्तमान शोषणको परिपाटीलाई समाप्त पार्नु, जनतालाई वास्तविक अर्थमा आफ्नो मालिक आफै बनाउनु हो । उनीहरूको उर्जा र क्षमतालाई उपयोग गरी उनीहरूकै संघर्षद्वारा समस्त शोषण, उत्पीडन र भेदभावको वर्तमान अवस्थाबाट मुक्त गरी सुख समृद्धियुक्त समाज व्यवस्था निर्माण गर्नु हो । मलाई लाग्छ, पहिले हामी यो उद्देश्य बारेमा प्रष्ट हुनुपर्छ ।

विद्यमान सामाजिक संरचनाले नै शोषणको अवस्था सिर्जना गरेको छ । राज्ययन्त्रले त्यो संरचनालाई टिकाउने भूमिका खेलेको छ । त्यसैले नै यो संरचना ध्वस्त पार्ने र अनुकूल संरचना निर्माण गर्ने कुरा उठेको हो ।

हामी भने जरामा नगई पातमै अल्मलिएर बसिरहेछौं । साध्यमा नगई साधनमै अल्झेर बसिरहेका छौं । व्यवस्था र राज्ययन्त्र भनेका साधन मात्र हुन्; साध्य होइनन् ।

विद्यमान सामाजिक संरचनालाई ध्वस्त गरेर, आमूल परिवर्तन गरेर नयाँ सामाजिक संरचना निर्माणतर्फ समाजलाई लिएर जानका लागि चाहिने मुख्य कुरा के ?

त्यो मुख्य कुरा भनेको कम्युनिष्ट पार्टीको शक्ति नै हो । त्यो शक्ति बिना केही गर्नु पनि संभव छैन । त्यो शक्ति सन्तुलन आफ्नो पक्षमा ल्याउनु नै अहिलेको मुख्य काम हो ।

### कम्युनिष्ट लीगका महासचिव

### क. शंभुरामको बीचैमा प्रश्न

***तर कसरी ? हाम्रो देशको सन्दर्भमा कसरी ?***

## संघर्षका सबै मोर्चाहरू जस्तै संसदीय मोर्चाको पनि प्रयोग गर्नुपर्छ

**क. माधवको प्रत्युत्तर**

प्रतिक्रियावादी वर्गसंगको विभिन्न मोर्चामा हुने संघर्षको परिप्रेक्ष्यमा नै कम्युनिष्ट पार्टीको शक्ति बलियो हुन्छ ।

हामीले धेरै देशमा हतियार उठाएर क्रान्ति सम्पन्न गरेका पार्टीहरू देख्यौं, जस्तो चीन, भियतनाम, रुस, कोरिया, क्यूबामा । झण्डै झण्डै सत्ता कब्जा गरिहाल्यो कि भन्ने जस्ता देशको अनुभव पनि हामीले देख्यौं । सत्ता हातमा आइसकेपछि सत्ताच्यूत भएका पार्टीहरू पनि हाम्रो सामु छन् । अब तिनीहरूले जनताको समर्थन पाउन नसक्ने अवस्था सिर्जना भएको पनि हामीले देख्यौं । हाम्रो सामु सशस्त्र संघर्ष गर्दै गरेका पार्टीहरूको अनुभव पनि छ । हाम्रो आफ्नै पनि सशस्त्र संघर्षको माध्यमद्वारा शक्ति संचय गर्दै राज्यसत्ता कब्जा गर्न अघि बढ्ने दिशाको अनुभव रहेको छ । तर प्रश्न उठ्छ, क्रान्ति हुन्छ कसरी त ? क्रान्तिको लागि क्रान्तिकारी शक्तिको निर्माण कसरी हुन्छ ?

चीनमा माओले किसान आन्दोलन र कृषि क्रान्तिको बाटो रोज्नु भयो । रुसमा लेनिनले मजदूर आन्दोलन र सशस्त्र विद्रोहको बाटो रोज्नु भयो । क्यूबामा क्यास्त्रोले छापामार युद्धको बाटो रोज्नु भयो । अब हाम्रो देशमा चाहिं के त ? **कुन चाहिं बाटो यहाँ सबैभन्दा उपयुक्त होला ?**

**अहिले चर्चामा एउटा रोल्पा र रुकुममा अपनाइएको बाटोको छ । अर्को हामीले अभ्यास गरिरहेको बाटो छ- संघर्षको सबै मोर्चामा सामेल भएर शक्ति संचय गर्ने बाटो ।** प्रश्न त आखिर दुई-

सरकार दिगो र बलियो भयो भने अहिलेको प्रशासनयन्त्र मार्फत् धेरै कुराहरू गर्न संभव रहेछ भन्ने अनुभूति भएको छ। *-डा. थापा*

एकातिर मनमोहनजी संसदीय व्यवस्थाप्रति अटल विश्वासको कुरा पनि गर्दै हुनुहुन्छ, अर्कोतिर तपाई जनवादी क्रान्तिलाई केन्द्रमा राखेर त्यसको निम्ति शक्ति संचय गर्नको लागि संसद् र सरकारमा गएका हौं पनि भन्दै हुनुहुन्छ । वास्तवमा हो के ?



त्यसैले हामीले देखेको कुरा के हो भने हामीले अभ्यास गरिरहेको वर्तमान बाटोबाट क्रान्तितर्फ अघि बढ्नु संभव छ ।

मध्ये कुन बाटो सही छ नै हो । हाम्रो अहिलेसम्मको अनुभवले बताउँछ- क्रान्तिको बाटोको चयन मनोगत रुपले हुन सक्दैन । सामाजिक यथार्थबाट मात्रै यसको निरुपण हुन सक्छ । हाम्रो सामाजिक यथार्थ के हो भने हामीले लिएको बाटोबाटै कम्युनिष्ट पार्टीको शक्ति अधिकतम रुपमा बृद्धि भइरहेछ । कम्युनिष्ट पार्टीको विश्वसनीयता बढिरहेछ । जनतामा कम्युनिष्ट पार्टी अत्यधिक लोकप्रिय भइरहेछ । जनतामा क्रान्तिको आशा बढिरहेछ । नेपालमा मात्र होइन, दुनियाँभरिका कम्युनिष्टहरू नेपालको स्थितिबाट उत्साहित भएका छन् । आज मेरो बंगलादेश, पाकिस्तान र भारतका बुद्धिजीवीहरूसँग भेट भएको थियो । उनीहरू भन्दै थिए- तपाईहरूलाई त केही अनुभूति भएन होला, तर तपाईहरूको विजय र कामले हाम्रो मनोवल निकै उँचा भएको थियो । समाजवादको औचित्यबारे प्रश्न उठिरहेको बेला यसको औचित्य अझै रहेछ भन्ने कुरा यसबाट हामीलाई अनुभूति भएथ्यो ।

त्यसैले हामीले देखेको कुरा के हो भने हामीले अभ्यास गरिरहेको वर्तमान बाटोबाट क्रान्तितर्फ अघि बढ्नु संभव छ । जनवादी क्रान्तिको मुख्य उद्देश्य के ? यसका दुईटा उद्देश्य छन्- एउटा सामन्तवादको उन्मूलन, अर्को साम्राज्यवादी उत्पीडनको विनाश । हामीले दुवै काम गर्न थालेका थियौं । अहिलेकै बाटोबाट हामीले कमैया प्रथा उन्मूलन गर्न थालेका थियौं । भूमिसुधारद्वारा सामन्ती र अर्द्ध-सामन्ती उत्पादन संबन्ध पनि समाप्त पार्न कदम उठाउन लागेका थियौं । यो सामन्तवादको उन्मूलनतर्फको हाम्रो कदम थियो । अर्कोतर्फ, हामीले विगतका असमान सन्धिहरू पनि पुनर्मूल्याङ्कन गर्ने र क्रमशः अन्त गर्ने बाटो समातेका थियौं । हामी शोषण, उत्पीडन र भेदभावको स्थितिलाई अन्त गर्ने बाटो नै समात्दै थियौं ।

हामी अहिले जनपक्षीय सुधारहरू गर्दै सामाजिक परिवर्तनको लागि अनुकूल ढाँचा निर्माण गर्ने प्रक्रियामा अघि बढ्नु पर्दछ ।

हाम्रो ठम्याइमा संघर्षका सबै मोर्चाहरू जस्तै संसदीय मोर्चाको पनि प्रयोग गर्नुपर्छ । त्यो गरेर नै अहिलेको सामाजिक यथार्थमा जनताको शक्तिको वृद्धि हुन सक्छ । राजनैतिक शक्ति सन्तुलनको वर्तमान धरातलमा यही नै सही बाटो हो । त्यसो भएकाले यो क्रान्तिको बाटोबाट विचलन होइन, यो क्रान्तिकारी बाटोलाई अहिलेको सामाजिक यथार्थमा सघाउनु हो र क्रान्तिकारी शक्तिलाई नै वास्तविक रुपमा बलियो बनाउनु हो । क्रान्तिको उद्देश्यलाई पूरा गर्न सहयोग पुऱ्याउनु हो । यसभन्दा अलग जानु भनेको क्रान्तिकारी लफ्फाजी मात्रै हुन्छ । यो कुरामा क्रान्तिकारी व्यवहारमा अक्रान्तिकारी काम मात्र हुन्छ । यसबाट प्रतिक्रियावादी सत्ता संरचना नै लामो समयसम्म टिकाउन मद्दत पुग्छ ।

## क. सन्देशको प्रश्न क. माधवलाई

***हाम्रो जनवादी क्रान्तिको मुख्य उद्देश्य अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक आर्थिक सामाजिक संरचनालाई ध्वस्त पार्नु हो भन्ने एउटा कुरामा त हामी पनि सहमत छौं । म के कुरामा क. माधवको धारणा बुझ्न चाहन्छु भने, अहिले विद्यमान र जनवादी क्रान्तिको लागि आवश्यक राजनीतिक उपरी ढाँचाबारे तपाईहरूको धारणा के छ ?***

**क. माधवको प्रत्युत्तर**

# अहिले शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाटै अघि बढ्न संभव छ

नेपालमा अहिले शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाको विशिष्ट राजनीतिक परिस्थिति विद्यमान छ । यो स्थितिमा यहाँ अहिले शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाको माध्यमबाट पनि क्रान्तिकारी शक्तिहरू अघि बढ्न सक्छन् । यसलाई हामी प्रजातान्त्रिक परिवेश Democratic Space को प्रयोग भन्छौं ।

यस्तो किनभने यहाँ जुन सीमित प्रजातन्त्र आएको छ, यो कुनै पूँजीपति वर्गले ल्याइदिएको प्रजातन्त्र होइन । सामन्ती निरंकुशतन्त्र फाल्नका लागि नेपालमा कम्युनिष्टहरूको निर्णायक भूमिका रहेको थियो । त्यही सामन्ती निरंकुशतन्त्र फालेर यहाँ पूँजीवादी प्रजातन्त्र ल्याइएको छ । यो पूँजीवादी प्रजातन्त्रका लागि हामी कुनै पूँजीपति वर्गप्रति कृतज्ञ हुनु पर्दैन । यो हाम्रै रगत पसिनाले आएको कुरा भएकाले यसलाई हामीले आफ्नै मिहेनतको फलको रुपमा उपभोग गर्नु पर्दछ । यसलाई हामीले जनताको हितमा, क्रान्तिको हितमा, सर्वहारा वर्गको हितमा प्रयोग गर्नुपर्छ । अहिलेको चरणमा यो राजनीतिक ढाँचाको हामीले अधिकतम प्रयोग गर्नु पर्दछ ।

हामी कम्युनिष्टहरू शब्दमा बेसी अल्झियौं, सारमा गएनौं जस्तो मलाई लागिरहेछ । पूँजीपतिहरू, पूँजीपति वर्गको तानाशाही भन्दैनन्, प्रजातन्त्र भन्छन् तर तानाशाही लाद्छन् । कम्युनिष्ट मास्छौं भन्दैनन्, तर व्यवहारमा मास्छन् । हामी भने सर्वहारा वर्गको तानाशाही भन्छौं, प्रजातन्त्र भन्दैनौं, तर पूँजीपतिहरूको भन्दा बेसी उदार प्रजातन्त्र दिइरहेका हुन्छौं । हामी पूँजीपति मास्छौं भन्छौं तर काममा मास्दैनौं । यो भएन ।

अहिले शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा गर्न सकिने जुन राजनीतिक ढाँचा नेपालमा छ, त्यसमा हामी ढिलो सुधारको प्रक्रिया भएर जानु पर्छ । अर्को भाषामा भन्ने हो भने हामी अहिले जनपक्षीय सुधारहरू गर्दै सामाजिक परिवर्तनको लागि अनुकूल ढाँचा निर्माण गर्ने प्रक्रियामा अघि बढ्नुपर्दछ ।

डा. कृष्णबहादुरले भनी नै सक्नु भयो- नेपालको नोकरशाहीतन्त्र निकै फितलो छ, त्यो सिद्धान्तनिष्ठ र दृढ छैन । यस्तोमा कम्युनिष्ट पार्टीले चाहेमा चलखेल गर्ने प्रशस्त ठाउँ छ, यहीमार्फत् थुप्रै सुधारहरू गर्ने संभावना विद्यमान छ । सुधारको गुंजाइश भएसम्म यसको अधिकतम उपयोग गरिनु पर्छ । उपयोग गर्दै जाँदा यो व्यवस्थाको सीमा पनि जनता सामु उजागर गर्न सकिन्छ । यहाँका पूँजीवादी पार्टीहरूले ओढेको प्रजातन्त्रको खास्टो पनि च्यात-च्युत हुँदै जान्छ । यो व्यवस्थाले जनताको हितको सही प्रतिनिधित्त्व गर्न सक्दैन भनेर कामले देखिनु पर्छ । अहिले त्यो देखिइ सकेको छैन । संसदीय भने पनि, जे भने पनि यो अहिले जनताको भावनालाई प्रतिविम्बित गर्ने जनप्रतिनिधिमूलक व्यवस्थाको रुपमा छ । त्यसैले यही व्यवस्थाको बाटोबाट अघि बढ्नु सिवाय अर्को उपयुक्त बाटो अहिले हामीसित छैन । यही बाटोबाट अघि बढ्दै, यसलाई नांगोझार पार्दै जनशक्तिलाई सुदृढ पार्दै लानु पर्दछ ।

# यो व्यवस्थामा सुधार होइन क्रान्ति हुनु जरुरी छ

**नेकपा एकता केन्द्रका क. सन्देशको विचार**

मूल्याङ्कन मासिकले पहिले पनि यस्ता महत्त्वपूर्ण विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्‍यो । अहिले यो अन्तर्क्रिया आयोजना गरेर हामीलाई सहभागी गराउनु भएकोमा धन्यवाद !

साम्राज्यवादी- प्रतिक्रियावादीहरूले जति झ्याली पिटे पनि अहिले पनि मार्क्सवाद-लेनिनवाद माओ विचारधारा नै विश्वको सबैभन्दा वैज्ञानिक विश्व दृष्टिकोण हो र क्रान्तिको सिद्धान्त हो भन्ने कुरामा हामी सर्वप्रथम स्पष्ट हुनुपर्छ । यसको सार अहिले पनि सही छ र यसलाई हामीले हाम्रो आजको परिस्थितिमा सिर्जनात्मक ढंगले लागू गर्नुपर्छ भन्ने कुरामा हामी प्रष्ट हुनु जरुरी छ ।

यहाँ थुप्रै जनसंघर्षहरू भए विगतमा, थुप्रै आन्दोलनहरू भए । तथापि नेपालको अर्द्ध-सामन्ती, अर्द्ध-औपनिवेशिक संख्यामा अहिलेसम्म पनि कुनै गुणात्मक फेरबदल र क्रान्तिकारी रुपान्तरण हुन सकेको

छैन । हाम्रो देशको जनवादी क्रान्तिको मुख्य उद्देश्य यही अर्द्ध-सामन्ती, अर्द्ध-औपनिवेशिक संरचनालाई भत्काउने हो, सामन्तवादी शोषण र साम्राज्यवादी उत्पीडनको अन्त्य गर्नु हो । यसको निम्ति सुधार होइन, नयाँ जनवादी क्रान्ति हुनु जरुरी छ ।

नेपालको विशिष्ट स्थिति के हो भने विश्वमा अहिले प्रतिक्रान्तिको लहर छ, विसर्जनवादको लहर छ, साम्राज्यवादी विगविगी छ तर नेपालमा भने जनतामा वामपन्थी प्रभाव जबर्जस्त रुपमा छ । यति हुँदा हुँदै पनि वामपन्थी जनमतलाई संगठित गरी क्रान्तिकारी आन्दोलनलाई निर्णायक उँचाईमा पुऱ्याउन सक्ने सर्वहारा वर्गको वास्तविक अग्रदस्ता यहाँ तयार भएन ।

क्रान्तिकारी आन्दोलनको निर्णायक उँचाई भनेको संसदीय संघर्ष होइन, त्यो सशस्त्र र हिंसात्मक संघर्ष हो । विश्वको इतिहासले अहिलेसम्म प्रमाणित गरेको निष्कर्ष यही हो । संघर्षका सबै रुपहरू प्रयोग गर्नुपर्छ, यसमा हाम्रो कुनै मतभिन्नता छैन । तर संघर्षको निर्णायक रुप सशस्त्र संघर्ष नै हो, यसमा कुनै दुविधा हुनु हुन्न । यसमा कुनै लप्पन छप्पन हुनु हुँदैन । जनसंघर्षको उठान हुनुपर्छ । संसदीय फाँटमा पनि संघर्ष हुनुपर्छ । तर नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नको लागि निर्णायक भूमिका गैरसंसदीय हिंसात्मक संघर्षकै हुन्छ । जनसंघर्षलाई, क्रान्तिकारी आन्दोलनलाई जनताको सशस्त्र संघर्षको उँचाईमा पुऱ्याएपछि नै क्रान्ति सम्पन्न हुन सक्छ । एमाले सरकारको नौ महिनाको अनुभवले यो निष्कर्षलाई खण्डन गरेको छैन भन्ने हाम्रो ठम्याई छ ।

हामीले आत्म आलोचक भएर भन्नु पर्छ- नेपालका हामी कम्युनिष्टहरूले यहाँ उठेको जन-आन्दोलनलाई निर्णायक संघर्षको उँचाइसम्म उठाउन सकेनौं । यो यहाँको हाम्रो नेतृत्त्वको कमजोरी हो । यो कमजोरी हामीले हटाउनै पर्छ, हाम्रो अहिलेको दायित्त्व भनेको विगतका गल्ती कमजोरीलाई सच्याउँदै आफूलाई निर्णायक संघर्षमा नेतृत्त्व प्रदान गर्न सक्ने हैसियतमा उठाउनु हो ।

हामीले एकातिर राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको हरेक सवालमा संघर्ष गर्दै क्रान्तिकारी संघर्षको विकास गर्नु परेको छ । अर्कोतिर संघर्षका सबै रुपहरूको सिर्जनात्मक रुपमा प्रयोग गर्दै, क्रान्तिकारी परिवर्तनलाई केन्द्रविन्दुमा राखेर निर्णायक संघर्षतिर अघि बढाउनु परेको छ । यो वा त्यो निहुँमा हिंसात्मक र सशस्त्र संघर्षको निर्णायक आवश्यकतालाई पृष्ठभूमिमा धकेल्नु, छायाँमा पार्नु, पछाडि कुरा गर्दै गरौंला भन्नु ठूलो गल्ती हुनेछ । संघर्षका सबै मोर्चामा काम हुनुपर्छ, यो ठीक छ । तर तीमध्ये निर्णायक मोर्चा कुन हो त ? के सबै मोर्चा उत्तिकै निर्णायक छन् ? हामीलाई त्यस्तो लाग्दैन । निर्णायक मोर्चा फेरि पनि सशस्त्र संघर्षको मोर्चा नै हो । हामी यो वा त्यो मोर्चामा राम्रो काम गरेर थुप्रै उपलब्धि हासिल गरौंला । तर निर्णायक कुरा छोडिदिन्छौं भने त्यस उपलब्धिको कुनै महत्त्व रहन्न । त्यसको महत्त्व गौण हुन्छ । कहिले काहीं के हुन्छ भने गौण महत्त्वको कुराले प्रधान महत्त्वको कुरालाई पछाडि पार्दै लग्यो भने त्यो गौण महत्त्वको कुरा गौण रहँदैन, त्यही प्रधान कुरा भएर आउँछ । पथ विचलन यहीं गएर हुन्छ ।

त्यसैले यहाँ विवाद संघर्षका सबै रुप प्रयोग गर्नुपर्छ कि पर्दैनको हैन । विवाद संघर्षका सबै मोर्चामा काम हुनुपर्छ कि पर्दैनको छैन । पर्छ भन्ने कुरामा त हामी सबै सहमत नै छौं । तर संघर्षका सबै रुप र सबै मोर्चामध्ये प्रधान र निर्णायक कुन हो ? र, एमालेको नौ महिनाको अनुभवले के देखायो ? हाम्रो विवादको केन्द्रविन्दु यहाँ छ ।

हाम्रो देशमा राज्यसत्ता सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्गको हातमा छ । उनीहरूको राजनैतिक प्रणाली भनेको संसदीय प्रणाली भएको छ । यो राज्यसत्ता र यो प्रणाली विरुद्ध अनेकौं मोर्चामा संघर्ष गर्दै जाने, राजनैतिक तहमा भएका उपलब्धिहरूलाई जगमा पनि विस्तारित गर्दै जाने, संघर्षका सबै थलोमा गएर क्रान्तिकारी उद्देश्य पूरा गर्ने, यसरी मात्र क्रान्तिकारी उद्देश्यको मातहतमा सारा काम हुन्छन् । यस्तो भइसकेपछि मात्र संसदीय संघर्षको संसदीय सरकारमा जानुको महत्त्व रहन्छ ।

हो, अहिलेको बहुदलीय संसदीय व्यवस्था ल्याउनुमा हामी वामपन्थीहरूको ठूलो भूमिका छ । त्यो भूमिका भएपछि आफैले ल्याएको संसदीय व्यवस्थामा हामी किन नजाने ? त्यहाँ गएर क्रान्तिकारी उद्देश्यका निम्ति हामीले भूमिका किन नखेल्ने ? यो प्रश्न उठिरहेछ ।

यो प्रश्नलाई उपरी तहमा मात्र हेरिनु हुन्न भन्ने मलाई लाग्छ । एमाले सरकारको नौ महिनाको अनुभवका आधारमा के गर्नु संभव छ, के छैन भन्ने कुराको वस्तुपरक र गंभीरतापूर्वक मूल्याङ्कन हुनु जरुरी छ ।

पद्मरत्नजीले भन्नु भयो कि नौ महिनाको समयावधि हामीलाई यति थोरै भयो कि के गर्न संभव छ, के छैन भनेर मूर्त निष्कर्ष निकाल्नै कठिन छ । कुरा यस्तो होइन । त्यही नौ महिनाले हामीलाई थुप्रै मूर्त निष्कर्ष निकाल्ने विषयवस्तु दिएको छ भन्ने मलाई लाग्छ ।

हाम्रो पार्टीको ठम्याई छ- संघर्षका सबै मोर्चा जस्तै संसदीय मोर्चाको पनि प्रयोग गरिनु पर्छ । तर यो उपयोग गर्नु भनेको कार्यनीतिक रुपमा मात्र हुनुपर्छ । जनतामा प्रतिक्रियावादी संसदीय व्यवस्थाको सीमाको भण्डाफोर गर्न र जनतामा राजनैतिक चेतना जागृत गर्न संसदीय मोर्चाको उपयोग गरिनु पर्छ ।

कम्युनिष्ट क्रान्तिकारीहरूले प्रतिक्रियावादी राज्यसत्ता रहँदासम्म कुनै पनि हालतमा सरकार वा कुनै निकायमा जानु हुन्न, गयो भने प्रतिक्रियावादी होइन्छ भन्ने हाम्रो मान्यता छैन । यही व्यवस्था अन्तर्गत पनि सरकारमा जान सकिन्छ तर एउटा विशिष्ट स्थितिमा मात्र, आम कार्यदिशाको रुपमा होइन । संसद र सरकारमा जानुलाई आम कार्यदिशा बनाउनु भनेको संसदवाद हो भन्ने हामीलाई लाग्दछ र यसले हामीलाई क्रान्तिको दिशातिर लग्दैन । बढी से बढी यसबाट सुधारसम्म गर्न सकिएला, जुझारु संसदवाद (Militant Parliamentarism) सम्म विकास गर्न सकिएला । तर यो कम्युनिष्ट क्रान्तिकारीहरूले लिने कार्यदिशा होइन ।

सरकारमा जान सकिने त्यो विशिष्ट स्थिति कुन हो त ? त्यो पनि प्रष्ट पारौं ।

पहिलो स्थिति त, संसदवादबाट मुक्त कम्युनिष्ट पार्टी हुनुपर्छ ।

दोस्रो, सरकारमा गए पनि क्रान्तिकारी जनसंघर्षलाई केन्द्रविन्दुमा राखेको हुनुपर्छ । गैरसंसदीय क्रान्तिकारी संघर्षलाई संघर्षको प्रधान रुप बनाइएको हुनुपर्छ ।

तेस्रो, सरकारमा रहने कुरा कार्यनीतिक र अस्थायी (Transitory) हुनुपर्छ, आम कार्यदिशाको रुपमा र दीर्घकालीन रुपमा सरकारमा रहिरहने कुरा हुनुहुँदैन ।

अर्को, संसदीय चुनावमा वास्तविक कम्युनिष्ट पार्टीले बहुमत हासिल गर्न सक्ने स्थिति हुनुपर्छ ।

यस्तो विशिष्ट परिस्थितिमा- प्रतिक्रियावादी व्यवस्थामा पनि सरकारमा जान सकिन्छ । यो विशिष्ट स्थिति छैन भने चुनावको उपयोग संसदीय मंचसम्म मात्र विस्तारित र सीमित हुनुपर्छ ।

अहिलेकै व्यवस्था अन्तर्गत सरकारमा जानुको उद्देश्य यही व्यवस्थालाई सुदृढ गर्नु होइन र हुन सक्दैन । यो व्यवस्था अन्तर्गत क्रान्तिकारी परिवर्तन किन संभव छैन भन्ने कुरा व्यवहारद्वारा सिद्ध गर्नु



**यो व्यवस्था अन्तर्गत क्रान्तिकारी परिवर्तन किन संभव छैन भन्ने कुरा व्यवहारद्वारा सिद्ध गर्नु नै सरकारमा जानुको हाम्रो प्रमुख उद्देश्य हुनुपर्छ। त्यसैले, यही व्यवस्थाको एउटा अंगको रुपमा विकास गर्नको लागि सरकारमा जाने होइन, क्रान्तिकारी उद्देश्यले सरकारमा जानुपर्छ।**

**संसदीय फाँटमा पनि संघर्ष हुनुपर्छ । तर नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नको लागि निर्णायक भूमिका गैरसंसदीय हिंसात्मक संघर्षकै हुन्छ ।**

**हामीले आत्म आलोचक भएर भन्नु पर्छ- नेपालका हामी कम्युनिष्टहरूले यहाँ उठेको जन-आन्दोलनलाई निर्णायक संघर्षको उँचाइसम्म उठाउन सकेनौं ।**

सरकारले जनताको पक्षमा क्रान्तिकारी सुधारका कामहरू गर्नुपर्छ । तल जगमा वर्ग संघर्ष र क्रान्तिकारी आन्दोलनलाई तीव्र पार्न प्रोत्साहित गर्नु पर्दछ ।

◇

गाई काण्डमा त एमालेले सबै धर्म, भाषा, जातिप्रति समानताको व्यवहार संवन्धी आफ्नै पार्टी-नीति समेत अनुसरण गरेन ।

○

उहाँहरूले सत्तामा टिक्न, आमूल परिवर्तनकारी मित्रशक्ति-हरूसँग चाहिं दूरी देखाउने, प्रतिक्रियावादी शक्तिसित चाहिं नजिकिने कार्यनीति अपनाउनु भयो ।

नै सरकारमा जानुको हाम्रो प्रमुख उद्देश्य हुनुपर्छ ।

त्यसैले, यही व्यवस्थाको एउटा अंगको रुपमा विकास गर्नको लागि सरकारमा जाने होइन, क्रान्तिकारी उद्देश्यले सरकारमा जानुपर्छ । सरकारमा गएर पनि क्रान्तिकारी सिद्धान्त र राजनीतिकै प्रचार गर्ने काम गर्नुपर्छ । जनआन्दोलबाट राजनैतिक क्षेत्रमा जुन प्रजातान्त्रिक अधिकार प्राप्त भएको छ, त्यसलाई सामाजिक र आर्थिक जगमा पनि विस्तारित गर्ने काम गर्नुपर्दछ । अर्थात् सरकारले जनताको पक्षमा क्रान्तिकारी सुधारका कामहरू गर्नुपर्छ । तल जगमा वर्ग संघर्ष र क्रान्तिकारी आन्दोलनलाई तीव्र पार्न प्रोत्साहित गर्नु पर्दछ । त्यहाँ प्रहरी र प्रशासनिक दमन हुन नदिन सरकारले ढालको रुपमा काम गर्नुपर्दछ ।

यो उद्देश्यले एउटा विशिष्ट स्थितिमा सरकारमा जानुसित हाम्रो असहमति छैन । नेपालमा अहिले त्यो विशिष्ट स्थिति छैन भन्ने मात्र हाम्रो भनाइ हो ।

## एमाले सरकारको नौ महीना

एमाले र वर्तमान नेपालको सन्दर्भमा- एमाले क्रान्तिकारी उद्देश्यले सरकारमा गएको देखिन्न । एमालेको सैद्धान्तिक, राजनीतिक आचरण, यसको सिद्धान्त र राजनीति, संगठनात्मक नीति र कार्यशैली हेर्दा यो क्रान्तिकारी सिद्धान्त र कार्यदिशा परित्याग गरेर गैरकम्युनिष्ट पार्टीका रुपमा पतित भएको महसुस हुन्छ । संगठनात्मक रुपमा यसले सर्वहारा वर्गको अगुवा दस्तामा हुनुपर्ने क्रान्तिकारी संगठनात्मक प्रणाली त्यागेको देखिएको छ । राजनैतिक रुपले यसले सुधारवादको अभ्यास गरिरहेछ भने सैद्धान्तिक रुपले दक्षिणपन्थी संशोधनवादको । दिनदिनैको राजनीतिक आचरणमा यसले क्रान्तिकारी वर्ग दृष्टिकोणलाई केन्द्रविन्दुमा राख्न छोडेको छ । यी सब कारणले एमालेले अहिले सर्वहारा वर्गको अगुवा दलमा हुनुपर्ने चरित्र गुमाएको छ ।

यो स्थितिमा सरकारमा जाने कि नजाने भन्ने जुन प्रश्न छ, अन्य पार्टीको देशव्यापी प्रभावको स्थिति नै छैन । अब रह्यो एमाले, एमालेको बहुमत आउने स्थिति त थियो, तर आफ्नै गल्तीले गर्दा ऊ संसद्को सबैभन्दा ठूलो पार्टी मात्र हुन गयो, बहुमत ल्याउन सकेन । अब प्रश्न रह्यो- एमालेसित मिलेर संयुक्त सरकारमा जानु उचित हुन्छ कि हुन्न भन्ने, त्यसले भ्रम सिवाय अरु केही पैदा गर्दैन भन्ने हामीलाई लागेको हो । त्यसैले हामी सरकारमा सामेल भएनौं ।

***एउटा क्रान्तिकारी कम्युनिष्ट शक्ति हो भने एमालेले सरकारमा गएर क्रान्तिकारी सिद्धान्त र राजनीतिकै प्रचार गर्नुपर्ने, संसदीय व्यवस्थाको सीमा पर्दाफास गर्नुपर्ने । तर उहाँहरूले संसदवादी बाटो समाउनु भयो ।***

तथापि एमाले प्रतिक्रियावादी सरकार होइन, यो कम्युनिष्ट सरकार नभए पनि तुलनात्मक रुपमा प्रगतिशील सरकार हो भन्ने हाम्रो ठम्याई हो । त्यही कारणले हामीले यसलाई आलोचनात्मक समर्थन गरिरह्यौं ।

एमालेको नौ महिनाको कार्यकाललाई हेर्दा उसले वर्ग दृष्टिकोण त्यागेको देखिएको छ । प्रतिक्रियावादी शक्तिलाई रिझाउने प्रयत्न नै बढी गरेको देखिएको छ ।

यही प्रतिक्रियावादी व्यवस्था अन्तर्गत सरकारमा जाँदा संविधानका सीमाहरू छन् र त्यसले समस्या पार्छन् भन्ने कुरा बुझ्न सकिने कुरो हो । तर उहाँहरू यति हदसम्म जानु भयो कि राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरू रिझाउने प्रयत्न नै बढी गर्नु भयो ।

प्रधानमन्त्री र माधवजीले के भन्दै हिंड्नु भयो भने अब नेपालमा राजनैतिक समस्या बाँकी छैन, खाली विकासको समस्या मात्र बाँकी छ । कमैया प्रथा उन्मूलन, सुकुम्वासी समस्या समाधान, ज्येष्ठ नागरिक भत्ता, निरक्षरता उन्मूलन जस्ता आम जनतालाई हुने जनवादी सुधारका कार्यक्रमहरू त उहाँहरूले ल्याउनु भयो । तर टनकपुरको सवालमा, दासढुंगाको सवालमा, मल्लिक आयोगको प्रतिवेदनको सवालमा आफ्ना सबै पूर्व-अडानहरूलाई छोड्नु भयो । अरुणको सवालमा पहिले केही अडान त राख्नु भयो, तर पछि सारा अडान छोडेर कांग्रेस सरकारले गरेको संझौतालाई स्वीकार गर्नु भयो ।

तल सामाजिक जगमा चल्ने वर्ग संघर्ष र जन आन्दोलनलाई उत्साहित गर्ने र ढालको रुपमा काम गर्ने भूमिका पनि उहाँहरूबाट भएन जुन हुन सक्थ्यो र हुनुपर्थ्यो । उहाँहरूले सत्तामा टिक्न, आमूल परिवर्तनकारी मित्रशक्तिहरूसँग चाहिं दूरी देखाउने, प्रतिक्रियावादी शक्तिसित चाहिं नजिकिने कार्यनीति अपनाउनु भयो । उदयपुरमा सुकुम्वासीहरूको वर्ग-संघर्षमाथि उहाँहरूले दमन नै गर्नुभयो । अन्य वामशक्तिलाई उहाँहरूले दवाउनु भयो ।

एउटा क्रान्तिकारी कम्युनिष्ट शक्ति हो भने एमालेले सरकारमा गएर क्रान्तिकारी सिद्धान्त र राजनीतिकै प्रचार गर्नुपर्ने, संसदीय व्यवस्थाको सीमा पर्दाफास गर्नुपर्ने । तर उहाँहरूले संसदवादी बाटो समाउनु भयो । संसदीय व्यवस्थाको एउटा अंगको रुपमा आफूलाई प्रस्तुत गर्नुभयो । यस हिसावले 'एमाले सरकार' प्रतिक्रियावादको दिशातर्फ गइराखेको थियो, यद्यपि यसको प्रतिक्रियावादसित अन्तरविरोध बाँकी थियो । ऊ पूर्णरुपले प्रतिक्रियावादमा परिणत भइसकेको थिएन ।

एमालेले कम्युनिष्ट पार्टीकै नाममा शासन चलाएको, ऊ पूर्णतया प्रतिक्रियावादी नभइसकेको र अझै उसको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरूसित अन्तरविरोध बाँकी रहेकाले प्रतिक्रियावादी केन्द्रहरूले राज्ययन्त्रका विभिन्न अंगहरू परिचालित गरी उसलाई पदच्यूत गरे । यो घटनाले संसदीय व्यवस्थाको सीमालाई उदांगो पारेको छ ।

थोरै मात्र देश र जनताको लागि सुधारको काम गर्ने शक्तिलाई पनि, प्रतिक्रियावादीहरूसित थोरै मात्र अन्तरविरोध रहेको शक्तिलाई पनि प्रतिक्रियावादीहरू मजवूत हुन दिदैनन्, अपदस्थ गर्छन् भन्ने कुरा यो ९ महिनाले प्रष्टसित देखाएको छ ।

एमालेको प्रतिक्रियावादसित अन्तरविरोध बाँकी थियो । एमाले प्रतिक्रियावादीहरूले चाहेको दिशामा पूर्ण रुपमा आइसकेको थिएन । एमालेका कार्यक्रमहरू लोकप्रियतामुखी (Populist) थिए । उसलाई यी लोकप्रियतामुखी प्रजातान्त्रिक सुधारहरू गर्न दिने हो भने ऊ झन् झन् लोकप्रिय हुँदै जाने र अर्को चुनावसम्म एमालेको शक्ति धेरै मजवूत भइसक्ने र त्यसबाट आफ्नो संगठन र अस्तित्त्व दुवै निकै खतरामा पर्ने संभावना प्रतिक्रियावादीहरूले देखे । यस्तो भयो भने आफू फेरि सरकारमा आउने संभावना क्षीण हुने उनीहरूले देखे । यही कारणले उनीहरूले एमालेलाई अपदस्थ गरेका हुन् ।

यदि यो कदमबाट भड्किएर एमाले फेरि क्रान्तिकारी दिशातिर जाने संभावना भएको भए पक्कै पनि उनीहरूले यो कदम चाल्ने थिएनन् । तर यो संभावना पनि उनीहरूले देखेनन् । त्यसैले पनि उनीहरूले यो कदम चाले ।

अर्को, उहाँहरू पछिल्लो समयमा चारैतिरबाट एक्लो पनि पर्नुभयो । उहाँहरूको विपक्षमा प्रतिक्रियावादीहरू त छँदै थिए । अन्य वामपन्थी मित्रहरूसित न्यूनतम सौहार्दता बढाउने उद्देश्यले छलफल, संवाद गर्ने, सम्पर्क गर्ने काम पनि उहाँहरूबाट भएन । फलस्वरुप उहाँहरू चारैतिरबाट एक्लिनु भयो । त्यस्तो भएपछि उहाँहरूलाई अल्पमतको सरकार हुनुको हैसियतबाट अपदस्थ गर्न प्रतिक्रियावादीहरूलाई निकै सजिलो भयो ।

एमालेको नौ महिनाको अनुभवलाई मूर्तीकरण गर्ने हो भने उसले यो संविधानको सीमालाई पर्दाफास गर्नु पर्नेमा ऊ आफै यो संविधानको सीमामा कैद भएको भेटिन्छ ।

जस्तो भूमिसुधारको सवालमा- क्रान्तिकारी भूमिसुधार गर्न संविधानले छेक्छ भने एमालेले संविधान संशोधनको प्रस्ताव संसदमा पेश गर्नुपर्थ्यो । संसदबाट त्यो स्वीकृत भएको खण्डमा पनि राम्रो हुन्थ्यो, किनकि समाजलाई यसरी एक कदम अगाडि बढाउन सकिन्थ्यो । यदि अस्वीकृत गरियो भने पनि यो संसद्को र संविधानको सीमालाई पर्दाफास गरेर जाने प्रत्यक्ष प्रमाण प्राप्त हुन्थ्यो । तर एमालेले यस्तो गरेन । ऊ यही संविधानको सीमा अन्तर्गतको भूमिसुधार मात्र सोच्यो । संसदीय सीमामा कैद हुनु भनेकै यही हो ।

गाई काण्डमा त एमालेले सबै धर्म, भाषा, जातिप्रति समानताको व्यवहार संवन्धी आफ्नै पार्टी-नीति समेत अनुसरण गरेन । सरकार त संविधानको सीमाले गर्दा केही संकुचित भयो भनौं । पार्टीले त आफ्नो धर्म निरपेक्षताको अडान प्रष्ट पार्नु पर्थ्यो । त्यो पटक्कै पारेन । हिन्दूहरू रिसाउलान्, भोट भड्केला भनेर आफ्नै पार्टी-नीति विपरीत कुरा एमालेले ल्यायो । यो त अवसरवादी बाटो भयो नि ! यो त व्यवहारवाद भयो नि !

त्यसैले व्यवहारवादको राम्रो नियत अक्सरतया अवसरवादमा परिणत हुन्छ भनेर भन्ने गरिन्छ । नेपालमा त्यस्तै भयो ।

बाँकी अर्को अंकमा

### बहुदल आएपछिको नेपालमा

# किन घट्दैछ साहित्य र कलाको महत्त्व ?

**चन्द्रदेव नेपाली**



पंचायती कालको यो सकृयता कता हरायो, खै ?

साहित्यकार यशपाल-को प्रशिद्ध उपन्यास "झूठासच" को नायक-पात्र जयदेव पुरीको जीवनमा आएको सूक्ष्म सूक्ष्म परिवर्तन देख्दा र अन्तमा उसमा आएको विचलन देख्दा म स्वयंप्रति पनि आलोचनात्मक हुन पुगेको छु!"- एक जना युवा कार्यकर्ताको आत्मस्वीकृति हो, यो ।

❑ "उमेरले नपचाउने छाडा र विकृत विषयवस्तुयुक्त सस्ता स्तरका रंगीचंगी उपन्यासहरू पढेर विद्यार्थीहरू छाडा, अनुशासनहीन र विकृतिका शिकार भएका छन्"- एक जना प्रवुद्ध शिक्षकको टिप्पणी हो, यो ।

❑ "कक्षा ६ र ७ मा पढ्ने मेरा छोराछोरीहरू जासूसी उपन्यासको प्रभावमा परेर कोरा कल्पनामा हराउने र डुब्ने गर्छन्, पढाइ र श्रमप्रति उनीहरू उदासीन हुन थालेका छन्"- एक जना अभिभावकको चिन्ता हो, यो ।

❑ "काठमाडौंमा हुने गरेका मासिक साहित्यिक गोष्ठीहरू "साहित्य सन्ध्या" र "प्रतिभा-प्रवाह" मा कविताहरू सुन्दा र त्यसपछि गरिने समीक्षात्मक टिप्पणी सुनेपछि मलाई थाहा भयो-साहित्यमा

**प्रगतिशील लेखक संघरूपी साझा मंच थोरै व्यक्तिहरूमा मात्र केन्द्रित हुन पुगेको छ । कारण, देशको समग्र निर्माणका जिम्मेवार र दावेदार हाम्रा वामपन्थी पार्टीहरूले यसलाई अत्यन्त कम वास्ता गरिरहेछन् !**

भारतका कम्युनिष्ट पार्टीहरू सी.पी.आई. (एम), सी.पी.आई. (एम.एल) नजीकका केही यस्ता युवा कार्यकर्ताहरूलाई मैले भेटेको छु, जसले बताए- "म कम्युनिष्ट आन्दोलनमा लागेको राहुल सांकृत्यायनको साहित्यको प्रभावका कारणले गर्दा हो ।"

❑ गोर्कीको 'आमा' र यांग मोको 'युवाहरूको गीत' उपन्यास पढेर कम्युनिष्ट आन्दोलनमा तानिएका र खारिएका व्यक्तिहरू प्रशस्त छन् ।

❑ एक जना प्रगतिशील विचारधाराका प्राध्यापकले एउटा सभामा भन्नु भएको थियो- "मोदनाथ प्रश्रितको 'देवासुर संग्राम' काव्यले मलाई यति प्रभावित पार्‍यो, जुन प्रभावका कारण म प्रगतिशील खेमामा प्रवेश गरें ।"

❑ "भारतीय मार्क्सवादी त सिंगै संसारकै विवेचना संभव रहेछ र साना साना बुँदाहरूमा पनि व्यावहारिक जीवनका सटीक व्याख्याहरू विद्यमान भएका हुँदारहेछन् ।"- यो टिप्पणी एक जना कर्मचारी मित्रको हो ।

माथिका विचारहरू र उदाहरणहरूले साहित्य प्रभावपूर्ण हुन्छ भन्ने कुराको पुष्टी गरेका छन् । खराव साहित्यले खरावै प्रभाव र असल साहित्यले असलै प्रभाव मानिसमा पार्ने गरेका छन् ।

साहित्यले मानिसको वुद्धिपक्षमा मात्र हैन, हृदयपक्षमा पनि असर छोड्छ । त्यसैले यसको प्रभाव मानिसमा ज्यादा पर्न जान्छ । त्यसकारण साहित्यलाई आफ्नो पक्षमा तान्ने कोशिस युगौं युगदेखि नै भइआएको छ । सामन्तवाद र त्यसको मतियार ब्राम्हणवाद आज हाम्रो समाजका नशा नशामा यो साहित्यको बाटो भएर नै घुसेको छ । कुनै पनि विचार सोझै व्यक्त गर्दा त्यसले पाठक वा स्रोतामा कम असर पार्छ, त्यसलाई कविता वा कथा बनाएर व्यक्त गर्न नपाई त्यसको असर तीव्र हुन्छ । पाठक वा स्रोतालाई त्यसले लठ्याउँछ ।

यो कुरा राम्ररी बुझेर नै हो- हाम्रो समाजका प्रतिगामी, पुरातनपन्थीहरूले अनेकौं साहित्यिक रचनाहरू रचे-रचाएका छन् । राजा महाराजाहरूले आफ्ना भाट लेखक कविहरूलाई पाले पोसेका छन् । इतिहासमा राजाका दरबारमा रत्न वा नवरत्नका रुपमा लेखक कविहरूलाई पनि राखिने गरिएको थियो । उनीहरू एकसाथ दुई काम गर्थे- शासक वर्गलाई बौद्धिक मनोरंजन दिने काम र शासक वर्गको वर्ग-स्वार्थ अनुकूलको सामाजिक विचार एवं मूल्य-मान्यताको खोजी र तिनको कलात्मक प्रचार प्रसार गर्ने काम ।

यो कुरा विगतका प्रतिगामी, प्रतिक्रियावादी शासक-शोषक वर्गले मात्र बुझेका थिएनन्, आजका प्रतिगामी प्रतिक्रियावादी वर्गले पनि यो राम्ररी नै बुझेका छन् । त्यसैले, हाम्रो देशमा शोषक-शासक वर्गले आफ्नो वर्ग-स्वार्थ अनुकूलको साहित्यको विकासमा आज पनि उत्तिकै ध्यान दिइरहेकै छ । संघ-संस्थाहरू, प्रतिष्ठानहरू र पुरस्कारहरू मार्फत आज यो काम भइरहेको छ ।

इतिहासमा साहित्यको विशेषतालाई जसरी प्रतिक्रियावादीहरूले आफ्नो पक्षमा प्रयोग गर्दै आएका छन्, त्यसरी नै प्रगतिशील आन्दोलनका हस्तीहरूले पनि यसलाई ठूलो महत्त्व दिएका पाइन्छन् । विश्वस्तरका कम्युनिष्ट नेताहरू प्रायः सबैले साहित्यलाई विशेष रुचीका साथ हेर्नु, त्यसबारे अध्ययन र चर्चा गर्नु, त्यसको अन्तरवस्तु र रुपका बारेमा चिन्तन गर्नु आदिमा उहाँहरूको विशेष ध्यान गएको पाइन्छ । मार्क्स-एंगेल्स र लेनिनदेखि माओसम्मले साहित्य-कलाबारे दिनु भएको विशेष ध्यान यस सन्दर्भमा उल्लेखनीय रहेको छ ।

चीनका महान साहित्यकार लु-सुन डाक्टरी पढ्न छाडेर साहित्यमा लाग्नु भएको घटनाले पनि समाजमा साहित्यको महत्त्वपूर्ण भूमिकालाई नै इंगित गरेको छ ।

तर के आज हाम्रो आन्दोलनमा साहित्यको यो महत्वपूर्ण भूमिकालाई व्यवहारमा स्वीकार गरिएको छ ?

यसबारे, हामीले तत्काल विशेष ध्यान दिनु जरुरी छ ।

प्रतिक्रियावादीहरूले आफ्नो वर्ग-प्रभूत्त्व कायम गर्न र आफ्नो लूटतन्त्रमा आधारित राजनैतिक-सामाजिक-आर्थिक व्यवस्था टिकाउन साहित्यलाई जत्ति



लागिपरेका छन्, त्यति हामी प्रगतिशीलहरू लागि परेका छैनौं ।

❑ २०४६ सालमा नेपाली जनताले ठूलो मूल्य चुकाएर बहुदलीय व्यवस्था ल्याए । हिजो पंचायती कालमा बोल्न, लेख्न, प्रचारप्रसार गर्न नपाइएको हुनाले पनि यी कुराहरू एक हदसम्म गर्न पाइने यो व्यवस्था ल्याइएको हो । तर व्यवस्था त आयो । बोल्न, लेख्न पाइने एक हदसम्मको छूट पनि प्राप्त भयो । तर



**प्रतिक्रियावादी साहित्यको विकास र विस्तारका निम्ति प्रतिक्रियावादीहरू चाहिं चनाखो र सक्रिय हुनु, तर प्रगतिशील साहित्यको निम्ति प्रगतिशीलहरूले चाहिं निस्कृयता र उपेक्षा प्रदर्शन गर्नु । यो अत्यन्त लाजमर्दो कुरा हो ।**

महत्त्व दिइरहेछन्, के अहिलै हामी प्रगतिशीलहरूले हाम्रो आन्दोलनलाई अघि बढाउन यसलाई त्यत्ति नै महत्त्व दिइरहेका छौं ?

आज प्रगतिशील आन्दोलनभित्र साहित्यिक लेखन, प्रकाशन र प्रसार प्रचारमा जुन व्यापक मन्दी छाएको छ, त्यसलाई हेरेर त हामीले भन्नु पर्ने हुन्छ- हामीले यो महत्त्व दिइरहेका छैनौं ।

त्यसैले, आज "उर्लंदो वाम-लहर छाएको" भनिएको नेपालमा स्थिति यस्तो छ-

❑ हाम्रै आन्दोलनभित्रका पाठकहरू पनि हाम्रो खाले साहित्यिक सामग्रीहरू पर्याप्त नलेखिएको र नछापिएकोले एवं प्रचार प्रचार राम्ररी नभएकोले प्रतिक्रियावादी साहित्य पढ्न बाध्य छन् । कम सचेत ब्यक्तिहरूलाई त्यस्तो प्रतिक्रियावादी साहित्यको प्रभावले अराजक वा समाजवादविरोधी समेत बनाइरहेको छ ।

❑ नियमित र पर्याप्त साहित्यिक प्रकाशनहरूको अभावमा भर्खर उदाउँदै गरेका साहित्यिक प्रतिभाहरूले मौलाउने अवसर पाइरहेका छैनन् । उनीहरू मध्ये कतिपय त यसै कारणले पनि विरोधी खेमामा प्रवेश गरिरहेछन् ।

❑ प्रतिक्रियावादी साहित्यको अन्तरदेशीय आदानप्रदान र अनुवाद-प्रकाशन जति भइरहेछ, त्यत्ति प्रगतिशील साहित्यको भइरहेको छैन ।

❑ प्रतिक्रियावादी वर्गको सक्रियातामा लामो इतिहास कालदेखि कै निरन्तरता भएकोले उनीहरू राज्यस्तरमा र अनौपचारिक रुपमै पनि जति संगठित भएर साहित्यमा

भन् उल्टो, बहुदल आएपछि त बोल्ने, लेख्नेतिरै चाहिं हाम्रो ध्यान कम गयो, कम गइरहेछ । हो, निश्चय नै यहाँ क्षणिक राजनीतिक लाभका कुराहरूमा बोल्ने, लेख्ने कामहरू भने कम भएका छैनन् । तर तिनीहरूसँगै चालू गरिनु पर्ने अत्यन्त महत्त्वपूर्ण साहित्य र कलाको क्षेत्रमा बोल्ने, लेख्ने कुराहरूले भने बिल्कूलै प्राथमिकता पाइरहेका छैनन् ।

❑ अहिले, विशेषत: २०४७ सालपछि साहित्य-कलाका प्रतिभाहरू धेरैजसो या त राजनीतिमा होम्मिएका छन् या एन.जि.ओ. हरूमा ।

❑ साहित्य-कलाका अन्य प्रतिभाहरू चाहिं कोही निष्क्रिय छन्, कोही हिजो पंचायत कालमा भन्दा पनि कम सक्रिय छन् र कोही अखवारी लेखनमै मात्र व्यस्त छन् । जसले केही लेखीरहेछ, ऊ एक्लो. एक्लो पर्दैछ । प्रकाशन, समीक्षा, प्रचार-प्रसार र विक्री वितरण कमजोर छ ।

❑ प्रगतिशील लेखक संघरुपी साझा मंच थोरै व्यक्तिहरूमा मात्र केन्द्रित हुन पुगेको छ । कारण, देशको समग्र निर्माणका जिम्मेवार र दावेदार हाम्रा वामपन्थी पार्टीहरूले यसलाई अत्यन्त कम वास्ता गरिरहेछन् । यसका औपचारिक सभा सम्मेलनमा आफ्नो संख्यात्मक प्रभूत्त्व लाद्न खोज्ने दिशामा बाहेक रचनात्मक र मूर्त टेवा र चासो प्र.ले. संघले पार्टीहरूबाट पाइरहेको छैन ।

❑ पार्टी नजीकका र पार्टी समर्थक अखवारहरूमा साहित्यसंबन्धी समाचारहरू, साहित्य र साहित्यिक


**सुवर्ण अवसर । सुवर्ण अवसर । सुवर्ण अवसर ।**

**सम्पूर्ण पूर्वाञ्चलवासीहरूको लागि धरान नर्सिङ्ग होम एण्ड रिसर्च सेन्टर प्रा. लि. ले दक्ष डाक्टरहरू, अनुभवी स्वास्थ्य प्राविधिकहरू र अत्याधुनिक उपकरणहरूसहित निम्न लिखित सेवाहरू सञ्चालन गर्न गइरहेको सहर्ष जानकारी गराईन्छ ।**

उपलब्ध सेवाहरु-

१) इमर्जेन्सी सेवा (चौबीसै घण्टा उपलब्ध)
२) ओ.पी.डी. सेवा-
*क) स्त्री रोग सम्बन्धी सेवा (स्त्री रोग विशेषज्ञ)*
*ख) बालरोग संबन्धी सेवा (बालरोग विशेषज्ञ)*
*ग) सर्जिकल सम्बन्धी सेवा (कन्सलट्यान्ट सर्जन)*
*घ) मेडिकल सम्बन्धी सेवा (फिजिसियन)*
३) इन्डोर सेवा (अपरेशन सेवा, मेटी वार्ड, सर्जिकल वार्ड, मेडिकल वार्ड, क्याविन, पेडिंयाट्रीक वार्ड आदि)
४) अल्ट्रासाउण्ड सेवा(प्रत्येक शनिवार)
५) इन्डस्कोपी सेवा (प्रत्येक शनिवार)
६) इ.सी.जी. सेवा (दैनिक)
७) एक्स-रे सेवा (दैनिक)
८) ल्यावरेटोरी सेवा (चौबीसै घण्टा उपलब्ध)
९) फार्मेसी सेवा (चौबीसै घण्टा उपलब्ध)
१०) नि:शुल्क मातृशिशु तथा खोप सेवा (प्रत्येक मंगलबार दिनको १० बजेदेखि)

*नोट:- एम्बुलेन्स सेवा निकट भविष्यमा उपलब्ध गराइनेछ।*

संचालक समिति
**धरान नर्सिङ्ग होम एण्ड रिसर्च सेन्टर प्रा. लि.**
पुतली बजार, धरान-१० फोन नं. : २०४६०, २१८०१

चर्चा, समीक्षा, समालोचनाहरूले अत्यन्त कम स्थान पाउँदै आएका छन्। किटानी साथ भन्ने हो भने- मुलुककै ठूलो शक्ति ने. क.पा. (एमाले) नजीकका अखवारहरू अधिकांशले त साहित्यको नाममा एउटा कविता प्रकाशन गर्ने काम बाहेक अरु केही गरिरहेका छैनन्। उल्लेखनीय कुरा के छ भने- यतिखेर प्रतिक्रियावादी खेमाबाट प्रकाशित भैरहेका हरेक अखवारहरूले साहित्यको समीक्षा, चर्चा- परिचर्चालाई नियमित स्थान र महत्त्व दिई आफ्नो पक्षको सेवा गरिरहेछन्। प्रतिक्रियावादी साहित्यको विकास र विस्तारका निम्ति प्रतिक्रियावादीहरू चाहिं चनाखो र सक्रिय हुनु, तर प्रगतिशील साहित्यको निम्ति प्रगतिशीलहरूले चाहिं निस्कृयता र उपेक्षा प्रदर्शन गर्नु। यो अत्यन्त लाजमर्दो कुरा हो।

❑ साहित्यिक पत्रिका, किताव, पुस्तिका आदि प्रकाशनको नियमित व्यवस्था छैन। थोरै मात्र त्रैमासिक र सामयिक पत्रिकाहरू बलतलले टिकिरहेका छन्।

जे जति पत्रिका र कितावहरू प्रकाशित भैरहेछन्, तिनीहरूलाई पनि किनिदिने, पढिदिने, प्रतिक्रिया व्यक्त गर्ने, रचनाहरूबारे छलफल गर्ने आदि कामहरू अत्यन्त कम भइरहेका छन्।

❑ दिगो र प्रतिवद्ध प्रगतिशील पुरस्कारहरू अत्यन्त कम छन्, जब कि प्रतिक्रियावादी खेमामा पुरस्कार र वृत्तिहरूको बाढी नै चलाइएको छ।

❑ साहित्यिक गोष्ठी, प्रतियोगिता, महोत्सव र सडक यात्रा आदिलाई कम प्रथामिकता दिन थालिएको देखिन्छ।

**वा**स्तवमा, यस्तो स्थिति हुनुको कारण के हो ?

एउटा व्यवस्थाबाट अर्को व्यवस्था आउँदाको अन्यौल, वैचारिक अस्पष्टता आदि जस्ता संक्रमणकालीन अवस्थाजनित चिजहरूको असर पनि निश्चय नै यसमा परेको छ। तर यी अन्यौल र अस्पष्टताहरू त सचेत प्रयत्न भएमा छिट्टै दूर गर्न सकिने कुरा हुन्। त्यसैले, मुख्य कारण यो होइन।

यसको प्रमुख कारण हाम्रा जिम्मेवार संगठन र व्यक्तिहरूमा साहित्यको र संस्कृतिको महत्त्व र जरुरतका बारेमा गंभीर रुपमा महसुस नहुनु नै हो। उनीहरू दैनिक राजनीतिमै बेसी केन्द्रीत र सीमित भएका छन्, त्यो बाहेक अरु कुरा उनीहरूको लागि महत्त्वपूर्ण नै हुन छाडेको छ।

यदि नेतृत्व पंक्ति यस मामलामा स्पष्ट र सजग हुँदो हो त कार्यकर्ता र जनतासम्ममा थप साहित्यिक रुची र चाख पैदा गर्न संभव छ। साहित्यिक मोर्चा र संयुक्त मोर्चाहरूलाई टिकाउन र अघि बढाउन संभव छ। प्रकाशन र पुरस्कारहरू स्थापना गर्न संभव छ।

नेतृत्त्वले चाख राख्ने हो भने- अखबारहरूमा साहित्य समीक्षा र प्रचारको स्थान दिन संभव छ, मासिक वा द्वैमासिक प्रकाशनहरू चालू गर्न संभव छ। पुरस्कार र गुठीहरू राख्न संभव छ। एउटै मोर्चामा तीन लाख वा पाँच लाख सदस्यहरू आफूसँग छ भन्ने पार्टीहरूले चाहने हो र योजनावद्ध रुपले काम गर्ने हो भने हरेक कार्यकर्ताद्वारा "साहित्य-कला पुरस्कार गुठी" स्थापनार्थ तीन महिनाभित्र जनही एक सय रुपियाँ चन्दा जनताबाट उठाउन लगाउने हो भने, लाखौं रुपियाँ जम्मा हुन संभव छ। आफ्ना चालू अखवारहरूको वितरण टोलीले साहित्यिक पत्रिका पनि वितरण गर्ने गरी कुनै एक वा दुई जना साहित्यकारहरूलाई जीवन धान्न पुग्ने रकम मासिक रुपमा उपलब्ध गराएर मासिक वा द्वैमासिक साहित्यिक-सांस्कृतिक पत्रिका संचालन गर्न लगाउने हो भने नियमित र व्यापक प्रकाशन संभव छ।

यहाँनेर, जिम्मेवार मानिसहरू के कुरामा प्रष्ट हुनैपर्छ भने- अरु मोर्चा चलाउन पेशेवर क्रान्तिकारीहरू चाहिए जस्तै साहित्य-कलाको मोर्चा चलाउन पनि पेशेवरहरूको व्यवस्था हुनै पर्छ। साहित्य-कलालाई आज यसरी बाह्य-टेवा नदिने हो भने यो फष्टाउन मात्र हैन, बाँच्नै पनि गाह्रो पर्ने स्थिति यहाँ विद्यमान छ।

साहित्यिक प्रतिभाहरूले नै विशेष मिहेनत नगरी साहित्य जन्मन र फष्टाउन सक्दैन। यो साँचो कुरा हो। तर ती प्रतिभाहरूलाई वातावरण तयार गरिदिने जिम्मा हाम्रा जिम्मेवार संगठनहरूको हो। प्रतिक्रियावादी राज्ययन्त्र र संघ -संस्थाहरू यस मामलामा जति चनाखा र सक्रिय छन्, हामी प्रगतिशील राजनैतिक पार्टीहरू र संघ-संस्थाहरू पनि त्यति नै वा त्यो भन्दा बढी चनाखो र सक्रिय हुनुपर्छ। नत्र प्रतिक्रियावादी साहित्य-कलाको भेलले हाम्रा जनतालाई बगाएर नेता, कार्यकर्ता र जनतामा वैचारिक र सांस्कृतिक पतनको प्रक्रिया शुरु हुनेछ। जब वैचारिक-सांस्कृतिक अधोपतनको प्रक्रिया चारैतिर व्याप्त हुन्छ, क्रान्ति र सामाजिक विद्रोहको बीज टुसाउनै नपाई माटोभित्रै स्वाहा हुन थाल्ने छ। प्रतिक्रियावादीहरूले चाहेको स्थिति नै यही हो। अहिले यस्तै भइरहेछ। ❑

# प्रगतिशील लेखक संघको सम्मेलन माघमा

## *संयुक्त मोर्चालाई हेर्ने अतिवादी दृष्टिकोणहरूबाट कसरी मुक्त हुने ?*

*प्रगतिशील लेखक संघ, नेपालले आफ्नो चौथो राष्ट्रिय सम्मेलन आगामी माघको २६ र २७ गते काठमाडौंमा आयोजना गर्दैछ। गत मंसीर ९ गते बसेको यसको केन्द्रीय समितिको बैठकले यो निर्णय गरेको हो। सम्मेलनका निम्ति माघ १५ गतेसम्म लेखकहरूले सदस्यता लिने वा नवीकरण गर्ने म्याद तोकिएको कुरा पनि प्र.ले.संघबाट थाहा हुन आएको छ।*

*यसअघि गत कार्तिक २४ गते प्र.ले. संघले दाङमा प्रगतिवादी नेपाली साहित्यको वर्तमान स्थिति र प्रवृत्ति विषयमा एक विचार गोष्ठी संपन्न गरेको थियो।*

*प्रगतिशील लेखक संघ नेपालका सबै प्रगतिशील लेखकहरूको साझा मंच हो। मूलतः यसले सामन्तवाद र साम्राज्यवाद विरोधी जनपक्षीय लेखकहरूलाई सँगेटेको छ। यसको सक्रियता गत दुई वर्षयता केही बढेको देखिएको छ। यो सह्रानीय कुरा हो। तर यसले अझै थुप्रै लेखकहरूलाई सँगेट्न र सृजनात्मक क्षेत्रमा तिनलाई टेवा पुऱ्याउन, क्रियाशील पार्न अरु प्रयत्न गर्नु जरुरी देखिन्छ।*

*अरु बेला कम चासो राख्नेहरूले पनि यसको सम्मेलनताका केही बढी चासो राख्ने गरेको देखिएको सन्दर्भमा एउटा उल्लेखनीय कुरा के छ भने- प्र.ले.संघ जस्तो साझा एकता मंचको महत्त्व आज झन् बढ्न गएको छ। कारण, मुलुकको सांस्कृतिक क्षेत्रमा प्रतिक्रियावादीहरूको गठबन्धन र क्रियाकलाप हालै यहाँका प्रतिक्रियावादी राजनीतिक पार्टीहरूको मिलीजुली सरकार बनेपछि अरु बलियो र विस्तारित भएको छ। यस स्थितिमा प्रगतिशील साहित्यिक क्षेत्रमा पनि एकता व्यापक र सुदृढ हुने काम गरिनु जरुरी छ।*

*हामीकहाँ संयुक्त मोर्चालाई हेर्ने दृष्टिकोणमा दुई खाले अतिहरू केही कम र केही बेसी मात्रामा विद्यमान रहेका छन्। एउटा अतिले संयुक्त मोर्चाबाट साझा प्रहार-लक्ष्य विरुद्ध साझा कुरा मात्र हुन संभव छ भन्ने कुरा बिर्सिने गरेको छ र त्यसबाट आफ्नो समूहका विशिष्ट कुराहरू जवर्जस्ती गराउन खोज्ने, त्यो हुन संभव भएन भनेर संयुक्त मोर्चालाई भत्काउने वा त्यसलाई छोडिदिने गरेको छ। अर्को अतिले भने संयुक्त मोर्चालाई पटक्कै महत्त्व नदिने, त्यसको वास्तै नगर्ने, त्यसलाई कार्य-अवसर ठान्नुको सट्टा बोझ ठान्ने गरेको छ। पाए आफैंले सबैथोक गर्ने, हैन भने, वास्तै नगर्ने प्रवृत्ति यसले बोक्ने गरेको छ।*

*यी दुवै अतिहरू संयुक्त मोर्चा संबन्धी गलत धारणाबाट निर्देशित छन्।*

*यी दुवै अतिहरूबाट मुक्त भई प्रगतिशील लेखक संघलाई एकतावद्ध र सबल राख्ने प्रयत्नहरू गर्नु आजको खाँचो हो। एकता-मंचप्रति सकारात्मक सोच राख्ने, चिन्तनशील र सक्रिय लेखकहरूको नेतृत्त्व निर्माणमा प्र.ले.संघको राष्ट्रिय सम्मेलनले सफलता हासिल गरोस्, यतिखेर हामी यही कामना गर्दछौं।*

■

# भारतका प्रगतिशील लेखकहरू जुट्दैछन् !

**भारतमा अलग अलग समूहमा रही काम गर्दै आएका तीन वटा प्रगतिशील लेखक संगठनहरूले यही डिसेम्बर २४ र २५ (पुस ९ र १० गते) मा पटनाको दुर्गावाडी, गयामा सँगै मिलेर दुई वटा विचार-गोष्ठीहरू गर्दैछन्। "परिवर्तन र समकालीन भारतीय समाज" र "यथार्थवादको अर्थ र हिन्दी कहानीको संभावना" शीर्षकमा हुने उक्त विचार-गोष्ठी सँगै कवि सम्मेलन र सांस्कृतिक कार्यक्रमको पनि आयोजना हुँदैछ।**

**यी तीन वटा संगठनहरू प्रगतिशील लेखक संघ, जनवादी लेखक संघ र जनसंस्कृति मंचहरू हुन्, जो क्रमशः भारतका वामपन्थी पार्टीहरू सि.पि.आई., सी.पी.एम. र सी.पी.आई. (एम.एल) को सोचसँग नजीक रहेका मानिन्छन्।** ❑



# के राजेश्वर देवकोटालाई जिताउनु ठीक भएको छ ?



राष्ट्रिय सभामा एमालेको भोट-बाट राप्रपाका चतुर नेता तथा सहअध्यक्ष राजेश्वर देवकोटाले जितेको घटना गएको महिनाभरि प्रमुख चर्चाको विषय बनिरहृयो । अहिले यो घटनालाई लिएर एमालेको एकथरि नेतृत्व के गौरव गरिरहेछ भने उसको कामले राप्रपाभित्र फूट पैदा भैरहेछ र अन्तरविरोध निकै चर्किरहेछ। त्यसैले यो उसको घनघोर कूटनीतिक सफलता हो।

नभन्दै राप्रपाभित्र राजेश्वर देवकोटा प्रकरणलाई लिएर अध्यक्ष सूर्यबहादुर थापाले आफ्नै सहअध्यक्षलाई अन्तर्घात गरेको र उनीमाथि कारवाही गरिने कुरा पनि अहिले निकै होहल्ला र विवादको विषय बनेको छ। के राप्रपा साँच्चै नै फुट्ला त ? के अध्यक्ष थापामाथि साँच्चै नै सख्त कारवाही होला त ?

हाम्रो ठम्याई छ- राप्रपा यो घटनाबाट फुट्नेवाला छैन । यसका अध्यक्षमाथि पनि कुनै सख्त कारवाही गरिनेवाला छैन । थापाको तर्फबाट एउटा छोटोमोटो आत्मालोचनाको स्वाङ जुन रचियो, त्यत्तिमै यो घटनाको पटाक्षेप गरिने छ।

राप्रपाको अन्तरविरोध त त्यतिखेर चर्किन्थ्यो, जब यसको आधिकारिक उम्मेदवार आफ्नै पार्टी अध्यक्षको र सांसदहरूको अन्तर्घातबाट नराम्ररी हार्थ्यो । काठमाडौं क्षेत्र नं. १ को उपचुनावमा कृष्णप्रसाद भट्टराई गिरिजा कोइरालाको अन्तर्घातबाट हारे जस्तै । तर अहिले त राप्रपाको दुवै हातमा लड्डू नै लड्डू भएको छ। एक सीट मात्र जित्ने हैसियत भएको राप्रपाले राष्ट्रिय सभाको दुई सीट कब्जा गर्न सफल भएको छ। राप्रपाका दुवै ठूला ठूला हस्तीहरू रबिन्द्रनाथ शर्मा र राजेश्वर देवकोटा छ-छ वर्षको लागि राष्ट्रिय सभामा पुग्न समर्थ भएका छन्। यो त राप्रपाको निम्ति अकल्पनीय उपलब्धि भएको छ। अनि किन फुट्छन् उनीहरू यस्तो उपलब्धिमा ?

कूटनीति गर्ने निहुँमा एकचोटि फेरि प्रतिक्रियावादी चालको थाङ्नामा सुत्ने काम एमालेको नेतृत्वबाट भएको छ।

दुनियाँलाई थाहा भएको कुरा के हो भने- राजेश्वर देवकोटा आफ्नो उद्देश्यमा निकै स्पष्ट र दृढ प्रतिक्रियावादी पंच नेता हुन्। यो पनि जगजाहेर छ कि पछि राष्ट्रिय सभामा कुनै महत्त्वपूर्ण विषयमा छलफल र मतदान हुँदा निर्णायक घडीमा उनले प्रतिक्रियावादी खेमाकै पक्षपोषण गर्नेछन्, उनले क्रान्तिकारी खेमाको हितमा कदापि आफ्नो मत दिने छैनन्। त्यस्ता प्रखर प्रतिक्रियावादी नेतालाई छ-छ वर्षको लागि राष्ट्रिय सभामा पठाउनु के नेपाली जनता र क्रान्तिको हितमा छ, संसद्मा उनको उपस्थितिले नेपालका उत्पीडित वर्ग, जनता र क्रान्तिको पक्षमा बुलन्द आवाज उठ्नेवाल छ कि प्रतिक्रियावादी वर्गहरूको र प्रतिक्रान्तिको पक्षमा ?

यो आधारभूत सवालको बारेमा गहन र जिम्मेवारपूर्ण सोचविचार नै नगरी राजेश्वरलाई संसद्मा पठाउने काम भएकोछ। यो ठूलो गल्ती भएको छ। वामपन्थीहरू एक भएको खण्डमा त्यो ठाउँमा एकजना दृढ र स्पष्ट वामपन्थी व्यक्तित्व पठाउनु बिलकुलै संभव थियो। त्यो नेकपा (मसाल) को हुन सक्थ्यो वा नेमकिपाको वा नेकपा (एमाले) कै । जरुरत नेकपा (मसाल) वा नेमकिपामध्ये कुनै एकको प्रतिनिधिलाई संसद्मा पुऱ्याउनुको थियो, किनकि राष्ट्रिय सभामा उनीहरूको उपस्थिति शून्य थियो।

संसद्मा नेमकिपाको नेतृत्त्वको भूमिका पनि यसपालि निकै गलत रहेको देखियो । वाम विकल्प हुँदाहुँदै आपसी सांगठनिक विवादका कारण प्रतिक्रियावादीहरूका प्रतिनिधिलाई संसद्मा पुऱ्याउन सघाउने कामसम्म पनि उहाँहरूबाट भएको देखियो । के यसको सट्टामा उहाँहरूले नेकपा (मसाल) का प्रतिनिधिलाई संसद्मा पुग्न सघाउनु नितान्त जरुरी र उपयुक्त हुँदैनथ्यो ?

यो घटनाले प्रष्टै देखाएको छ- नेपालको वाम आन्दोलनमा क्रान्तिकारी वर्ग दृष्टिकोण क्षीण हुन थालेको छ। कुन कामले क्रान्ति र उत्पीडित वर्गका जनतालाई बढी फाइदा पुऱ्याउँछ ? यो दृष्टिकोणबाट सही र गलत काम छुट्याउने पद्धति हाम्रो आन्दोलनमा मर्दै जान थालेको देखिएको छ। आफूलाई क्षणिक फाइदा भयो कि क्रान्ति र जनता भर्सेलो परोस् ! यस्तो गैरक्रान्तिकारी आत्मकेन्द्रित प्रवृत्ति हाम्रो आन्दोलनमा हावी हुन थालेको छ। सबै जिम्मेवार नेता र कार्यकर्ताहरूले यो प्रवृत्तिलाई कसरी हतोत्साहित र पराजित गर्ने, गंभीरतापूर्वक सोच्नु जरुरी भएको छ। ❑

# साइज बढेको सरकार र सांसदको सुविधा

गत मंसीर २७ गते प.मं. शेरबहादुर देउवाको सिफारिसमा विस्तारित हुन पुगेपछि हाल नेपालको मन्त्रीमण्डल ४४ सदस्यीय भएको छ।

देशमा पहिले कहिल्यै नभएको ठूलो साइजमा बनेको यो मन्त्रीमण्डल एमाले सरकारको पालाको भन्दा वार्षिक करीब साँढे आठ करोड ज्यादा खर्चालु हुन पुगेको छ। मन्त्रीहरूका यातायात साधनहरूको मूल्य र देश-विदेश भ्रमणका खर्चहरू समावेश नगर्दा पनि यत्ति महंगो पर्ने यत्रो मन्त्रीमण्डल वास्तवमा त्रिपक्षीय सरकारको "पद र सुविधा बाँडेर एकता कायम गर्ने" अवसरवादी प्रवृत्तिको प्रष्ट द्योतक हो।

जनताको ढाडमा जति नै ठूलो आर्थिक मार परेपनि आफ्नो कुर्सी-स्वार्थको निम्ति जे पनि गर्न पछि नहट्ने यही सरकारले केही दिनअघि मात्र सांसदहरूको तलब र अन्य सुविधामा पनि भारी बृद्धि गरेको छ।

जनताका प्रतिनिधि मानिने सांसदहरूमध्ये ३-४ जना वाम सांसदहरू बाहेक अरुले यो सांसद-सुविधा बृद्धिको जोडदार विरोधसम्म पनि नगर्नु भने विडम्बनाकै कुरा हो। सरकारले सांसदहरूको मुखमा बुझो लगाएर, त्यसपछि आफ्नो स्वार्थ सिद्धि गर्ने गरेको जालमा यसरी नेपालको संसद फँसेको छ। यस महँगो पाठबाट पूँजीवादी संसदको असली नियत र रबैयाको राम्रो पर्दाफाश भने भएको छ भन्ने हामीलाई लाग्छ। ❑

# रामेछापमा पनि दमन

**गत मंसीर १९ गते रामेछापको लखनपुर गा.वि.स.मा जात्राको दिन स्थानीय चार जना प्रहरीहरूले महिलाहरू माथि हातपात गरेकोमा भएको झगडालाई निहुँ बनाई सरकारले रामेछापमा पनि दमन अभियान चालेको छ। आफैंले आफ्नो छानुको केही खर बालेर संजमो नेपाल (लिलामणि समूह) का कार्यकर्ताहरूलाई प्रहरीको थाना जलाएको भन्ने झूठो आरोप समेत लगाई घरहरूमा खानतलासी गर्ने, छापा मार्ने र यातना दिने समेत गर्न थालिएको छ।**

**रामेछाप घटनाका विरुद्ध संजमो नेपालका अध्यक्ष निरंजन गोविन्द वैद्य, उपाध्यक्ष अमिक शेरचन र महासचिव लिलामणि पोखरेलले एक प्रेस वक्तव्यद्वारा कडा विरोध जनाउनु भएको छ।** ❑


रक्तिम परिवारको
नयाँ गीति क्यासेट
"फूल फुल्नेछ"
बजारमा आउँदैछ !



श्री ५
महाराजाधिराजको
स्वर्ण शुभजन्मोत्सवको
उपलक्ष्यमा
मौसूफको चीरायुको
कामना गर्दछौं !
राष्ट्रिय वाणिज्य बैंक परिवार



# पोल्याण्डमा साँच्चै कम्युनिष्टहरू सत्तामा आएका हुन् ?

अत्यन्त कडा प्रतिस्पर्धाका बीच पोल्याण्डमा हालै सम्पन्न राष्ट्रपतिको निर्वाचनमा ४१ वर्षिय पुराना कम्युनिष्ट मन्त्री एवं डेमोक्रेटिक लेफ्ट अलायन्सका नेता अलेक्ज्याण्डर क्वास्निवेस्कीले राष्ट्रपति लेक वालेसालाई नराम्ररी पछारेका छन् । आगामी ६ वर्षका लागि पोल्याण्डको राष्ट्रपति पदमा निर्वाचित क्वास्निवेस्कीले सोभियत संघ शैलीको पुरानो वामपन्थी शासन विरोधी संघर्षको नेतृत्व गर्ने सोलिडेरिटी आन्दोलनका नायक एवं निवर्तमान राष्ट्रपति लेक वालेसालाई ४८.२३% मतका विरुद्ध ५१.७२% मत प्राप्त गरी पछारेका थिए ।

पूर्वी यूरोपका विभिन्न मुलुकहरूमा वामपन्थी पार्टी र चुनावमार्फत नेताहरू सरकारमा आसीन हुन थालेको सन्दर्भमै पोल्याण्डमा पनि पुराना वामपन्थी नेता क्वास्निवेस्की राष्ट्रपति पदमा निर्वाचित भएका छन् । पोल्याण्डमा अर्का पुराना वामपन्थी नेता जोजेफ ओलेस्की प्रधानमन्त्री पदमा रहिरहेका छन् । त्यही देशमा राष्ट्रपति पनि पुराना वामपन्थी नै निर्वाचित भएको प्रसंगलाई लिएर त्यहाँ अब संपूर्णतः वामपन्थीहरू नै सत्तामा आसीन भएको व्याख्या व्यापक रुपमा हुन थालेको छ ।

तर के साँच्चै पोल्याण्डमा वामपन्थीहरू नै सत्तामा आसीन भएका हुन् त ? के पोल्याण्डको सरकारमा आसीन भएका यी वामपन्थीहरू क्रान्तिकारी नै हुन् त ? यी महत्त्वपूर्ण सवालहरूको जवाफ खोज्नु आजको स्थितिमा अत्यन्त सान्दर्भिक भएको छ ।

पोल्याण्ड त्यस्तो देश हो, जहाँबाट पूँजीवादी-साम्राज्यवादीहरूले पूर्वी यूरोपेली देशहरूबाट सोभियत संघ शैलीको समाजवादलाई उखेलेर फ्याँक्ने शुरुवातलाई अगाडि बढाएका पूर्वी यूरोपेली देशहरूमा सबैभन्दा पहिले समाजवादी शासन अन्त गरेर पश्चिमी पूँजीवादी प्रजातन्त्र र खुला बजार अर्थतन्त्र लागू गर्ने कामै शुरु भएको थियो । यसको नेतृत्व गर्ने मजदूर आन्दोलनका पूँजीवादी नेता लेक वालेसा हुन् ।

उनलाई पूँजीवादी साम्राज्यवादी खेमाले मजदूर असन्तोष र आक्रोश भड्काउने हतियारको रुपमा प्रयोग गरेर सफलता पनि हासिल गरेको थियो ।

सोभियत संघ शैलीको समाजवादको अन्त गरेर पूँजीवादी साम्राज्यवादी खेमाले पोल्याण्डमा नग्न पूँजीवाद लागू गर्ने नेतृत्व पनि लेक वालेसालाई नै दिएको थियो । १९८९ देखि राष्ट्रपति पद सम्हाल्दै उनले आफ्नो देशलाई खुला बजार अर्थतन्त्र र प्रजातन्त्रको स्थापनाको नाममा पूँजीवादीहरूको लूटतन्त्रको स्वर्ग बनाउन थाले । यो अभियानमा तब धक्का लाग्यो, जब २०५० सालमा सम्पन्न संसदीय निर्वाचनमा बहुमत प्राप्त गरेका वामपन्थीहरू सरकारमा आसीन भए ।

पोलिश पीजेन्ट्स पार्टी (PSL) का ३४ वर्षीय अध्यक्ष वाल्डेमार पावलाकको प्रधानमन्त्रीत्वमा २८ वटा वाम पार्टीहरूको संयुक्त मोर्चा डेमोक्रेटिक लेफ्ट अलायन्स (SLD) र यूनिय अफ वर्क पार्टी (UP) को सहभागितामा त्यहाँ वामपन्थी सरकार गठन भएको थियो । स्मरणीय छ, ४६० सदस्यीय पोल्याण्डको प्रतिनिधि सभा-सेज्ममा अलायन्सले १७१ सीटमा जितेको थियो, पोलिश पीजेन्ट्स पार्टीले १३२ सीट जितेको थियो । यी दुवै वाम-पार्टीहरूले मात्रै कूल सीटको ६५% भाग ओगट्न सफलता प्राप्त गरेका थिए । तर सत्तारुढ राष्ट्रपति लेक वालेसाको पार्टी -डेमोक्रेटिक यूनियनले २० सीट अर्थात् १०.६% मत मात्रै प्राप्त गरेको थियो ।

पोल्याण्डको समाजवादी सत्ता ढलेको चार वर्षभित्रै त्यहाँको संसद्मा वामपन्थीहरूले बहुमत प्राप्त गरी सरकार समेत गठन गरेको कुराले पूँजीवादी साम्राज्यवादीहरूलाई शुरुमा निकै तर्साएको थियो । त्यसैले उनीहरूले राष्ट्रपतिलाई निरंकुश र तानाशाह बनाउने शर्तमा पनि यो ६ वर्षभित्र दुई वटा सरकारलाई विस्थापित गर्ने, बजेटमा मनपरी ढंगले ढिलाइ गर्ने र धर्मको नाममा राजनीति गर्ने पुरातनपन्थी क्याथोलिक चर्चसँग घाँटी जोड्ने कार्य गर्न लगाए ।

यसरी सत्ता-शक्ति आफ्नो हातमा केन्द्रित गर्ने, संसद् र सरकारलाई अंकुश लगाउने र हस्तक्षेप गर्ने क्रममा राष्ट्रपति वालेसा यो ६ वर्षभित्र जनताको नजरमा जननेताबाट निरंकुश र तानाशाहमा फेरिए । अर्कोतिर, उनले शुरु गरेको पूँजीवादीकरणको फलस्वरुप पोल्याण्ड विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र पूँजीपतिहरूको स्वर्ग त बन्यो तर उनले पोल्याण्डलाई अमेरिकी साम्राज्यवादको नेतृत्व अन्तर्गत रहेको उत्तर अटलान्टिक सन्धि संगठन नेटो (NATO) को टाँगमुनि पनि छिराए । यस क्रममा पोल्याण्डका जनताले समाजवादी शासनमाभन्दा उन्नत स्वतन्त्रता, समानता र सम्पन्नता प्राप्त गर्नुको साटो गरीबी, निरंकुशता र अत्याचार बाहेक केही प्राप्त गरेनन् ।

जनताको आधारभूत आवश्यकताको सवालमा लेक वालेसाको पूँजीवादी सरकारले गरेको लापर्वाहीले गर्दा र सरकारले झन् झन् तानाशाही लाद्न थालेकोले गर्दा आम जनतामा पूँजीवादी प्रजातन्त्रप्रति नै व्यापक निराशा पैदा भयो ।

यिनै निराश जनताको मत चुनावबाट अभिव्यक्त हुने क्रममा पोल्याण्डमा वामपन्थीहरू यसरी संसद्, सरकार र राष्ट्रपति पदमा समेत विजयी हुन थालेका हुन् । एस.एल.डी. का नेता क्वास्निवेस्कीको राष्ट्रपति पदमा विजय पनि पूँजीवादबाट आहत जनताको मुक्ति खोज्ने अभियानकै एक कडी हो । तर त्यहाँ सरकार बनाइरहेका र हालै राष्ट्रपति पदमा निर्वाचित क्वास्निवेस्कीको अलायन्सको नीति र कार्यक्रम भने जनतालाई मुक्ति दिने खालको छैन, कम्युनिष्ट क्रान्तिकारीहरूको जस्तो छैन ।

लेक वालेसाको नग्न पूँजीवादी शासनभन्दा प्रगतिशील, देशभक्त भनिएका पोल्याण्डका यी वामपन्थीहरू आफ्नो पार्टीको नाम र काम दुवै फेरेर संसदीय संघर्षमा मात्र सीमित भएका शक्ति हुन् ।

लेक वालेसाभन्दा उनीहरू मात्रात्मक रुपमा फरक त छन् तर यी वामपन्थीहरूको नीति पनि मूलतः सुधारवादी देखिन्छ, क्रान्तिकारी देखिँदैन । लेक वालेसाको नग्न र चरम पूँजीवादको सट्टामा "मानवीय रुप भएको पूँजीवाद" (Capitalism with a human face) लागू गर्ने उद्देश्यसहित लागि परिरहेका त्यहाँका वामपन्थीहरूले आफ्नो घोषणापत्रमै सुधारावादी चरित्रको नीति र कार्यक्रम लागू गर्ने कुरा प्रचार गरेका थिए ।

राष्ट्रपति क्वास्निवेस्कीको नेतृत्ववाला एस.एल.डी. ले आफ्नो घोषणापत्रमा वृद्धहरूको पेन्शन दोब्बर पार्ने, स्वास्थ्य उपचार र शिक्षामा सरकारी खर्च बढाउने, राज्यको स्वामीत्त्वयुक्त कम्पनीहरूका लागि बजारको व्यवस्था गर्ने कुरा प्रचारित गरेको थियो । त्यस्तै पोलिश पीजेन्ट्स पार्टीले किसानहरूको निम्ति उत्पादनमा क्षतिपूर्ति (Subsidy) बढाउने र पश्चिमी पूँजीवादी राष्ट्रहरूबाट आफ्नो देशमा ओइरिन लागेको खाद्यान्नको अनुपात कम गर्ने नारा अगाडि सारेर विजय हासिल गरेको कुरा यहाँ उल्लेखनीय देखिन्छ । यी घोषणाहरू, नीति र कार्यक्रम एवं नाराहरूले नग्न पूँजीवादी शासनबाट आहत पोल्याण्डवासीहरूलाई केही राहत त दिन सक्छन् । तर, समस्याबाट मुक्ति दिलाउन संभव छैन । यी सबै कुराहरू पूँजीवादी शैलीकै लोककल्याणकारी राज्य व्यवस्था अन्तर्गत सोशल डेमोक्रेटहरूले गर्ने कुराहरू हुन् ।

पुरानो समाजवादी शासनताका युवा कम्युनिष्टहरूको अखवारका सम्पादक भई युवा र खेलकुद मन्त्रीसम्म भएका क्वास्निवेस्कीले आफ्नो ६ वर्षे राष्ट्रपतीय शासनकालमा पोल्याण्डका जनतालाई राहत दिने नीति र कार्यक्रम प्रसार गरेका छन् । अतः पोल्याण्डवासीलाई केही राहत मात्रै दिने, मुक्ति नदिने सुधारवादी नीति र कार्यक्रम लिएर सरकारमा आसीन भएका वामपन्थीहरूको मुख हेरेर पोल्याण्डमा कम्युनिष्टहरू सत्तामा आए, पूर्वी यूरोपमा वामपन्थीहरू सत्तासीन भए, अब वामपन्थीहरूको सरकारले जनतालाई मुक्ति दिलाउने भयो भनेर उल्लासित हुनु भनेको भविष्यमा आफैं निराश हुन मात्र हुनेछ ।

यद्यपि यो विजयले वामपन्थीहरूको पक्षमा जनताको आस्था बढ्दै गएको कुराको स्पष्ट संकेत गरेकोमा चाहिं शंका गर्न सकिन्न । ❑

## क. माओको जन्म दिवसको सन्दर्भमा विचार-गोष्ठी

क. माओको १०३ औं जन्म दिवसको उपलक्ष्यमा यही पुस १४ र १५ गते काठमाडौंमा एक विचार गोष्ठीको आयोजना हुँदैछ । "नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवाद विरोधी संघर्षको प्रश्न" विषयमा हुने सो विचार गोष्ठीमा क. मोहनविक्रम सिंह, क. निर्मल लामा, क. माधवकुमार नेपाल, क. प्रचण्ड, क. शंभुराम श्रेष्ठ र क. रोहितले कार्यपत्र प्रस्तुत गर्नु हुने कुरा गोष्ठी आयोजक समितिबाट ज्ञात भएको छ ।

डि.आर. पोखरेल, अजय शर्मा, कृष्ण ब. घजू र लिलामणि पोखरेल समेतको सो आयोजक समतिले जनाए अनुसार कार्यपत्रहरूमाथि अलग अलग व्यक्तिहरूले टिप्पणी गर्ने कार्यक्रम पनि रहेको छ ।

**साम्राज्यवाद विरोधी सम्मेलन सम्बन्धी आवरण कथाको बाँकी**

लड्नु पर्छ भन्ने विचार व्यक्त गर्नु भयो। कर्णाटकका एन. रविले पनि साम्राज्यवादी कुहिएको संस्कृतिका विरुद्ध जुध्न विशेष ध्यानाकर्षण गर्नु भयो। वक्ता एस.चन्द्रन र हरियाणाका अर्का वक्ताले पनि मान्छेलाई मान्छे हैन, पशु बनाउन खोज्ने साम्राज्यवादी संस्कृतिका विरुद्ध हामीले हाम्रो संस्कृति र सौन्दर्यशास्त्रको विकास गर्नुपर्छ भन्नु भयो।

भारतको दिल्लीका आर. रमेश र नेपालका सुदर्शन प्रधानले साम्राज्यवादीहरूले वातावरणको विनाशमा पनि ठूलो भूमिका खेलिरहेको तर्फ सम्मेलनको ध्यानाकर्षण गराउनु भयो।

गुजरातका विश्ना शाहले एन.जि.ओ. हरूले बौद्धिक वर्गलाई धारिलो हैन, भुत्ते बनाउने काम गरिरहेको कुरा व्यक्त गर्दै छिमेकी देशहरूमाथि साम्राज्यवादी रबैया अपनाउने भारतीय एकाधिकार पुँजी मुर्दावाद! भन्नु भयो। भारतीय साम्राज्यवादको पनि विरोध हुनु पर्छ भन्ने राय कर्णाटकका श्रीमाडीको पनि रहेको थियो।

नेपालका तर्फबाट प्रा. माणिकलाल श्रेष्ठले (हेर्नुहोस् वक्तव्यमा उहाँका मुख्य भनाइहरू) र क. पद्मरत्न तुलाधरले विस्तृतमा आफ्ना रायहरू व्यक्त गर्नु भएको सो बन्द सेसनमा क. तुलाधरले विगतको एमाले सरकारले जनताको तत्कालको माग पूरा गर्ने प्रयत्न गरेको कुरा बताउँदै आफ्नो देशले आफ्नो पक्षमा शर्तहरूको व्याख्याको माग गर्दा विश्व बैंकले अरुण-३ रद्द गरेको कुरा पनि व्यक्त गर्नु भयो। नेपालका अर्का वक्ता डा. बालकृष्ण थापाले भूटानी शरणार्थीहरूको समस्याका बारेमा पनि साम्राज्यवाद विरोधी व्यक्तिहरूको ध्यान जानु जरुरी छ भन्ने कुरा व्यक्त गर्नु भयो।

सम्मेलनको अन्तिम सेसनमा भारतमा महँगी विरोधी आन्दोलन गर्दा सी.पी.एम. सरकारबाट गोली ठोकेर मारिएका क. माधह हल्दारको बारेमा एउटा संस्मरण गीत प्रस्तुत गर्दा पूरै हल शोक विह्वल भएको थियो।

सम्मेलनको अन्तमा, आयोजक समितिका उपाध्यक्ष माणिक मुखर्जीले मस्यौदा घोषणापत्रमाथि प्राप्त संशोधन र सुझावहरूबारे टिप्पणी प्रस्तुत गर्नु भयो। सुझावहरू छानबीन गर्न जिम्मा दिइएका सुबीर बसु राय र प्रा. ध्रुव ज्योति मुखर्जीमध्ये प्रा. मुखर्जीले प्रस्तावको अन्तिम संशोधित रुप प्रस्तुत गर्नु भयो।

सभाबाट उक्त प्रस्ताव पारित भयो।

यसरी मंसिर १ गते साँझ ६ बजे प्रा. सुशील मुखर्जीको समापन भाषण र प्रसिद्ध गायक दीपंकर रायको क. हो चि मिन्हबारेको एक सुमधुर गीत प्रस्तुतिसँगै सम्मेलन समाप्त भयो।

## समग्रमा

वास्तवमा, कलकत्ता सम्मेलन विश्व-साम्राज्यवादका विरुद्ध न्यायप्रेमी जनताहरूको पहिलो लचिलो एवं फराकिलो एकता-प्रयत्न हो। आज खास गरी विश्वमा साम्राज्यवादीहरूको मनपरीतन्त्र चलिरहेको समयमा साम्राज्यवादबाट उत्पीडित विभिन्न देशका चेतनशील जनताहरूले एक्लै लड्न संभव छैन। यस निम्ति उनीहरूबीच एकता अपरिहार्य छ। तर वर्तमान स्थितिमा कुनै दरिलो अनुशासनयुक्त क्रान्तिकारी विश्व-संगठन बन्न नसकिरहेको र तत्काल फराकिलो साझा बुँदामा एकताको विन्दु खोज्ने प्रयत्न हुनु जरुरी पनि भएकोले यो सम्मेलनको विशेष महत्त्व रहेको छ।

सम्मेलनले कतिपय सुधारवादी, संशोधनवादीहरूलाई पनि संगेटेकोमा खासगरी बेल्जियम, टर्की, जायरे र नेदल्याण्डका प्रतिनिधिहरूले यसमा चित्त नबुझाएको पाइयो। यसैगरी, इरान र बेलायतका प्रतिनिधिले भने यो अझै यथासंभव फराकिलो हुनुपर्ने राय व्यक्त गर्नु भयो।

वास्तवमा, क्रान्तिकारीहरूको सक्रियताबिना खुकुला संगठनहरू पनि क्रियाशील नहुने कुरा साँचो हो। त्यसैले कम्युनिष्ट क्रान्तिकारीहरूले नै यस्ता संगठनहरूमा मूल चुरोको रुपमा विशेष सक्रियता अपनाउनु पर्छ भन्ने हामीलाई लाग्छ। तर साम्राज्यवाद विरोधी मंचलाई यथासंभव फराकिलो भने पार्नै पर्छ। अन्यथा यसले साम्राज्यवाद विरुद्ध लडिरहेका तमाम शक्तिहरूलाई गोलबन्द गर्न सक्ने छैन। क्रान्तिकारीहरूले मात्र साम्राज्यवाद विरोधी अभियानलाई निर्णायक घडीसम्म लड्ने साहस राख्छन् भन्ने कुरा साँचो हो। तर यस्तै फराकिला मंचहरू पनि व्यापक एकताको लागि जरुरी कुराहरू नै हुन्। त्यसैले, यस्तो खुकुलो संगठनलाई बाँधा नपर्ने गरी वा यसमा सघाऊ नै पुऱ्याउने गरी क्रान्तिकारीहरूले आपसी सुदृढ-एकता कायम गर्ने पहल गर्नु जरुरी छ। सबै कुरा संयुक्त मोर्चाबाट गर्नु संभव हुन्न। त्यसैले, यस्ता एकता मंचहरूका सीमाहरूलाई ख्याल राखी यिनलाई संचालन गर्नु र सघाउनु क्रान्तिकारी-हरूको आजको व्यावहारिक दायित्त्व हो भन्ने हामीलाई लाग्छ। किनभने, साम्राज्यवाद विरुद्ध रहने हर-कोहीलाई आफूतिर नतान्ने हो भने साम्राज्यवाद एक्लो पर्न सक्दैन।

कलकत्ता-सम्मेलनमा एस.यु. सी.आई. बाहेक भारतका अन्य वामपन्थी पार्टीहरू पार्टीगत रुपमा समावेश भएका देखिएनन्। अन्य देशका विभिन्न प्रवृत्तिधारी वामपन्थी पार्टीहरू

# अन्य कार्यहरूबारे साम्राज्यवाद विरोधी सम्मेलनद्वारा पारित प्रस्तावहरू

*साम्राज्यवाद विरोधी संगठनहरूमार्फत् निम्न कार्यहरू गर्ने-*

**१. छलफल, सेमीनार, सम्मेलन, सूचना बुलेटिन तथा पत्रिकाहरूको प्रकाशन र साहित्यिक अभियानहरू आयोजना गरेर सबै तप्काका जनतामा आजको साम्राज्यवादको खतरा र षड्यन्त्रहरूबारे जनचेतना जागृत गर्ने;**

**२. आ-आफ्नो मुलुकमा प्रभावकारी किसिमको क्रान्तिकारी र साम्राज्यवाद विरोधी प्रचार संयन्त्र सिर्जना गर्ने र अन्तर्राष्ट्रिय स्तरमा पनि त्यस्तो संयन्त्र विकास गर्न सहयोग गर्ने;**

**३. आ-आफ्नो मुलुकको सरकारलाई कुनै पनि साम्राज्यवादी षड्यन्त्रहरू विशेषतः साम्राज्यवादी युद्धका षड्यन्त्रहरू सामुन्ने नझुक्नका लागि दवाब दिन सबै फाँटका जनताको सहभागितामा आन्दोलनहरू संगठित गर्ने;**

**४. जब जब साम्राज्यवादीहरूले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा अन्य देशमा हस्तक्षेप गर्ने प्रयन्त्न गर्छन्, त्यतिखेर विश्वव्यापी प्रतिरोध आन्दोलन संगठित गर्ने;**


**५ युद्ध भएको खण्डमा, युद्धरत राष्ट्र वा राष्ट्रहरूलाई युद्ध रोक्न बाध्य गर्नु, साथसाथै युद्धरत राष्ट्र वा राष्ट्रहरूका औद्योगिक मजदूरहरूले उत्पादन, विशेषतः युद्ध सामग्रीको उत्पादन रोक्ने र यी सामग्रीहरूको ढुवानी रोक्ने कुरामा ध्यान दिने;**

**६. प्रत्येक मुलुकमा बलवान स्वयमसेवक दलहरू विकास गर्नु, जसले साम्राज्यवाद विरोधीमा अगुवा लडाकुको भूमिका निभाउन सकोस्। ❑**





**युवा कलाकारहरुको संगठन ArtAge का कलाकार सहभागीहरूलाई कलाकृति उपहार दिँदै**

**क्यूबाली क. पेड्रो अल्फोन्सो**




*बांग्लादेशी लेखक कबिर चौधरी*



# क. क्यास्त्रोको चीन भ्रमण

क्यूबाली क्रान्तिका नायक तथा वर्तमान क्यूबाली राष्ट्रपति क. फिडेल क्यास्त्रोको पहिलो दश दिने चीन भ्रमण अन्तर्राष्ट्रिय क्षेत्रमा निकै चर्चाको विषय बनेको छ । मंसिर १३ गतेदेखि शुरु भएको यो औपचारिक भ्रमणलाई संपूर्ण पूँजीवादी खेमाले असफल ठहऱ्याउन भगीरथ प्रयत्न गरे पनि चीनले यो भ्रमणलाई निकै महत्त्व दिएको थाहा भएको छ ।

राष्ट्रपति तथा चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव जियाङ जेमिनले क. क्यास्त्रोलाई चीनको ग्रेट हल अफ द पीपुलमा एक भव्य समारोहका बीच स्वागत गर्नु भएको कुरा सिन्हवाले जनाएको छ । दुई नेताबीच अन्तर्राष्ट्रिय मामलामा र द्विपक्षीय विषयमा तीन घण्टा लामो कुराकानी भएको खबर छ ।

राष्ट्रपति जियाङ जेमिनले क्यूबाली नेताको स्वागत गर्दै भन्नु भयो- "चिनियाँ सरकारले क्यूबाको आफ्नो राष्ट्रिय स्वाधिनता र राज्य प्रभूसत्तालाई रक्षा गर्ने न्यायपूर्ण संघर्षलाई सदा झैं समर्थन गरिरहनेछ र बाह्य हस्तक्षेपको विरोध गरिरहनेछ ।"

राष्ट्रपति जियाङले क्यूबामाथि भइरहेको आर्थिक प्रतिबन्ध र नाकाबन्दीको पनि सख्त विरोध गर्नु भएको छ ।

प्रधानमन्त्री लि पेङसित पनि राष्ट्रपति क्यास्त्रोको लामो वार्ता भएको



थाहा भएको छ । वार्तापछि चीन र क्यूबाका व्यापार मन्त्रीहरूले व्यापार र आर्थिक सहयोग सम्बन्धी तीन वटा बेग्ला बेग्लै संझौतामा हस्ताक्षर गरेको कुरा रिउटर समाचार एजेन्सीले जनाएको छ ।

स्मरणीय छ १९९३ मा दौत्य संबन्ध स्थापना भएपछि दुई देशबीच गतः वर्ष ५० करोड अमेरिकी डलर बराबरको व्यापार भएको थियो ।

भ्रमणको एउटा महत्त्वपूर्ण घटना- क्यास्त्रोको क. माओको पार्थिव शरीर सामुन्ने भावपूर्ण श्रद्धाञ्जलि थियो । क. क्यास्त्रोले चिनियाँ क्रान्तिका वीरहरूको तियान आन मेनस्थित मूर्तिमा पनि श्रद्धाञ्जलि चढाउनु भयो ।

बेइजिङको भ्रमणपछि क. क्यास्त्रोले संघाई लगायत चीनका नयाँ आर्थिक क्षेत्रहरूको भ्रमण गर्नु भएको थाहा भएको छ । चीनको भ्रमणपछि क. क्यास्त्रोको भियतनाम भ्रमण गर्ने कार्यक्रम छ ।

विश्व साम्राज्यवादको एक ध्रुवीय जगजगी चलिरहेको अहिलेको विश्व परिस्थितिमा चीन र क्यूबाबीचको राम्रो सम्बन्धले अहिले विश्वमै निकै महत्त्व राख्दछ । स्वयं क्यूबाको अमेरिकी साम्राज्यवादको नाकाबन्दी विरोधी संघर्षको लागि चीनसितको उसको सम्बन्ध निकै महत्त्वपूर्ण छ । यस अर्थमा यो भ्रमण निकै अर्थपूर्ण देखिन्छ ।

चिनियाँ पार्टी नेतृत्वले पूँजीवादी बाटो समातेयता चीन अहिले निकै राष्ट्रमुखी र आत्मकेन्द्रित भएको छ । सर्वहारा अन्तर्राष्ट्रवादलाई छाडेर अहिले साँघुरो राष्ट्रवादको अवलम्बन गरिरहेछ । चीनको यो नीति साम्राज्यवादको एकक्षत्र विगविगीको लागि भरेङ भइरहेछ ।

आर्थिक क्षेत्रमा विश्वको तेस्रो ठूलो महाशक्ति भइसकेको र सुरक्षा परिषद्को स्थायी सदस्य समेत भएको चीनले क्रियाशील भूमिका खेल्ने हो भने विश्व सम्बन्धलाई नै निकै प्रभावित पार्न सक्छ । क्यूबामाथि अमेरिकाले गरिरहेको अन्यायपूर्ण नाकाबन्दीलाई अन्त गर्न चीनको निर्णायक भूमिका हुन सक्दछ । यस अर्थमा पनि चीनसितको क्यूबाको मैत्रीपूर्ण सम्बन्ध र यो शीर्षस्थ नेताको भ्रमण निकै अर्थपूर्ण र महत्त्वपूर्ण मानिएको छ । ❑

---

भने समावेश हुन सक्ने तर आयोजक देशकै ती प्रवृत्तिधारी वामपन्थी पार्टीहरू चाहिं समावेश हुन नमिल्ने भन्ने कुरै छैन । त्यसैले आयोजकहरूले यसमा विशेष ध्यान दिनु पर्थ्यो भन्ने हामीलाई लाग्छ ।

सम्मेलनमा संगठित पार्टीहरूलाई भन्दा स्वतन्त्र व्यक्तित्वहरूलाई विशेष जोड दिने सोच राखिएको देखियो । यो अर्को कमजोरी हो भन्ने हामीलाई लाग्छ । साम्राज्यवाद विरोधी व्यक्तित्वहरूलाई यस्तो सम्मेलनले एकतावद्ध गर्ने पर्छ, तर साम्राज्यवाद विरोधी आन्दोलनलाई सशक्त बनाउने हो भने यसमा संगठित पार्टीहरूलाई एकीकृत गर्ने कुरालाई पहिलो प्राथमिकता दिनु जरुरी हुन्छ, अन्यथा यो यथासंभव संगठित र सशक्त हुनै सक्दैन । यो एउटा कमजोर मोर्चामा बदलिन्छ । यतातिर पनि आयोजकहरूले ध्यान दिनु जरुरी थियो भन्ने हामीलाई लाग्छ ।

तथापि, सम्मेलन जम्मामा, अत्यन्त उपयोगी र महत्त्वपूर्ण रह्यो । यसको महत्त्व यसैमा छ कि यसले अन्तर्राष्ट्रिय वाम-एकताको आधार खोज्ने दिशामा महत्त्वपूर्ण पाइला चालेको छ । टाढा रहेका र भिन्न भिन्न सोच राख्ने वाम शक्तिहरूलाई यसले अहिले विचार विमर्शका लागि एउटै थलोमा ल्याएको छ ।

जर्मन प्रतिनिधि क. ओपर्स्काल्स्कीले यस सम्मेलनलाई क्रान्तिकारी दिशामा अत्यन्त महत्त्वपूर्ण कदम मान्नु भएको र सम्मेलन-सत्रलाई स्वयं एउटा विशाल विश्वविद्यालय जस्तै ज्ञानवर्द्धक र उपयोगी मान्नु भएको कुराले यस सम्मेलनको सटीक व्याख्या गरेको छ भन्ने हामीलाई लाग्छ । "हामी एउटै



क. तुलाधर

सेना हौं, तर फरक फरक बटालियनमा रहेर लडाइँ लडिरहेछौं" भनी उहाँले सहभागीहरूका बारे गर्नु भएको टिप्पणीले यस सम्मेलनले न्यायप्रेमी जनताहरूमा विश्वस्तरमा ऐक्यवद्धताको भावना अभिवृद्धि गरेको जुन संकेत गरेको छ, त्यो यथार्थसम्मत टिप्पणी हो ।

यो अन्तर्राष्ट्रिय सम्मेलनको सबैभन्दा ठूलो उपलब्धि यसले निर्माण गरेको अन्तरिम साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय फोरम हो । यसलाई अन्तरिम यसकारणले भनिएको छ कि- अझै थुप्रै पार्टी, देश र व्यक्तित्वहरू यो फोरमको संपर्कमा आइसकेका छैनन्, तिनलाई ल्याउनै पर्छ र ल्याउन बाँकी छ । यसबाट भविष्यमा अझ विशाल र व्यापक सहभागिता सहितको फोरम निर्माण गर्न पहलकदमी हुने कुराको स्पष्ट झझल्को मिल्दछ । यो उज्यालो भविष्यको संकेत हो ।

यो सम्मेलनको अर्को ठूलो उपलब्धि साम्राज्यवादी प्रचार-साम्राज्यको विरोधमा साम्राज्यवाद विरोधी शक्तिहरूले पनि एउटा अन्तर्राष्ट्रिय प्रचार-संयन्त्र निर्माण गर्ने पहल थाल्ने निर्णय हो । यो निकै गाह्रो र चुनौतीपूर्ण काम हो, तर यो सारै महत्त्वपूर्ण काम पनि हो ।

यो सम्मेलनका आयोजक समितिका अध्यक्ष न्यायाधीश कृष्ण अय्यरले भन्नु भएको थियो- "यो साम्राज्यवादको अन्तको शुरुआत हो ।"

विश्व-साम्राज्यवादको आजका नयाँ नयाँ विशेषता र चरित्रहरूलाई सही तवरले ठम्याएर र सैद्धान्तीकरण गरेर बलियो र सही सैद्धान्तिक जगमा यो आन्दोलनलाई उभ्याउन सकियो र साम्राज्यवाद विरोधी सारा ताकतहरूलाई यसले एकै ठाउँमा एक गठ पार्न सक्यो भने निश्चितै रुपमा यो र यस्तो सम्मेलन साम्राज्यवादको अन्तको शुरुआत हुन सक्छ ।

अर्को वर्ष मे महिनाको पहिलो हप्तामा बेल्जियमको राजधानी ब्रुसेल्समा साम्राज्यवाद विरोधी अर्को अन्तर्राष्ट्रिय जमघटको आयोजना हुँदैछ । त्यसमा साम्राज्यवाद विरोधी शक्तिहरूको अझ व्यापक जमघट हुने र त्यहाँ हुने गंभीर छलफलबाट साम्राज्यवाद विरोधी यो मंचले अरु बलियो सैद्धान्तिक जग तयार पार्नेछ भन्ने आशा राख्न सकिन्छ । ❑

श्री ५
महाराजाधिराजको
स्वर्ण
शुभजन्मोत्सवको
उपलक्ष्यमा
मौसूफको चीरायुको
कामना गर्दछौं

हेटौंडा नगरपालिका
परिवार

मूल्याङ्कन मासिकको सहकर्मी



# नव युवा मासिक

युवाहरूको निम्ति ज्ञानवर्द्धक, जीवनमुखी र प्रगतिमुखी मासिक प्रकाशन !

## नव युवा

यस प्रकाशनमा हामी सामान्य ज्ञान, रोचक प्रसंगहरू, जीवनीहरू, दार्शनिक, सांस्कृतिक चिन्तनहरू, ज्ञान-विज्ञान, रंगमंच, टि.भी. र फिल्मसम्बन्धी समीक्षाहरू, साहित्य लगायत युवा अभिरूचिका अन्य विषयहरूसँग संबन्धित सामग्रीहरू प्रकाशित गर्दछौं । युवाहरूका निम्ति स्वस्थ र ज्ञानवर्द्धक पाठ्य सामग्रीहरू जुटाउने हाम्रो यो प्रयत्नलाई अरू उपयोगी बनाउन तपाईंका बहुमूल्य सुझावहरूको निम्ति हामी विशेष अनुरोध गर्दछौं ।

**प्रकाशनको तयारीका प्राविधिक पक्षहरूलाई संयोजित गर्न हामीले अरु एक महिना समय लिएका छौं । त्यसैले, यसको प्रथम अंक आगामी माघ १६ गते बजारमा उपलब्ध हुनेछ ।**

## यस मासिकमा प्रकाशनार्थ पठाउनु होस्

☆ छोटा कविताहरू, मुक्तकहरू, लघुकथाहरू

☆ सामाजिक कार्यमा लाग्दाको क्षणमा जीवनमा घटेका रोचक र शिक्षाप्रद घटनाका संस्मरणहरू

☆ स्वास्थ्यबारे आफूलाई लागेका विविध जिज्ञासाहरू, जसको जवाफ विशेषज्ञ चिकित्सकहरूबाट प्राप्त गरी प्रकाशित गरिनेछ ।

☆ बौद्धिक, सामाजिक, दार्शनिक विषयमा जिज्ञासाहरू, जसको जवाफ सम्बन्धित क्षेत्रका ज्ञाताहरूबाट प्राप्त गरी प्रकाशित गरिनेछ । (रोचक, ज्ञानवर्धक जानकारीहरू, छोटा विवरणहरू, सामान्य ज्ञान (यी सामग्रीहरू तथ्यपरक हुनु चाहिं अनिवार्य छ) ।

विक्रेताहरूले आफ्नो विक्री प्रतिको माग माघ १ गतेभित्र पठाइसक्नु होला ।



तपाईं आफ्ना उत्पादनहरूको विक्री बढाउन चाहनु हुन्छ भने नव युवामा विज्ञापन दिनुहोस् ! (हामी चुरोट, सुर्ती र रक्सीका विज्ञापनहरू चाहिं छाप्दैनौं)

नव युवा मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२, १९१, फोनः ४२२७६९, पो ब. नं. ७०५०, काठमाडौं ।



# प्रतिक्रियाको प्रतिक्रियामाथि मेरो छोटो प्रतिक्रिया

**खगेन्द्र संग्रौला**

"मूल्याङ्कन' पूर्णाङ्क ३१ मा प्रकाशित मेरो टिपोटे प्रतिक्रियामाथि 'मूल्याङ्कन' ३३ मा प्रकाशित श्याम श्रेष्ठको असामयिक र असान्दर्भिक प्रतिक्रियाले केही भ्रमहरू उत्पन्न गरेको हुँदा त्यसबारे मैले छाटो टिप्पणी नगरी नहुने भयो । आफ्नो टिप्पणीका बुँदाहरू म छोटोमा यसरी राख्दैछु :

क) मूल्याङ्कन पूर्णाङ्क २९ मा प्रकाशित श्याम श्रेष्ठको टिपोटे लेख "के आगामी सरकार वाम सरकार हुन सक्छ ? माथि टिपोटे प्रतिक्रिया गर्दै मैले- "वाम एकता कि वाम विसर्जन ?" भन्ने शीर्षकमा श्यामजीसमक्ष जिज्ञासा राखेको थिएँ । त्यो एमाले सरकारले मध्यावधिका निम्ति राजाछेऊ विन्ती चढाएको बेला थियो । मध्यावधि भइहालेमा संसद्मुखी एमाले र बाँकी जनगणतन्त्रवादी कम्युनिष्ट शक्तिहरूले चुनावमा एकजूट हुनु पर्ने आशय श्याम श्रेष्ठको लेखमा प्रकट भएको थियो । त्यस लेखको पृष्ठभूमिमा मूल्याङ्कनमै "हर तरहले एकता, हर हालतमा एकता जस्ता विलकुल असैद्धान्तिक विचारहरू पनि प्रकट भएका थिए । श्याम श्रेष्ठको चुनावी वाम एकताको आशयमा के वाम विसर्जनको आग्रह छैन, भनी तर्क गर्न खोजेको मेरो टिपोट मूल्याङ्कनको अङ्क ३० मा छापिने गरी मैले बेलैमा दाखिला गरेको थिएँ । तर अङ्क ३० मा नछापिएर सर्वोच्चले मध्यावधि चुनावको सिफारिसलाई बदर गरिसकेपछि र चुनावी एकताको सन्दर्भ नै मरिसकेपछि अङ्क ३१ मा मेरो टिपोट छापियो । त्यो टिपोट छापिनु पर्ने बेलामा छापिएन; टिपोटमा निहित प्रासंगिक मूल्य मरिसकेपछि नछापिनु पर्ने बेलामा बित्थामा छापियो । मेरो टिपोटे प्रतिक्रियाको प्रकाशन असान्दर्भिक, असामयिक, तसर्थ बित्थामा कागत रङ्गाउने काम मात्र थियो ।

ख) श्याम श्रेष्ठका र मेरा यी र यस्ता टिपोटे लेख र प्रतिक्रियाहरू कलाकृति होइनन् । यस्ता टिपोटहरूको नितान्त क्षणजीवी सामयिक मूल्य मात्र हुन्छ, दीर्घकालिक कलामूल्य वा विचारमूल्य हुँदैन । राजनीतिक परिदृश्यमा कुनै घटना वा मुद्दा उपस्थिति छउन्जेल मात्र यिनको प्रासङ्गिकता रहन्छ । घटना जब ओझेल पर्छ, यिनको प्रासङ्गिकता सिद्धिन्छ । तसर्थः यस्ता समसामयिक टिपोटे लेखहरू र तिनमाथिका प्रतिक्रियाहरूको प्रकाशन उचित समय र सन्दर्भमा हुनसके मात्र तिनको अर्थ रहन्छ । अन्यथा अर्थको अनर्थ हुनसक्छ । असामयिक र असान्दर्भिक रुपमा अङ्क ३१ मा छापिन गएको मेरो प्रतिक्रियामाथिको श्याम श्रेष्ठको प्रतिक्रिया अङ्क ३२ मा नछापिएर झन् असामयिक र असान्दर्भिक रुपमा अङ्क ३३ मा छापिन पुग्यो ।

प्रकाशन संस्था एक किसिमको सत्ता हो- संचार सत्ता । आफूमाथि प्रकट भएका अरुहरूका प्रतिक्रियाहरू आफ्नो अनुकूल हेरी कुन बेला छाप्ने भन्ने कुरा त सत्ताधारीको तजबीजको कुरा हो । तर आफ्नो तजबीज अन्तर्गतको संचार माध्यममा उचित समयमा आफ्नै टिपोटे प्रतिक्रिया छाप्न सम्पादकलाई कुनै बाधा-अड्काउ नुहुनु पर्ने हो । तैपनि, मेरो प्रतिक्रियामाथिको श्याम श्रेष्ठको प्रतिक्रिया एक अङ्क बिराएर अङ्क ३३ मा छापियो । टिपोटे प्रतिक्रियाहरूको असामयिक र असान्दर्भिक प्रकाशन र समयको यस अन्तरालको कारण पाठकहरूमा ठूलो अन्यौल पैदा भयो । श्याम श्रेष्ठले तेरो कुन लेखमाथि यो के प्रतिक्रिया गर्नु भएको हो भनी निकैजना पाठकले मसँग सोधे । टिपोटहरूको प्रकाशनमा हुन गएको समयको यस भ्रान्तिकारी अन्तराललाई दैव संयोगको फल भन्ने कि चतुऱ्याईंपूर्ण बौद्धिक दाउपेच भन्ने ?

ग) आफ्नो प्रतिक्रियामा मैले प्रस्तुत गरेका प्रमुख र गौण विषयलाई श्याम श्रेष्ठले आफ्नो रुचि अनुकूल अनुसार उल्टोपाल्टो पारेर प्रस्तुत गर्न खोज्नु भएछ । "वाम एकता कि वाम विसर्जन ?" भन्ने मेरो टिपोटको शीर्षकले नै प्रष्ट रुपमा के कुरा संकेत गर्छ भने मेरो जिज्ञासाको मूल विषय संसद् विघटन गर्ने एमाले सिफारिसको औचित्य-अनौचित्यमाथि बहस गर्नु होइन । मेरो जिज्ञासाको मूल विषय त क्रान्तिकारी कम्युनिष्ट आदर्शलाई संसदीय सेरोफेरोभित्र विसर्जन गर्नु उचित हो कि अनुचित हो भन्ने पो हो । मेरो टिपोटमा संसद् विघटनको सिफारिसमा प्रतिविम्बित संसदीय व्यवस्थाको द्रुततर फासीकरण तथा संसदीय व्यवस्थालाई चुनावी कोरामिनद्वारा घिटिघिटी रुपमा भए पनि बचाउने संसद्वादी दाउको विषय सन्दर्भवश उठेको पुच्छे टिपोट मात्र हो । श्यामजीले आफ्नो रुचि र सुविधा अनुसार यसै पुच्छे टिपोटलाई ठूलो शीर्षक बनाएर मूल विषयलाई तपसिलको व्यहोरामा पार्नु भएछ । संसदीय वृत्तभित्रको कैदी भएर संसदीय रकमी कुराहरूको जोडघटाउ गर्ने कुरा मेरो टिपोटले प्रस्तावित गर्दैन । मेरो टिपोटले त वाम आन्दोलनलाई संसदीय सिमसारमा डुबाउने आग्रह उचित हो कि होइन भन्ने कुरा जान्न खोजेको छ ।

घ) इतिहासमा पुराना घटना पृष्ठभूमिमा धकेलिएर नयाँ घटनाहरू परिदृश्यमा उदाइसकेपछि पाठक समूहरू थोत्रा-पुराना कुराहरूबारे असान्दर्भिक र बासी बहस सुन्न कुनै फुर्सदिलो टिपोटेलाई पर्खेर बसिरहँदैन । मध्यावधि चुनावको सन्दर्भ संसदीय अतितको चिहानमा पुरिइसकेको छ र अहिले चुनावी एकताका कुरा गर्नुको पनि कुनै अर्थ छैन । तर इतिहासमा बास बसिसकेका बासी सन्दर्भहरूलाई मूल्याङ्कनका मूल्यवान पातामा किस्ता-किस्ता गरी छाप्ने श्यामजीको कसरतलाई के भन्ने ? यसलाई सामयिक र सान्दर्भिक वौद्धिक अन्तर्क्रिया भन्ने कि बित्थाको अभिमानको झर्रो अभिव्यक्ति भन्ने ? मूल्याङ्कनका अतीतकालीन यस्ता अनेकौं सन्दर्भहरूलाई समेत दृष्टिगत गरी यो प्रकाशन आफ्ना दुई मूल उद्देश्यबाट कतै विचलित पो हुन लागिरहेको हो कि भन्ने चिन्ता मैले आफ्नो टिपोटमा प्रकट गरेको थिएँ । के अन्तर्क्रिया र बहस गर्नका निम्ति हामीसित अब सामयिक, सान्दर्भिक र जीवित विषयहरू नै रहेनन् ? संसदीय वृत्तभित्रका अतीतकालीन मुर्दा विषयहरूमा यसरी कुसमयमा किस्ता-किस्ता गरी असान्दर्भिक रुपले पौठेजोरी खेल्नु बित्थामा कागत रङ्गाउने कसरत मात्र त होइन ?

२४ मंसिर २०५२  
चाबहिल, काठमाडौं

**यो छलफलका सामग्रीहरूमा भएका ढिलाइहरू**  
**प्राविधिक कारणले भएका ढिलाई हुन्,**  
**ती कुनै नियतवश भएका होइनन् भन्ने कुरा हामी प्रष्ट पार्न चाहन्छौं ।**  
**'मूल्याङ्कन' आफ्ना मूल उद्देश्यहरूप्रति प्रतिबद्ध रहेको छ ।**  
**यसप्रति सतर्क गराइदिनु भएकोमा**  
**खगेन्द्र संग्रौलाप्रति हामी आभारी छौं- *मूल्याङ्कन***

## पाठकको कुरो

### *खगेन्द्र संग्रौलाको लेखबारे प्रतिक्रिया*

**भाद्र अंक समयमा नै पढ्ने मौका पाएँ । यसमा समावेश लेख रचनाहरु सान्दर्भिक र महत्त्वपूर्ण छन् । त्यसमा पनि खगेन्द्र संग्रौलाद्वारा प्रस्तुत "वाम सरकार कि वाम विसर्जन" अत्यन्तै समसामयिक लाग्यो । साम्यवाद हासिल गर्ने सवालमा वामपन्थीहरुले अप्नाउँदै आएको संशोधनवाद तथा विसर्जनवादले समाजलाई कसरी अधोगतितिर धकेल्छ र यो कति घातक छ भन्ने सवाललाई लिएर संग्रौलाले कडा रुपमा भण्डाफोर गरी हामी जस्ता तल्ला राजनीतिक चेतना भएका व्यक्तिहरुलाई सचेत हुन मद्दत गर्नुभएकोमा लेखकलाई धेरै धेरै धन्यवाद ! साथै यस्ता समसामयिक आलोचनात्मक सामग्रीहरु आगामी अंकमा पनि अपेक्षा गरेको छु ।**

*रमेश "गाउँले"*  
*सिद्धार्थमार्ग, भोटेपुल-८, धरान*

## पाठ्यसामग्री पसल

पाठ्य सामग्री पसल  
आगामी माघदेखि  
बागबजारबाट  
नेपाली जामे  
मस्जिद्  
घण्टाघरको  
भूईंतलामा  
सर्दैछ ।




वाम आन्दोलनसँग जुनसुकै रुपमा सम्बद्ध हर कोही व्यक्तिको वौद्धिक खुराक हो ।

पूर्णाङ्क ३३ मा समाविष्ट बेइजिङ विश्व-महिला सम्मेलनको सामग्री अत्यन्तै सान्दर्भिक छ भने ब्रुसेल्समा सम्पन्न कम्युनिष्ट एकताको प्रस्तावका कुराहरू गहनतापूर्वक वाम पार्टीहरूले लिनु जरुरी छ । इण्डोनेशियाको बारेमा दिइएको रिपोर्टले त्यसबारे आशा पलाउँदै सी.आई.ए. को चम्चा तानाशाह सुहार्तोप्रतिको घृणा झनै बढाएको छ । मूल्याङ्कनले क. चे ग्वेभाराको जीवनीका संघर्षमय घटनाक्रहरू निकै रोचकताका साथ प्रस्तुत गरेको छ । चन्द्रदेव नेपालीको नीति/संस्कृति स्तम्भमा उल्लिखित "गणेशले दूध खाएको" हल्लाप्रतिको सामग्री पनि कम मननीय छैन । यसबाट वामपार्टीहरूमा प्रशिक्षणको खाँचो देखिएको छ । राकस सरकारको बजेट र पचास दिनप्रतिको टिप्पणी पनि उपयुक्त लाग्यो ।

खगेन्द्र संग्रौलाको लेखको श्याम श्रेष्ठद्वारा दिइएको प्रत्युत्तर पूरै पढ्न भने अर्को अंक पर्खिनु पर्ने भयो, लेख गहन छ । देशका सम्पूर्ण प्रतिक्रियावादीहरूबीच एकता कायम गराई वामपन्थी शक्तिलाई कमजोर पार्न राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरू लागिपरेको वर्तमान सन्दर्भमा उनीहरूबीचमा विभाजन ल्याउन पनि सफल कुटनीति लिनु आवश्यक छ र त्यो केही मात्रामा भएको पनि छ । तर कुटनीतिको वहानामा एमालेले साँच्चिकै प्रतिक्रियावादी शक्तिसँग मिली सरकार बनाउने भन्ने सोच भने आत्मघाती हुनेछ र गौरवमय इतिहासमा पूर्णतः कालो धब्बा लाग्नेछ ।

अन्त्यमा, मूल्याङ्कन अझ परिमार्जित र परिष्कृत रुपमा पाठकहरूसमक्ष आउने कुराको अपेक्षा राख्दछु ।

*- नविनचन्द्र 'विप्लव'*
*सुकुना क्याम्पस, इन्द्रपुर, मोरंग*

मूल्याङ्कन पूर्णाङ्क ३३ मंसिर २०५२ सदाझैं सरसर्ती पढ्ने मौका पाएँ । समाजमा समानतामूलक मान्यता स्थापित गरी प्रगतिको बाटोमा समाजलाई डोऱ्याउन मूल्याङ्कन मासिकले निर्वाह गरेको भूमिका प्रशंसनीय एवं अनुकरणीय छ ।

अब पूर्णाङ्क ३३ लाई खोतलौं । यस अंकको सम्पादकीयले शान्तिको बर्को आडेर पूँजीवादी मुलुकहरूको स्तुतिगानमा नै समय बिताउने संयुक्त राष्ट्र संघ (यू.एन.ओ.) जस्तो अन्तर्राष्ट्रिय संस्थाको यथार्थ प्रष्ट्याई यस्ता संस्थाहरू सदैव निरीह मुलुकहरूको पक्षमा हुनुपर्ने कुरा व्यक्त गरेको छ । साम्राज्यवादी एवं चरम पूँजीवादीहरूको कठपुतली बन्ने हो भने साँच्चै कसका लागि चाहियो, संयुक्त राष्ट्र संघ ? महिला सम्मेलनमा पारित बेइजिङ घोषण-पत्र व्यवहारिक एवं महिलाहरूलाई समानतातर्फ उन्मुख गराउन सफल हुने खालको भएतापनि यो कुरा कार्यान्वयनमा मात्र भर पर्दछ । विश्व कम्युनिष्ट आन्दोलन सम्बन्धी लेखले अवश्य पनि कम्युनिष्ट एकतालाई अघि बढाउन सहयोग पुऱ्याउने छ । धारावाहिक रुपमा प्रस्तुत गरिएको विश्व क्रान्तियोद्धा क. चे ग्वेभाराको जीवनीबाट सबै कम्युनिष्टहरूले केही न केही सिक्नै पर्छ । श्याम श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको अन्तर्क्रियाले संग्रौलाजीका हठी तर्कहरूलाई बुँजो लगाइ दिएको छ । भारतीय कथाकार प्रेमचन्दको कथा, विज्ञान/प्रविधि सम्बन्धी लेख र पर्दा रंगमञ्च सम्बन्धी लेख पनि अध्ययनयोग्य नै छन् ।

नियमित पाठकको हैसियतले के सुझाव दिन चाहन्छु भने विज्ञान/प्रविधि, विश्लेषणात्मक रंगमञ्च, विश्वविख्यात समाजवादी साहित्यकारहरूको जीवनी र साथै नेपालकै प्रगतिवादी साहित्यकार-हरूका मार्क्सवादी चिन्तनले ओतप्रोत भएका कविताहरू एउटा अंकमा कमसेकम एउटा चाहिं पढ्न पाउनु पऱ्यो । मूल्याङ्कन निरन्तर यात्रामा अगि बढिरहोस् ।

*-पूर्ब क्षितिज, सम्प्रतिः- शिक्षक,*
*श्री चेतना मा.वि., शिवगंज-९, झापा*

तपाईंको पत्रिकाले लाखौं गरीब-किसान, मजदूर, शोषित-पीडित बर्गको प्रतिनिधित्त्व गरी आवाज उठाइरहेको छ । तपाईंको पत्रिकाको लेखाइ र विचारको प्रस्तुती राम्रो छ । यो वामपन्थी विचारधाराको प्रतिनिधिमूलक पत्रिका हो र लाखौं गरीब र असहाय व्यक्तिहरूको प्रतिनिधि पनि हो । पत्रिकाको विकास गर्नु हामी सबै जनताको कर्तव्य हो । तर बिकासको कुरा गर्दा राजधानी बाहिरका कार्यकर्ताहरूको विचार, लेख, कविता र रचनाहरूलाई पनि स्थान दिनु भई प्रोत्साहित गर्नु हुने छ ।

मूल्याङ्कन पत्रिकाले देश र जनताको सेवा पाइरहने छ भन्ने आशा लिएको छु ।

*-भरतप्रसाद अधिकारी*
*जनकपुरधाम, भानु चौक भानु गली-१*

अप्ठ्यारा घुम्ती र मोडहरू पार गर्दै वौद्धिक जनमानसमा आफ्नो प्रभाव जमाउन सफल मूल्याङ्कन मासिकको मंसिर अंकलाई समयमै हेर्न पाएँ । समग्रतामा आपत्ति जनाउनु पर्ने ठाउँ देखिंन ।

परिवर्तनको क्षितिजमा पुग्नुभन्दा अगाडि बन्दुकको बल भन्दा पनि कलमको बल ठूलो हुने भएकोले साहित्यलाई ओझेल पार्ने काम मूल्याङ्कन मासिकबाट नहोस् । यसको मतलव यसले साहित्यप्रति भने आँखा चिम्लिएको छैन । तर किन वर्तमान परिवेशमा 'पूँजीवादी साहित्य सप्रिरहेको छ ? किन प्रगतिशील साहित्यले गति लिन सकेको छैन, यस पछाडि के कारणहरू विद्यमान छन् ? यसलाई चिरफार गरी प्रगतिशील साहित्यमा मलजल गर्ने काम मूल्याङ्कनले गरोस् ।

मूल्याङ्कन मासिकले जुन संयुक्त गठबन्धन सरकारको बजेटलाई अप्रेशन गर्ने कार्य गऱ्यो, यो प्रशंसनीय नै मान्नु पर्छ । तर यस बजेटको चिरफार अर्थशास्त्रीहरूको माध्यमबाट गरी जनसमक्ष राख्न सकेको भए भात तरंकारीको साथमा यसले अचारको भूमिका पनि निर्वाह गर्ने थियो । आगामी दिनहरूमा यस्ता पक्षहरूमाथि प्रकाशनपूर्व ध्यान पुगोस् । यही शुभकामना

*-कैलाशकुमार शिवाकोटी*
*बयरबन-९ मोरङ्ग*

जनप्रिय, जनमुखी विचारप्रधान पत्रिका मूल्याङ्कनको म नियमित पाठक हुँ ।

फरक विचार राख्नेहरूमाथि सामाजिक, आर्थिक, भौतिक र मानसिक प्रताडना आदि थोपरीरहेको पूँजीवादी समाजको विरुद्धमा र मेहेनतकश श्रमजीवी समुदायको न्याय स्वतन्त्रता र सम्पन्नताको लागि पछि लाग्ने समुदायको पक्षमा यहाँको योगदान सऱ्हानीय छ । पत्रिका आफैंमा स्तरीय छ र मानसिक खुराकीयुक्त छ । यति राम्रो पत्रिका हुँदा हुँदै पनि यदाकदा सामान्य पाठकका लागि भाषा, अक्षरका साइज अलि नराम्रो भएको महसूस हुन्छ । अलि ठूलो अक्षर, सरल भाषा र विविध विधाको प्रयोग भएमा सुपाच्य र सहज रुपमा बुझ्न सकिने हुनेछ ।

पूर्णाङ्क ३३, मंसिर, २०५२ को अंकले पेश गरेका सामग्रीहरू, जस्तै "ब्रुसेल्समा अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताको निम्ति पारित महत्त्वपूर्ण प्रस्ताव", विश्व विख्यात क्रान्तिकारी क. चे ग्वेभाराको भूमिका छापामार संघर्षमा", "भारतको कम्युनिष्ट सम्मेलन" ले साम्यवादी धारका निराश पाठकमा थप उर्जा अवश्य थपेको छ । र, यस्तो सम्मेलन नेपालका विविध वामपन्थी खेमाका नेतृत्त्वबीच पनि चलाउन यस पत्रिकाले संयोजन गरेमा यसले पनि नेपाली कम्युनिष्ट आन्दोलनमा थप उर्जा प्रदान गर्थ्यो कि ? विचार माझ्ने थलो र प्रयोगलाई सिद्ध गर्नु पर्ने मञ्चको खाँचो यसले अवश्य पूरा गर्नेछ भन्ने आशाका साथ ।

*-"प्रेरित" लामिछाने*
*सिनामंगल, काठमाडौं ।*

नेपाली वाम जगतमा विशेष रुपले प्रसिद्ध मूल्याङ्कनको मंसिर अंक हात लाग्यो । विशेषतः अन्तर्राष्ट्रिय क्षेत्रमा केन्द्रित यो अंक अन्तर्राष्ट्रिय कम्युनिष्ट गतिविधिको बारेमा जानकारी दिन सफल भएको छ । विदेशी साहित्यकार एवं कम्युनिष्ट नेताहरूका रचना अनुवाद गरेर पाठकसामु पस्की दिएकोमा खुशी छु । साथै मूल्याङ्कनले वामपन्थी नेताहरूका व्यवहारिक जीवन सम्बन्धी कुरा प्रकाशित गरेमा राम्रो हुन्थ्यो कि ? विभिन्न चर्चित पार्टीहरूको कार्यशैली एवं नीतिहरूको बारेमा शीर्षस्थ नेताहरूको माध्यमबाट अन्तर्क्रिया गरी प्रकाशित गरे अरु बढी जानकारी मिल्थ्यो कि ? यस अंकको अन्तर्क्रियामा श्याम श्रेष्ठको लेख अलि बढी लामो जस्तो लागे पनि राम्रो छ ।

*-प्रदीप घिमिरे*
*मुडिकुवा-४, पर्वत*

'मूल्याङ्कन विचार अन्तर्क्रियाको लागि देशकै प्रमुख पत्रिका सावित भएको छ ।

विकास एउटा परिवर्तनको निरन्तर प्रकृया हो । मूल्याङ्कनलाई पनि विकास गर्दै समयोचित बनाउँदै लैजानु सबै शुभेच्छुक पाठकको कर्तव्य हुन आउँछ होला कि ?

हालैका अंकहरूलाई दृष्टिगोचर गर्दा दर्शन र व्यवहारसम्बन्धी नीति-संस्कृति, जनजीवन र मनोविज्ञान जस्ता स्तम्भहरूलाई स्थायी स्तम्भको रुपमा राख्नु हुन अनुरोध छ ।

समय-समयमा समसामयिक विषयहरूमा कम्युनिष्ट पार्टीका नेता र पाठकहरूबीचको अन्तर्क्रिया भएमा पार्टीका दृष्टिकोणहरूमा स्पष्टता आउँछ कि ? यसले गर्दा जन समझदारी र चेतना विकसित भई विखण्डित पार्टीहरूबाट जनएकीकरण गर्न सघाउ पुग्ला कि ?

अन्तमा, लेखहरू स्पष्ट, छोटो र किटानीका साथ प्रस्तुत भएमा उपयुक्त होला कि ।

*-के.बी. पदमकस्तपुर*

कार्तिक अंकको प्रतीक्षामा टोल्हाएका पाठकहरूलाई कार्तिक महिनामा नै मंसिर अंक थमाइदियो- मूल्याङ्कनले, यसको लागि धन्यवाद ।

त्यसो त विषय वस्तुको चयनको हिसावमा मंसिर अंकलाई कम आँक्न मिल्दैन । खास गरी चर्चित रहेर पनि ओझेर परेको "बेइजिङ्ग महिला सम्मेलन" प्रतिको विश्लेषणात्मक लेख र ब्रुसेल्सको "अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एक्ताको लागि प्रस्ताव" नामक ब्रुसेल्स घोषणा पत्र महत्त्वपूर्ण, समसामयिक र गहन छन् । विशेषतः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको समीक्षात्मक मूल्याङ्कनको लागि फरक-फरक वौद्धिक रुझान राख्ने व्यक्तित्त्व वा फाँटहरूमा पुग्ने जमर्को मूल्याङ्कनले गर्नुपर्छ भन्ने मेरो व्यक्तिगत आग्रह हो ।

खगेन्द्र संग्रौला यद्यपि बरिष्ठ मार्क्सवादी साहित्यकारमा गनिनु हुन्छ । तर प्रायःजसो उहाँ मनोगत आग्रहले प्रेरित भएर घटनाक्रमहरूको यथार्थ र सटीक मूल्याङ्कनमा चुक्नु हुन्छ, अथवा कन्जुस्याईं गर्नु हुन्छ । यस बारेमा श्याम श्रेष्ठज्यूको अन्तर्क्रिया महत्त्वपूर्ण र गहन छ ।

साहित्यको खुराक सोचे जस्तो पस्कने शाहस गरेन मूल्याङ्कको यस अंकले पनि । आउँदा अंकहरूमा क्रमशः समसामयिक कविताहरूलाई प्राथमिकता दिन पर्ला कि ? तैपनि प्रेमचन्दज्यूको कथा नेपाली परिवेशहरूमा भिजेको दरिद्रताप्रति मेल खाएको देखिन्छ । आवश्यकीय रहेर पनि "यित्ज्याक रबिन" प्रतिको आलेख साँघुरिएर आयो । त्यस्तै बजेटको अप्रेशन ज्यादै छाटो भएपनि "सामाजिक सुरक्षा" यो शब्दावलीको स्पष्ट अर्थ अगाडि ल्यायो- मूल्याङ्कनले, यसको लागि धन्यवाद । राजेन्द्रप्रसाद अधिकारीले खास गरी शिक्षण संस्थाहरूको चुनौतीपूर्ण कुरा उठाउनु भएको छ । प्राज्ञिक क्षेत्रहरूले यसलाई स्वीकार नगर्ने हो भने साँच्चै शिक्षण संस्थाप्रतिको सामाजिक दृष्टिकोण बदलिन सक्छ ।

अन्तमा, मूल्याङ्कन परिवारकै सकृयतामा हामीले निकै अगाडिदेखि आशा गरेको "नवयुवा" प्रकाशित हुन लागेछ, यसको लागि शुभकामना र बधाई समेत मूल्याङ्कन परिवारलाई !!

*-दीपक शर्मा "विवश"*
*रगनी ओखलढुंगा, हाल काठमाडौं*


# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

**MULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८ : ०३९/४० म.क्षे.हु.द.नं. १२/०५०/५१

स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ महिला डाक्टरहरुद्वारा सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।
२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।
३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर- ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।